# रातो खबर

Ratokhabar weekly

साप्ताहिक

वर्ष ४, अङ्क ३७, पूर्णाङ्क १८३ | २०७५ फागुन २९ गते बुधबार | Wednesday, 13 March 2019 | www.eratokhabar.com | मूल्य रु. १०


## मानव तस्करी रोक्न चेतावनीस्वरूप बम विस्फोट

**काठमाडौँ ।** नेपाल कम्युनिस्ट पार्टी निकट युवा सङ्गठनले नेपालका युवाहरूलाई विदेश पठाउने नाममा ठगीधन्दा गरेको भन्दै चेतावनीस्वरूप वैदेशिक रोजगार व्यवसायी सङ्घका अध्यक्ष रोहन गुरुङको घरमा बम विस्फोट गरिएको बताएको छ । मेनपावरले लाखौँ नेपाली युवाहरूलाई विदेश पठाउने नाममा ठगी गरेको, ती युवाहरू विदेशका गल्लीहरूमा अलपत्र पर्ने गरेको र कतिपयको ज्यानसमेत जाने गरेको भन्दै चेतावनीस्वरूप बम विस्फोट गरिएको युवा सङ्गठनले बताएको छ ।

विदेशमा अलपत्र परी नेपाल फर्कने युवालाई राहत दिनुको साटो तनाव दिने गरेको भन्दै चेतवानीस्वरूप मेनपावरका अध्यक्षको घरमा बम विस्फोट गर्नुपरेको युवा सङ्गठनको दाबी छ । काठमाडौँको बसुन्धरास्थित वैदेशिक रोजगार व्यवसायी सङ्घका

बाँकी पृष्ठ ७ मा

# फागुन ३० गते नेपाल बन्द

## फासिवादी दमनको विरोध गर्न आह्वान

■ अम्बिका चन्द/काठमाडौँ

नेपाल कम्युनिस्ट पार्टीले यही फागुन ३० गते नेपाल बन्दसहित आमहडताल घोषणा गरेको छ । नेपाल सरकारले नेकपाविरुद्ध सर्च अभियान सञ्चालन गरेको, कपिलवस्तुमा प्रहरीले गोली चलाई एकजना सर्वसाधारणलाई घाइते बनाएको, रोल्पा, कालीकोट, चितवनलगायत जिल्लाहरूमा अप्रेसन सञ्चालन गरी चरम दमन चलाएको भन्दै नेकपाले विभिन्न कार्यक्रम साथै आमहडतालसहित नेपाल बन्द घोषणा गरेको उक्त पार्टीका महासचिव विप्लवले फागुन २४ गते विज्ञप्ति जारी गरी जनाएका छन् ।

महासचिव विप्लवले विज्ञप्तिमा भनेका छन्, 'केपी–प्रचण्ड सरकारले केही समयदेखि देशभर फासिस्ट दमन अभियान तीव्र बनाएको छ । दमनका क्रममा २३ गते बिहान ५ बजे कपिलवस्तु शिवराज नगरपालिका वडा नं ९ को अञ्चलपुरका युवा दुर्गाबहादुर रोकालाई घरबाट समातेर चौकीमा पुर्‍याई पुनः सुन्दरीडाँडा जङ्गलमा लगेर गोली हानी घाइते तुल्याएको छ भने देशभरिबाट केन्द्रीय सदस्य कमरेड बन्धु चन्द, किसान सङ्गठनका अध्यक्ष राजु कार्कीसहित सयौँजना नेता-कार्यकर्तालाई गिरफ्तार गरेको छ । गाउँगाउँमा सङ्कटकालकै जसरी छापामार्ने, गिरफ्तार गर्ने, यातना दिने, झूट्टा मुद्दा





नेपाल कम्युनिस्ट पार्टी
Communist Party of Nepal
केन्द्रीय समिति
Central Committee
प्रेस-विज्ञप्ति

लगाउने कार्य गरिरहेको छ । हाम्रो पार्टी यो रक्तपिपाशु दमनको घोर भर्त्सना गर्दछ साथै घाइते कमरेड दुर्गा रोकाको शीघ्र स्वास्थ्यलाभको कामना गर्दछ । यी सम्पूर्ण राज्यआतङ्क, दमन, गोलीकाण्ड, गिरफ्तारी, झूट्टामुद्दाप्रति सबै राजनीतिक शक्ति, मानवधिकार, नागरिक समाज, बुद्धिजीवीको ध्यान जाओस् भन्ने आग्रह गर्दछौँ ।'

वर्तमान सरकारले देशव्यापी रूपमा चलाएको दमनका विरुद्ध आयोजना

बाँकी पृष्ठ ७ मा

## भ्रष्ट दलालहरू नेपालबाट लखेट्छौँ नेता : पुन

■ रातो खबर संवाददाता/रुकुम

नेपाल कम्युनिस्ट पार्टीका केन्द्रीय सदस्य चिरन पुन 'मिलन' ले वर्तमान सामाजिक दलाल पुँजीवादी सत्ताले राष्ट्रघात, जनघात, हत्या, हिंसा, जनविरोधी काण्डैकाण्डहरूको बीचबाट नेपाली जनतालाई सताइरहेकाले यसका विरुद्ध सम्पूर्ण नेपाली जनसमुदाय एकताबद्ध भई एकीकृत जनक्रान्तिमा सामेल हुनुपर्ने बताएका छन् ।

उनले निगम पुँजीवाद जकडिएको नेपालको अर्थतन्त्रलाई वैज्ञानिक समाजवदामा रूपान्तरण गर्न सम्पूर्ण राष्ट्रवादी, देशभक्त, सुरक्षाकर्मी, कर्मचारी, किसान, मजदुर र मध्यमवर्गलाई आफ्नो पार्टीले अगाडि सारेको एकीकृत जनक्रान्तिमा लामबाद्ध हुन अपिल पनि गरेका छन् ।

नेता पुनले कुकुरको समेत कर उठाउने यो सरकारका भ्रष्ट प्रतिनिधिहरूलाई गाउँगाउँबाट लखेट्दै जनसरकार सक्रिय पारी अगाडि बढ्ने पनि बताए । रुकुम पश्चिमको त्रिवेणी गापा १० स्थित प्युघामा सङ्गठन सुदृढीकरण तथा विस्तार अभियानका क्रममा सहिद भीमबहादुर रावलको २० औँ स्मृतिसभा भव्यताका साथ सम्पन्न भएको भएको छ । कार्यक्रममा विशेष

... बाँकी पृष्ठ ७ मा

## कपिलवस्तु घटनाबारे नेकपाको आपत्ति, दमन नरोकिए सङ्घर्ष गर्ने चेतावनी

■ रातो खबर संवाददाता/काठमाडौँ

नेपाल कम्युनिस्ट पार्टीले कपिलवस्तुको शिवगढी घटनाप्रति निन्दा एवम् भर्त्सना गरेको छ । नेकपा लुम्बिनी ब्युरोका इन्चार्ज वीरजङ्गले बिहीबार प्रेसविज्ञप्ति जारी गर्दै कपिलवस्तुको शिवगढी- ९ मा गृह प्रशासनले पार्टी महासचिव विप्लवलगायत दर्जनौँ स्थानीय जनताको घरमा अनावश्यक खानतलासी गर्दै स्थानीय दुर्गाबहादुर रोकालाई गिरफ्तार गरी गोली हानिएको घटनाप्रति घोर निन्दा एवम् भर्त्सना गरेका हुन् ।

इन्चार्ज वीरजङ्गले सर्वसाधारण जनतामाथि जघन्य क्रियाकलाप गरी झूट्टा मुद्दा लगाउने प्रपञ्च नगर्न गृह प्रशासनलाई चेतावनी दिँदै स्थानीय दुर्गाबहादुर रोकाको घरमा भेटिएको भनिएको हतियार पार्टीको नभई प्रहरीले रोकालाई जबर्जस्ती थमाएर षड्यन्त्रमूलक ढङ्गले फसाउन खोजेको बताएका छन् ।



विज्ञप्तिमा भनिएको छ, 'रोकाको घरमा भेटिएको भनिएको उक्त हतियार पार्टीको नभएको जानकारी गराउँछौँ र यो घटना प्रहरीले आफ्नो हतियार जबर्जस्ती थमाई षड्यन्त्रमूलक ढङ्गले फसाउने कुनियतबाट प्रेरित रहेको स्पष्ट गर्न चाहन्छौँ । हामी गिरफ्तार गरिएका घाइते रोकालाई तत्काल रिहा गर्न अपिल गर्दछौँ । प्रहरीले सर्वसाधारण जनतामाथि यस्ता जघन्य क्रियाकलाप गरी झूट्टा मुद्दा लगाउने प्रपञ्च गरेकाले खारेज गर्न चेतावनी दिन चाहन्छौँ ।'

घाइते रोकालाई तत्काल

... बाँकी पृष्ठ ७ मा

## सरकार सामाजिक फासिवादको बाटोमा : सुदर्शन

### गिरफ्तार नेता–कार्यकर्ताको रिहाइका लागि आवाज उठाउन आह्वान

■ रातो खबर संवाददाता/काठमाडौँ

नेपाल कम्युनिस्ट पार्टीका स्थायी समिति सदस्य तथा मध्य केन्द्रीय कमान्ड इन्चार्ज हेमन्तप्रकाश ओली 'सुदर्शन' ले वर्तमान सरकार सामाजिक फासिवादको अभ्यासमा लागेको बताएका छन् । बुधबार विज्ञप्ति जारी गर्दै उनले वर्तमान केपी-पीके सरकार बहुराष्ट्रिय निगमको दलालीमा अझ राम्रोसँग लागेको र नेकपाका नेता-कार्यकर्तामाथि रेबिज सल्केझैँ बेहिसाब झम्टन थालेको बताएका छन् ।

स्थायी समिति सदस्य सुदर्शनले अखिल नेपाल किसान महासङ्घ क्रान्तिकारीका केन्द्रीय अध्यक्ष राजु कार्की, पूर्वविद्यार्थी नेता केदार खतिवडालगायत देशैभरबाट गिरफ्तार गरिएका पार्टीका नेता तथा कार्यकर्ताको शीघ्र रिहाइको माग गर्दै यसका लागि जोडदार आवाज उठाउन नागरिक समाज, मानवअधिकारवादी सङ्घसंस्था, क्रान्तिकारी राजनीतिक पार्टीहरू र मुख्य गरी न्यायप्रेमी जनसमुदायसँग अपिल गरेका छन् ।

सुदर्शनको विज्ञप्तिको पूर्ण पाठ यसप्रकार रहेको छ :

'यतिबेला सामाजिक फासिवादको अभ्यासमा व्यस्त हुन थालेको केपी-पीके सरकार बहुराष्ट्रिय निगमको दलालीमा अझ राम्रोसँग लागेको छ । रेबिज सल्केझैँ बेहिसाब झम्टन थालेको छ । उसको बेहोस झम्टाइमा हाम्रो पार्टी नेपाल कम्युनिस्ट पार्टीका नेता-कार्यकर्ता र जनता पर्न थालेका छन् । पीके दाहाल र रामबहादुर थापाले हिजो जनयुद्धको प्रक्रियामा यी नेता, कार्यकर्ता र जनताले तत्कालीन सरकारको रेबिजग्रस्त झम्टाइबाट बचाएको भुसुक्कै बिर्सेका छन् । यो रेबिजग्रस्त झम्टाइमा यही फागुन २१ गते अखिल नेपाल किसान महासङ्घ क्रान्तिकारीका केन्द्रीय अध्यक्ष राजु कार्की र फागुन २२ गते पूर्वविद्यार्थी नेता केदार खतिवडा पर्नुभएको छ । उहाँहरू दुवैजनालगायत देशैभर गिरफ्तार पर्नुभएका नेता तथा कार्यकर्ताको शीघ्र रिहाइका लागि जोडदार आवाज उठाउँदै नागरिक समाज, मानवअधिकारवादी सङ्घसंस्था, क्रान्तिकारी राजनीतिक पार्टीहरू र मुख्यतः आदरणीय न्यायप्रेमी जनताको ध्यानाकर्षण गर्न चाहन्छौँ ।'

## नागरिकको मौलिक हकको गम्भीर उल्लङ्घन भयो– भण्डारी



■ रातो खबर संवाददाता/काठमाडौँ

जनअधिकार अभियान नेपालले राजनीतिक आस्थाका आधारमा नेकपाका नेता-कार्यकर्ता र सर्वसाधारणसमेतलाई देशैभरबाट सरकारद्वारा पक्राउ गर्ने, झूट्टा मुद्दा लगाई बन्दी बनाउने र यातना दिने क्रम बढ्दै गएको जनाउँदै ध्यानाकर्षण भएको बताएको छ । जनअधिकार अभियान नेपालका अध्यक्ष एकराज भण्डारीले शुक्रबार प्रेस वक्तव्य प्रकाशित गर्दै 'सरकारको कामकारबाहीका कारण जुनसुकै राजनीतिक आस्था र विचार राख्न पाउने र सम्मानपूर्वक बाँच्न पाउने नागरिकको मौलिक हकको गम्भीर रूपमा उल्लङ्घन भएको' बताएका छन् ।

उनको विज्ञप्तिमा भनिएको छ, '२०७५ साल फागुन १७ गते राती १०:०० बजेको समयमा सिन्धुपाल्चोक जिल्लाको साँगाचोकबाट १७ जनाको सङ्ख्यामा रहेका नेपाल कम्युनिस्ट पार्टीका जिल्लास्तरीय नेता-कार्यकर्तालाई नेपाल सरकारका सुरक्षाकर्मीद्वारा पक्राउ गरी जिल्ला प्रहरी कार्यालय सिन्धुपाल्चोकको हिरासतमा राखी यातना दिएको विषय विभिन्न सञ्चारमाध्यममार्फत सार्वजनिक भएकोमा जनअधिकार अभियान नेपालको ध्यानाकर्षण भई मिति २०७५।११।२३ गते जिल्ला प्रहरी कार्यालय सिन्धुपाल्चोक पुगी इन्द्रबहादुर (रञ्जित) ठकुरीसहित हिरासतमा रहेका १७ जना आस्थाका बन्दीहरूसँग भेटी उनीहरूको अवस्थाका

बाँकी पृष्ठ ७ मा

## सशस्त्र सङ्घर्षसम्बन्धी दृष्टिकोण

देश/परिवेश

■ विप्लव



सशस्त्र सङ्घर्ष राजनीतिक सङ्घर्षको उच्चतम अभिव्यक्ति हो । कम्युनिस्टहरूले पहल र सञ्चालन गर्ने सशस्त्र सङ्घर्ष वर्गसङ्घर्ष र राजनीतिक सङ्घर्षको उच्चतम् अभिव्यक्ति हो । मालेमावादी दृष्टिकोणमा राजनीतिक क्रान्ति उत्कर्ष पुग्दै गर्दा त्यसले सशस्त्र सङ्घर्षको चरित्र ग्रहण गर्दछ । यो कुनै विद्रोही शक्तिको कारणले नभई पुरानो सत्ताले सञ्चालन गर्ने हिंसात्मक दमनका कारणले पैदा हुन्छ । राज्यको सशस्त्र दमनको अवरोधलाई तोडेर जनतालाई विजयी बनाउन सशस्त्र सङ्घर्ष व्यक्तिको इच्छाभन्दा स्वतन्त्र वस्तुगत आवश्यकता बन्न पुग्छ । जनयुद्धको अवधिसम्म क्रान्तिको यो चरित्रबारे प्रचण्ड-बाबुरामले प्रस्ट दृष्टिकोण प्रस्तुत गरेका थिए । उनीहरूले सशस्त्र सङ्घर्षमा यतिसम्म जोड दिएका थिए कि जसले सशस्त्र सङ्घर्ष मान्दैन, त्यो कम्युनिस्ट नै हुन सक्दैन ।

राज्यसत्ता परिवर्तनमा सशस्त्र सङ्घर्षको महत्त्वबारे मार्क्स-एङ्गेल्सले सुव्यवस्थित धारणाको निर्माण गर्नुभयो । यस सन्दर्भमा मार्क्सले, "हामीले आधुनिक समाजभित्र कमबेसी छद्म रूपमा रहेको गृहयुद्धलाई त्यो स्थानसम्म हेर्दै गयौँ जहाँ त्यो खुलमखुल्ला क्रान्तिमा परिणत हुन्छ र सर्वहारावर्गले बल-प्रयोगद्वारा बुर्जुवावर्गलाई हटाएर आफ्नो सत्ता कायम गर्दछ", (मार्क्स-एङ्गेल्स सङ्कलित रचनाहरू, पृ. ६०) भन्नुभयो । तर १९ औँ शताब्दीको अन्त्यमा संशोधनवादका पिता बर्नस्टिनले मार्क्स-एङ्गेल्सको विचारमा संशोधन गर्दै बल-प्रयोगको सट्टा शान्तिपूर्ण सङ्क्रमणको सिद्धान्त अगाडि सारे । त्यसले सर्वहारा आन्दोलनमा ठूलो भ्रम सिर्जना गर्‍यो । केही देशका मजदुर सङ्गठनहरूले बर्नस्टिनवादको अनुशरण गर्ने र पुँजीपतिवर्गसँग मिलेर स्वयम् मजदुरवर्गमाथि दमन गर्ने अक्षम्य अपराधसमेत गरे । त्यसलाई सशक्त प्रकारले खण्डन गर्ने काम लेनिनले गर्नुभयो । उहाँले वैज्ञानिक समाजवादी क्रान्तिमा संशोधनवादको विषाक्त प्रभावलाई सशक्त प्रकारले चिरिदिनुभयो । त्यसक्रममा लेनिनले, "सशस्त्र क्रान्तिबेगर सर्वहारा राज्यद्वारा पुँजीवादी राज्यलाई स्थानापन्न गर्न सकिँदैन । सर्वहारा राज्यको उन्मूलन अर्थात् जुनसुकै राज्यको पनि उन्मूलनचाहिँ विलोपको मार्गबाट सिवाय अरू कुनै किसिमले पनि असम्भव छ", (राज्य र क्रान्ति, लेनिन, वर्ग-विभाजित समाज र राज्य, पृ. २३) भन्नुभयो । सोही विचारअनुरूप नै लेनिन-स्टालिनले रुसमा अक्टोबर

... क्रमशः पृष्ठ ३ मा

## सम्पादकीय

# प्रचण्ड र सीके राउत एकै !

फागुन २४ गते महिलाहरू अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको कार्यक्रममा व्यस्त थिए। अखिल नेपाल महिला सङ्घ क्रान्तिकारीले काठमाडौँको भोटाहिटीमा कार्यक्रम गर्ने क्रममा प्रहरीले हस्तक्षेप गरी महिला नेताहरू गौरा धामी, विमला शेर्पा, रुक्मिणी पुडासैनी, उषा भुजेल र अन्य दुईजना पुरुष नवीन बिष्ट र सुरेश अधिकारीलाई गिरफ्तार गरेर दरबार मार्गमा लगिराखेको थियो। ठीक त्यही समयमा राष्ट्रिय सभागृहमा 'समाजवादी गणतन्त्र' का प्रधानमन्त्री केपी शर्मा ओली र उनको पार्टीका अर्का अध्यक्ष पुष्पकमल दाहाल, गृहमन्त्री रामबहादुर थापाहरू चन्द्रकान्त राउत (सीके राउत) लाई अँगालो हाल्दै थिए। सीके राउतको प्रशंसा गरेर ओली भाषण छाँट्दै थिए। मञ्चमा पुष्पकमल, रामबहादुरहरू गजधम्म भएर ओलीको भाषणमा मन्त्रमुग्ध भएका थिए। त्यही क्रममा ओलीले जुँगामा ताउ लगाउँदै भनेका थिए, 'सीके राउतसँग एउटा यस्तो अद्भुत क्षमता देखेँ त्यस्तै अद्भुत क्षमता मैले कमरेड प्रचण्डमा देखेको थिएँ।' ओलीले यसो भनिरहँदा पुष्पकमल दाहालको अनुहारमा एकाएक रुन्चे हाँसो देखापरेको थियो। उनलाई लाज लाग्यो कि ग्लानि भयो अनायासै मुख छोपे।

फागुन २३ गते अदालतको आदेशमा छुटेका सीके राउत जेलबाट सीधै बालुवाटार प्रधानमन्त्रीलाई भेट्न गएका थिए। त्यहाँ गृहमन्त्री रामबहादुर थापा पनि थिए। त्यसैको फलस्वरूप भोलिपल्ट राष्ट्रिय सभागृहमा ११ बुँदेमा सीके राउत र रामबहादुर थापाका बीचमा हस्ताक्षर गरेर राजनीतिक सहमतिको मञ्चन गरिएको थियो। त्यही हस्ताक्षर कार्यक्रमको समापनमा सम्बोधन गर्दै ओलीले १० वर्षको जनयुद्धको नेतृत्व गरेका पुष्पकमल दाहाल र सिङ्गो मधेसलाई नेपालबाट अलग गरी स्वतन्त्र राष्ट्रको माग गरिरहेका सीके राउतलाई एउटै कोटीमा राखेका थिए। सीके राउतले स्वतन्त्र मधेसको नारा मात्र लगाएका थिएनन्, उनले छुट्टै राष्ट्रको हैसियतमा झन्डा बनाए, 'मधेस के राष्ट्रिय गान' बनाए। उनले तयार पारेको राष्ट्रिय गानमा थियो :

कोसी कमला गण्डक काली
जनक सीता बुद्ध धारी
अनन्त उर्वर मधेस जय
जय जय जय मधेस जय
सहस्र तलाव सरस मृणाली
सुलभ समृद्ध सतत् हरियाली
मनोरम महान् मधेस जय
जय जय जय मधेस जय
परित्राता परिपालक परम भवशाली
अजित अभिप आभा भारी
मेधावी महारथी मधेस जय
जय जय जय मधेस जय
जय जय जय मधेस जय

यति मात्र होइन, उनले मधेस भनी नक्साङ्कन पनि गरिसकेका थिए। त्यसैले सीके राउत उनको स्वतन्त्र मधेस सङ्गठनलाई पृथकतावादी भएको आरोप लगाइएको थियो। केपी ओली सरकारले समेत उनलाई पृथकतावादी भनेर धेरैपटक गिरफ्तार गरेको थियो। तर एकाएक नाटकीय रूपमा २४ गते उनी साजसज्जाका साथ प्रधानमन्त्रीलगायत सरकारका महत्वपूर्ण मन्त्रीहरूका साथमा राष्ट्रिय सभागृहमा देखापरेका थिए। त्यहाँ ११ बुँदे सहमति गरियो। त्यही दिन नै स्वयम् सरकार पक्ष पार्टीका नेताहरूले २ नम्बर बुँदालाई लिएर विरोध गरेका थिए। अहिले आएर नेपाली काङ्ग्रेस, सरकारी नेकपाका नेताहरू, बाबुराम भट्टराई, स्वतन्त्र व्यक्तित्वले विरोध गरिराखेका छन्। २५ गतेपछि त झन् उक्त सङ्गठनले सहमतिका पक्षमा जनकपुरमा विजय जुलुसमा देखाएको ब्यानर र भाषणले नेपाल झनै तरङ्गित हुन पुगेको छ। ब्यानरमा 'स्वतन्त्र मधेस जिन्दावाद !, अब कि बार, एक हि माँग जनमत सङ्ग्रहको एलान हो' लेखिएको थियो। प्रदर्शनकारीहरूले लिएको ब्यानरमा बुद्ध, गान्धी, अम्बेडकरलगायत व्यक्तिको फोटो राखिएको थियो। उक्त सहमतिलाई भारतीय खुफिया एजेन्ट रअ का सल्लाहकार भनेर चिनिने र सिङ्गापुरमा बसी दक्षिणएसियामा भारतीय पकड कसरी बनाइराख्ने भनी खोलिएको इन्स्टिच्युट फर डिफेन्स स्टडिज एन्ड एनालाइसिस चलाएका सुकदेव मुनीले समर्थन गरेका छन्।

यी तथ्यहरूले सरकार र सीके राउतका बीचमा भएको भनिएको ११ बुँदे सहमति राष्ट्रियता, राष्ट्रिय स्वाधीनता र सार्वभौमिकताका पक्षमा नरहेको सजिलै अनुमान लगाउन सकिन्छ। एक त एकाएक सहमति हुन पुग्यो। यसअघि केपी ओली सरकारले गठन गरेको उच्चस्तरीय राजनीतिक वार्ता टोलीले सार्वजनिक रूपमा नै सीके राउत विखण्डनकारी भएकाले ऊसँग वार्ता हुँदैन भन्दै आएको थियो। दोस्रो सीके राउत जेलबाट छुट्नेबित्तिक्कै, १२ घण्टा नपुग्दै वार्ता र सहमति पनि भयो। तेस्रो सहमतिको बुँदा २ लाई लिएर सीके राउतले जनमत सङ्ग्रह भने केपीले जनअभिमत भने। चौथो कुरा मधेसमा भएको सभा र जुलुसमा जनमत सङ्ग्रहका पक्षमा विजय जुलुस र सभा भए। यसले यो सहमतिप्रति प्रशस्त शङ्का गर्ने ठाउँ देखाएको छ। तर केपीले बोल्दा प्रचण्डलाई जसरी सीके राउतसँग दाँजे प्रचण्डको मानमर्दन त गरेकै छ साथै जनयुद्धप्रति पनि उनको खिसिट्युरी रहेको छ। त्यसैले केपी ओलीले गरेको सहमति र अभिव्यक्तिको चौतर्फी विरोध गर्नुपर्छ।

### लेखकहरूलाई सूचना

१. समसामयिक विषयका लेखरचना Preeti font मा टाइप गरेर ratokhabar@gmail.com मा पठाउनुहोला
२. अन्य सञ्चारमाध्यममा प्रकाशित वा प्रकाशनार्थ पठाएका रचना रातो खबरमा प्रकाशित गरिनेछैन कुनै पुस्तकमा प्रकाशित रचना नपठाउनुहोला
३. १२ देखि १५ सय शब्द नबढाईकन रचना पठाउनु पर्नेछ अन्यथा छाँटकाट गर्न सकिनेछ
४. अप्रकाशित रचना फिर्ता गर्ने प्रावधान छैन
५. प्रकाशित रचनाको राजनीतिक, वैचारिक तथा वैयक्तिक जवाफदेही लेखकमै हुनेछ – रातो खबर साप्ताहिक

# वर्तमान सत्ता सङ्कट र एकीकृत जनक्रान्ति



**भरत बम 'रणवीर'**
नेता, नेकपा

प्रधानमन्त्री केपी वलीको पछिल्लो कथित राष्ट्रवादी छविको पर्दा हटेपछि देशमा नेतृत्वको सङ्कट देखापरिरहेको थियो। अहिले त्यो वस्तुतः सत्ताको सङ्कट थियो भन्ने सत्य स्पष्ट भएको छ। तर सत्ताधारीहरूले सङ्कटको हल भएको दाबी गरे पनि नेकपाले भने सङ्कट हल नभएको बताइरहेको छ। राष्ट्र र जनताको जीवनका घटनाक्रमहरूले नेकपाको विश्लेषण नै सही भएको देखाइदिएका छन्। त्यसैले के अहिलेको सत्ता सङ्कटमा छ ? छ भने समाधान के हो ? यसबारे छलफल आवश्यक छ। अब हामी मार्क्सको 'नयाँ क्रान्ति एक नयाँ सङ्कटको परिणामका रूपमा नै सम्भव हुन्छ' भन्ने भनाइ राखेर छलफलमा अगाडि बढौँ।

**सत्ता सङ्कटका सूचकहरू**

विगतमा कुनै समय 'संसारको व्याख्या हैन, मुख्य कुरा त्यसलाई बदल्नु हो' भन्ने मान्यता बोकेकाहरूको सरकार अहिले त देशको हालतको व्याख्या गरेको पशुपति शर्माको 'लुट्न सके लुट कान्छा' भन्ने गीतबाटै थरथरी काँप्न थाल्यो। यही लुटतन्त्रलाई बदल्ने मान्यतासहित नेकपाले जब नेपाल र नेपालीलाई लुटिरहेको एनसेलमाथि कारबाही गर्‍यो तब सरकार एनसेललाई कारबाही गर्नुको सट्टा विषयान्तर गरेर नेकपामाथि नै जाइलाग्यो र सङ्कटकालीन फासिवादी दमन गरिरहेछ। दिनहुँ केपीले अराजनीतिक धम्की दिइरहेका छन्। सडकमा लेखिएका नाराहरू मेट्दै दर्जनौँ कार्यकर्ता गिरफ्तार गरी चरम यातना दिएको छ। साथै रोल्पा, कपिलवस्तुको शिवगढी, कालीकोट, पूर्वी नेपाललगायत देशका कैयौँ ठाउँमा प्रहरी अप्रेसन चलाइरहेको छ। यही लुटतन्त्रका सहयोगी मिडियादेखि व्यक्ति र संस्थाहरू पनि नेकपामाथि नै आक्रमण गरिरहेका छन्। यो सरकार त पूर्वराजा ज्ञानेन्द्र नाचेपछि पनि तर्सिन थालेको छ। विकास निर्माण र समृद्धिको नारा दिएको यो सरकार कलाकार- धुर्मुस-सुन्तली र पत्रकार- रवि लामिछानेको अभियान (जो यिनीहरूका निजी पहल हुन्) सँगै हार्न थालेको छ। जहाँ सरकारको ठाउँमा कुनै कलाकार वा पत्रकारले विकास निर्माण र समृद्धिको नेतृत्व गरेको हास्यास्पद र लज्जाजनक तर्क गर्छन् अनि जनता तिनैलाई सहयोग गर्न विवश हुन्छन् त्यहाँ कसरी समृद्धि होला ? यो त केटाकेटीको नियतिभन्दा के अर्थमा फरक हुन्छ र ? खासमा ५ बर्से शासनादेशसहित गठित सरकार न जनताको आशा र विश्वास आर्जन गर्न सफल भएको छ, न त ५ वर्षसम्म टिक्नेमा आफैँ विश्वस्त हुनसकेको छ। राजपाले समर्थन फिर्ता लिएर सरकारको ओरालो यात्राको सङ्केत दिइसकेको छ। सरसर्ती हेर्दा सामान्यजस्ता लाग्ने यी घटनाक्रम सरकार तथा सत्ताका कमजोर आधार र सङ्कटका सूचक मात्र हुन्।

गहिरिएर हेर्ने हो भने शिक्षा र स्वास्थ्यको अवस्था के छ ? के यहाँ निजीकरण र व्यापारीकरण रोकिएको छ ? के उच्च शिक्षार्थ बर्सेनि ६२ हजारका दरले बिदेसिने विद्यार्थीको सङ्ख्या घटेको छ ? जब कि आजभन्दा ४ वर्ष अगाडि यो सङ्ख्या ३२ हजार मात्र थियो। यसरी एकजना विद्यार्थीको सरदर २० हजार डलरको हिसाबले अर्बौं रकम बिदेसिन्छ, के त्यो रोकियो त ? के बेरोजगार समस्या हल भयो ? अथवा दैनिक १५ सयका दरले बिदेसिने युवाहरू रोकिएका छन् ? अनि के ती विदेशमा रहेका ६० लाख युवाहरू वर्तमान व्यवस्था र नेतृत्वसँग आशावादी छन् ? के देशभित्रका जनता आशावादी छन् त ? के देशमा बढ्दो भ्रष्टाचारमा कमी आयो ? के भ्रष्टाचार नियन्त्रण गर्ने अख्तियार भ्रष्टाचारमुक्त छ ? के सरकारको विकल्प ठान्ने गैरसरकारी संस्थाहरूको विनासकारी सञ्जाल भत्केको छ ? के सरकार घोषित सन्तुलित अन्तर ष्ट्रिय सम्बन्ध कायम गर्न सफल छ ? छैन। यी कुनै पनि क्षेत्रमा सकारात्मक सङ्केत देखिएका छैनन्। आमजनताहरू सरकारी कथित समाजवादको भ्रमपूर्ण आशाको कमजोर त्यान्द्रोको सहारामा बडेमान करको भारीले थिचिएर एकपछि अर्को निरास हुँदै गएका छन्। यी पनि वस्तुतः सत्ता सङ्कटकै सूचक हुन्। अझै गहिरिएर मार्क्सवादी दृष्टिकोणवाट हेर्ने हो भने आर्थिक सङ्कटले पैदा गर्ने राजनीतिक क्रान्ति हो। आर्थिक क्रान्ति एक भ्रम हो जस्तो कि यो सरकार बनेसँगै अर्थमन्त्रीले श्वेतपत्रद्वारा देश आर्थिक सङ्कटमा रहेको जानकारी दिएका थिए तर यो एक वर्षमा अर्थतन्त्रमा कुनै सुधार आएको छैन, बरु व्यापारघाटा झन् बढेर झन्डै १० खर्ब पुगेको छ। आजभन्दा २ वर्षअघि अर्थात् चुनावभन्दा अगाडि नेपाललाई ३२ खर्ब विदेशी ऋण थियो र एकजना नेपालीलाई २४ हजार पर्थ्यो भने त्यो विदेशी ऋण झन् चुलिँदै गएको छ। अझै ऋण थप्न सरकार कथित 'अन्तर्राष्ट्रिय लगानी सम्मेलन' गर्दैछ। विश्वमा झैँ नेपालमा पनि धनी र गरिबको खाडल झन् बढ्दैछ। आर्थिक कारणले नै नेपालको सङ्घीय संरचना सङ्कटग्रस्त बन्दै गएको छ। सूदखोरीको नयाँ स्वरूपमा बैङ्कहरू बर्सातका च्याउजस्तै उम्रिए पनि ती सङ्कटग्रस्त छन्। वस्तुतः बैङ्कहरू टाट पल्टिँदैछन्, देशमा उत्पादन शून्य छ। देश विश्व वित्तीय पुँजी र उत्पादनको बजार मात्र बनेको छ। जनता त्यही बजारद्वारा नियन्त्रित दासजस्तै छन्। परिणामतः राज्यका हरेक घोषणाहरू कागजी मात्र हुन्छन्। जब घोषणाहरू लागू हुँदैनन्, जनता विरोध र विद्रोहमा उत्रिन्छन् तब सरकार भने फासिवादी दमनमा उत्रिन्छ। यसको जनप्रतिरोध अनिवार्य हुन्छ। यी दलाल पुँजीवादी अर्थनीतिका स्वाभाविक परिणाम हुन्। साथै गम्भीर आर्थिक सङ्कटका सूचक पनि जसले अनिवार्य रूपले एक राजनीतिक क्रान्तिको जन्म दिनेछ र दिनुपर्छ।

**सत्ता सङ्कटका कारणहरू**

सङ्कटको पहिलो कारण नेपाली जनमत कम्युनिस्ट हुनु तर यही जनमतद्वारा निर्वाचित पार्टी र सरकार कम्युनिस्ट नरहनु वा नहुनुको अन्तरविरोध हो। यो दार्शनिक रूपमा सार र रूपको अन्तरविरोध हो। अहिलेका कथित कम्युनिस्ट सारमा कम्युनिस्ट नै होइनन् किनकि उनीहरूले निजी स्वामित्व र पुँजीमा आधारित पुँजीवादी वर्गीय राज्यसत्तालाई स्वीकारेर सामूहिक स्वामित्व र पुँजीमा आधारित समाजवादी राज्यसत्ताको मान्यता परित्याग गरिसकेका छन्। यिनीहरू आफ्नो व्यक्तिगत नाफा र ज्यान रक्षाका लागि दलाली र अपराधको जुनसुकै हद पनि पार गर्न सक्छन्। तर यी रूप मात्रका कम्युनिस्ट हुन् किनभने नेपाली जनता कम्युनिस्टप्रिय छन् र यिनीहरूको जन्म कम्युनिस्ट मान्यताबाट भएको हो। त्यसैले चुनाव जित्न र जनता ठग्न मात्र कम्युनिस्ट नामको दुरुपयोग गरिरहेका छन्। सार र रूपका बीचमा वैज्ञानिक सम्बन्ध हुन्छ र हुनुपर्छ तर यहाँ त कुनै एक महान् आमाको पेट बढेको रूप हेरेर बच्चाको आशा गरेजस्तै भएको छ जब कि आमाको पाठेघरमा ट्युमर पैदा भएर बढेको पेटबाट बच्चा जन्मिन सक्दैन र स्वयम् ती आमाको ज्यानको रक्षाका लागि अप्रेसन जरुरी हुन्छ। आज कम्युनिस्ट रूपकी नेपाल आमाको गर्भमा दलाल पुँजीवादको ट्युमर बढेको छ जसबाट स्वस्थ बच्चा जन्मिँदैन बरु आमाको रक्षाका लागि एक अप्रेसनको आवश्यकता छ। सायद लेनिनले भनेका छन् 'पुरानो समाजको गर्भबाट कहिलेकहीँ स्वस्थ बच्चाको ठाउँमा कचेरा पनि जन्मिन्छ।' नेपालमा त्यस्तै भएको छ।

दोस्रो सङ्कटको कारण हो- सुधारवाद, सुधार र क्रान्तिको अन्तरविरोध। यसलाई दार्शनिक रूपमा मात्राबाट गुणमा परिवर्तनको नियम भनिन्छ। मानव समाजमा सुधारले मात्रात्मक र क्रान्तिले गुणात्मक परिवर्तनको प्रतिनिधित्व गर्छन्। नेपाली समाजमा गुणात्मक परिवर्तन अथवा क्रान्तिको आवश्यकता थियो र छ। सुरुआती चरणमा सबै राजनीतिक पार्टीहरूले त्यही क्रान्तिको नारा र आदर्शद्वारा देश र जनतालाई प्रशिक्षित गरे तर अन्तिम परिणाममा क्रान्तिको सट्टा सम्झौताद्वारा सुधारवाद हासिल गरे जसलाई क्रान्तिको नाम दिए। परिणामस्वरूपः परिवर्तनको प्रतिफल मुठीभर व्यक्तिहरूले उपभोग गरे भने बहुसङ्ख्यक जनता झन् समस्यातिर धकेलिए। उनीहरूसँग त सुधारिएको पुरानै राज्यले प्रतिशोध मात्र लियो र लिरहेको छ। परिणामतः सुधारवादका कारण सत्ताको सङ्कट हल हुने होइन, झन् चर्किँदै गएको छ।

सत्ता सङ्कटको तेस्रो कारण अन्तर्राष्ट्रिय शक्तिसँगको अन्तरसम्बन्ध र अन्तरविरोध हो। यसलाई दार्शनिक रूपमा समग्र र अंशको अवधारणाबाट पनि हेर्न सकिन्छ। तर यसलाई सरल भाषामा भन्दा सत्ता सङ्कटको एक महत्वपूर्ण कारक आजको भूमण्डलीय अर्थराजनीति, अन्तरनिर्भरता र अन्तरविरोध पनि हो। वास्तवमा अन्तर्राष्ट्रिय शक्ति केन्द्रहरूले हाम्रो देशमा निरन्तर आफ्नो चासो र स्वार्थ बढाइरहेका मात्र छैनन्, त्यसमा उनीहरू सफल पनि हुँदै गएका छन्। विगत कालदेखि नै नेपाल राज्य वा राजनीतिले हल गर्न नसकेको यो समस्या अद्यावधि कायमै छ। अहिले साम्राज्यवादलाई कम्युनिस्ट नाम मात्रको सरकार पनि पचेको छैन। ऊ नक्कली कम्युनिस्टद्वारा समग्र कम्युनिस्टहरूको बदनाम गरेर नष्ट गर्न चाहन्छ। त्यसैले विगतको भन्दा कैयौँ गुणा बढी अन्तर ष्ट्रिय हस्तक्षेप बढिरहेको छ भने त्यसको प्रतिरोध त्यसरी नै घटिरहेको छ। वास्तवमा नेपालको स्वतन्त्र अस्तित्व नै सङ्कटमा पर्दै गएको छ। यो सन्दर्भमा सीकेसँगको सम्झौता पनि खतरनाक रहेको छ। अन्तिम संश्लेषणमा आजको सत्ता सङ्कटको प्रमुख कारण भनेको नयाँ उत्पादक शक्ति (नयाँ चेतना र विज्ञानप्रविधिसहितको श्रमशक्ति अर्थात् नेपाली श्रमिक जनता) र पुरानो उत्पादन सम्वन्ध (दलाल पुँजीवादी उत्पादन सम्बन्ध जसको प्रतिनिधित्व वर्तमान राज्यसत्ताले गर्छ) बीचको अन्तरविरोध हो। जुन उत्पादन सम्बन्ध वा राज्यसत्ता समस्या र सङ्कटको कारक हो त्यसबाट मुक्ति भनेको त्यो राज्यसत्ताको अन्त्य हो। जो क्रान्तिभन्दा अन्य माध्यमबाट सम्भव हुदैन।

**सत्ता सङ्कटको परिणाम र समाधान हो– नयाँ क्रान्ति**

आज मानिसहरू एकातिर वर्तमान राज्य र नेतृत्वसँग सन्तुष्ट छैनन्, खुसी र आशावादी पनि छैनन्। यसको सोझो अर्थ जनताहरू विकल्पको खोजीमा छन् र विद्यमान स्थितिमा परिवर्तन चाहन्छन्। यो जनताको परिवर्तनको चाहना वा माग भनेको क्रान्तिको चाहना र माग हो। साथै विकल्प भनेको सत्तासङ्कटको अनिवार्य परिणामका रूपमा आउने क्रान्ति नै हो। यही वस्तुगत नियमअनुसार नै जनताहरू क्रान्तिप्रति आकर्षित त भइरहेका छन् तर केही प्रश्नहरूसहित जस्तो कि विगतमा झैँ फेरि क्रान्तिमा धोका हुँदैन भन्ने के ग्यारेन्टी ? अनि क्रान्ति अधुरै रहँदैन भन्ने के ग्यारेन्टी ? हो, जनताले त्यो ग्यारेन्टी खोजेका छन्, खोज्नु पनि पर्छ। त्यसैले नेकपाले विगतका क्रान्तिको असफलताबाट पाठ सिकेर नयाँ क्रान्ति अगाडि सारेको छ। यो क्रान्ति मात्र एक अर्को क्रान्ति होइन, यो जनयुद्ध २ त हुँदै होइन। न यो विगतको जनयुद्ध हो, न त जनविद्रोह नै हो। यो हो नयाँ एकीकृत जनक्रान्ति।

एकीकृत जनक्रान्ति जनयुद्ध र जनविद्रोहका सार्वभौमिक पक्षसहित समकालीन परिवर्तित समाजका नगर समाज, मध्यम वर्गको विकास, विज्ञानप्रविधिको विकास, मिश्रित नेपाली समाजको बनोट, राष्ट्रवादी धारा, दलाल पुँजीवाद, भूपरिवेष्ठितताजस्ता विशेषतालाई सम्बोधन गर्दै विकसित नेपाली क्रान्तिको नयाँ कार्यदिशा हो। यसरी मालेमाका सार्वभौमिक पक्षसहित उपरोक्त बदलिएका मानव समाजका नयाँ राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विशेषताका कारण संश्लेषित क्रान्तिको नयाँ कार्यदिशा एकीकृत जनक्रान्तिको पहिलो विशेषता हो- भौतिक विज्ञान र समाज विज्ञानलाई एकीकृत गर्ने जस्तो कि जसरी भौतिक विज्ञानमा स्टेफन हकिन्सको 'एकीकृत भौतिकीको सिद्धान्त' एक सापेक्ष पूर्ण सिद्धान्त हो ठीक त्यसरी समाज विज्ञानमा एकीकृत जनक्रान्ति एक सापेक्ष पूर्ण सिद्धान्तको विशेषतासहित अगाडि आएको छ। यसको दोस्रो विशेषता हो- जनता, सेना र विज्ञानप्रविधिलाई एकीकृत गर्ने जस्तो कि यो विचारको परिणाम हो- जनगणतन्त्र कोरिया जसले आजको साम्राज्यवादलाई चुनौती दिइरहेको छ। अझ हामी त त्योभन्दा अगाडि बढेर मात्र आजको क्रान्ति सफल पारेर प्राप्त गर्ने वैज्ञानिक समाजवादलाई टिकाउन सक्छौँ। रुसको जनविद्रोहसम्म जनता अगाडि, सेना पछाडि र चीनको जनयुद्धमा सेना अगाडि जनता पछाडिजस्तो हुँदै सम्पन्न भए। तर आज विश्वमा क्रान्ति सफल पार्न जनता, सेना र विज्ञानप्रविधि एकीकृत गर्नैपर्छ। एनसेल कारबाहीमा यही भएको हो।

यसको तेस्रो विशेषता हो- गाउँ र सहरलाई एकीकृत गर्ने जस्तो कि आज गाउँ र सहरको दूरी घटेको छ र नगरसमाजको विकास भएको छ। अब गाउँबाट सहर कि सहरबाट गाउँ कब्जा गर्ने ? यो बहसको औचित्य समाप्त भएको छ। यो कार्यदिशाको चौथो विशेषता हो- दीर्घकालीन जनयुद्धका तीन चरण र स्वरूपलाई एकीकृत गर्ने जस्तो कि यो नयाँ क्रान्ति प्रतिरक्षा र प्रत्याक्रमणजस्ता मूलतः दुई चरण हुँदै मध्यम दूरीमा सम्पन्न हुन्छ।

यसको पाँचौँ विशेषता हो- दुस्मनको घेरा साँघुरो पार्ने र मित्रहरूको घेरा फराकिलो पार्ने जस्तो कि नेपालमा दलाल पुँजीवादी प्रवृत्तिविरुद्ध आउने र विश्वमा अमेरिकी साम्राज्यवादविरुद्ध आउने सबै शक्तिलाई एकीकृत गर्ने, मध्यम वर्ग र राष्ट्रवादी शक्तिलाई मित्रशक्ति बनाउने, यहाँनेर आलोचकले भनेका छन् एकीकृत जनक्रान्तिले दुस्मन किटान गरेको छैन। चीन, कोरिया र क्युबालाई समाजवादी देश मानेको छ। यो नयाँ क्रान्तिको विशेषतालाई नबुझेर गरिएको आलोचना मात्र हो।

छैटौँ विशेषता हो- क्रान्तिलाई सरल बनाएर जनताको जीवनसँग गाँस्ने जस्तो कि क्रान्तिलाई जनताले आफ्नै जीवन भोगाइको उपज ठानून् र भविष्यको अनिवार्य आवश्यकता।

यसको सातौँ विशेषता हो- आजको असमान, अशान्त र असभ्य विश्वको विकल्पमा एक नयाँ समान, शान्त र सभ्य विश्व दिने।

क्रान्तिलाई मार्क्सले 'इतिहासको चालक वा इन्जिन र जनताका लागि उत्सव' भनेका छन्। वास्तवमा आजको मानव समाज क्रान्तिको उपज हो। आजको नेपालको सत्ता र शासक पनि क्रान्तिकै उपज हुन्, सङ्घर्ष, हत्या र हिंसाकै उत्पादन हुन्। तर जहिले पनि शासकले क्रान्तिलाई आतङ्कको परिभाषा दिन्छ। लुटपाटको सङ्ज्ञा दिन्छ। यसबाट जनता र क्रान्तिकारी भ्रमित हुनुहुदैन। देश र जनतालाई लुटेर विलासी र स्वर्गीय आनन्दको आफ्नो निजी जीवन बाँच्नेहरूलाई क्रान्तिले आतङ्कित पार्छ-पार्छ र पार्नैपर्छ। नेपालमा क्रान्तिले केपी, प्रचण्ड, देउवा, सुमार्गी, विनोद चौधरीलाई आतङ्कत पार्नैपर्छ। अहिले क्रान्तिबाट हतास भएर नै प्रधानमन्त्री केपी बर्बराउँदै जथाभाबी बोलिरहेका छन्। अनि उनीहरूले क्रान्तिलाई दिने आतङ्कको परिभाषाले जनता तर्सिनु हुँदैन, बरु एक नयाँ उत्सवका रूपमा अगाडि बढाउनुपर्छ। आज एकीकृत जनक्रान्ति जनताका लागि उत्सव र भ्रष्ट शासकका लागि आतङ्क बनेर अगाडि बढिरहेको छ।

अन्त्यमा, आजको सत्ता सङ्कटलाई बुझ्न मार्क्सको निम्नभनाइ राखौँ- 'एक कार्यकारी सत्ता छ जसको दुर्बलता नै उसको शक्ति हो...जसको पहिलो सर्त अलगाव हो...वीर नायक हो तर वीरत्वपूर्ण काम छैन... जसको एक मात्र चालक शक्ति क्यालेन्डर हो।' हो, आज तथाकथित वीर नायकहरूको सरकार र पार्टीको वीरत्वपूर्ण काम छैन, मात्र यसको चालक शक्ति क्यालेन्डर बनेको छ। परिणामतः देश र जनता एकपछि अर्को निरास हुँदै सत्तासङ्कटको भुमरीमा फस्दै गएका छन्। यही सत्ता सङ्कटको अनिवार्य परिणामका रूपमा एकीकृत जनक्रान्ति अगाडि बढिरहेको छ र जनताले त्यसलाई एक उत्सवका रूपमा आत्मसात गर्दै गइरहेका छन्। जसरी सत्ता सङ्कट अनिवार्य छ त्यसरी नै एकीकृत जनक्रान्ति अपरिहार्य छ। एकीकृत जनक्रान्तिले स्थापना गर्ने वैज्ञानिक समाजवाद नै आजको समस्या र सङ्कटको स्थायी सामाधान हो र हुनेछ।

पृष्ठ १ बाट क्रमशः

# सशस्त्र सङ्‌घर्षसम्बन्धी दृष्टिकोण

क्रान्ति सम्पन्न गर्नुभयो र महान् समाजवादी देशको स्थापना गर्नुभयो । त्यसपछि सशस्त्र सङ्घर्षलाई कम्युनिस्टहरूले विश्वभरि सर्वस्वीकार्य रूपमा प्रयोग गरे ।

माओले, "मजदुर आन्दोलनको समग्र इतिहासले के बताउँछ भने सशस्त्र सङ्घर्षलाई सर्वहाराक्रान्तिको सार्वभौमिक नियम मान्नु वा नमान्नु, पुरानो राज्ययन्त्रलाई चकनाचुर पार्नुपर्ने आवश्यकता स्वीकार गर्नु वा नगर्नु तथा पुँजीवादी अधिनायकत्वको ठाउँमा सर्वहारा अधिनायकत्व स्थापित गर्नुपर्ने आवश्यकता मान्नु वा नमान्नु सधैँ मार्क्सवाद-लेनिनवाद तथा अवसरवादका सबै रूपहरू बीचको विभाजन-रेखा हो", (माओ सङ्कलित रचनाहरू, भाग ५, चिनियाँ कम्युनिस्ट पार्टीको आठौँ केन्द्रीय समितिको दोस्रो पूर्ण अधिवेशनमा दिइएको भाषण, १५ नोभेम्बर सन् १९५६, पृ. २७४) भन्नुभयो । उहाँको यही दृष्टिकोणका आधारमा नै चीनमा नयाँ जनवादी क्रान्ति सम्पन्न भयो । स्टालिनको निधनपछि ख्रुश्चोभी संशोधनवादले पुनः 'शान्तिपूर्ण सङ्क्रमण' को नीति आगाडि ल्यायो । उसले पुरानै संशोधनवादी बर्नस्टिनको विचारलाई नयाँ रूपमा अगाडि सार्दै पुँजीवादबाट समाजवादमा शान्तिपूर्ण रूपले सङ्क्रमण हुन सक्ने तर्क गऱ्यो । त्यसलाई जोडदार रूपले प्रतिवाद गर्दै माओले "सशस्त्रबलद्वारा राज्यसत्ता कब्जा गर्नु, युद्धद्वारा समस्या सुल्झाउनु क्रान्तिको केन्द्रीय कार्य एवम् उच्चतम् रूप हो । क्रान्तिको यो मार्क्सवादी-लेनिनवादी सिद्धान्त चीनलगायत अन्य सबै देशहरूमा समान रूपले लागू हुन्छ" भन्नुभयो । माओकै सङ्घर्षका कारण ख्रुश्चोभी संशोधनवाद पर्दाफास हुन पुग्यो ।

नेपालका कम्युनिस्टहरूबीचमा क्रान्तिको चरित्र सशस्त्र या निःशस्त्र के हुनुपर्छ भन्ने बहस लामो समय चल्यो । तेस्रो महाधिवेशन वरिपरिसम्म पार्टीमा सशस्त्र सङ्घर्ष गर्नुहुँदैन भन्ने विचार हाबी हुन पुग्यो । खासगरी मनमोहन अधिकारी, केशरजङ्ग रायमाझी, तुलसीलाल अमात्यहरूले संशोधनवादी लाइन समातेर कम्युनिस्ट आन्दोलनलाई सङ्कटमा पार्ने कार्य गरेका थिए । झापा विद्रोहद्वारा यो प्रवृत्तिलाई समाधान गर्ने जमर्को गरिएको थियो तर सशस्त्र सङ्घर्षसम्बन्धी प्रस्ट दृष्टिकोण, तयारी र योजना नहुँदा त्यसका पहलकर्ताहरू नै नराम्रोसँग संशोधनवादको सागरमा डुब्न पुगे । पछि त्यो एमालेरूपी संशोधनवादको रूपमा झाङ्गिन पुग्यो । त्यसले नेपाली क्रान्तिलाई थप जटिलता पैदा गऱ्यो तर संशोधनवादी हावाविरुद्ध प्रचण्ड-बाबुरामहरूले सशक्त प्रकारले धावा बोले । एकखालले भन्दा संशोधनवादी बाँझो धर्ती फोर्ने कार्य गरे । उनीहरूले क्रान्तिमा सशस्त्र बल प्रयोग अनिवार्य हुन्छ र हुनुपर्ने भन्दै दीर्घकालीन जनयुद्धको कार्यदिशा निर्माण गरे । यसबारे प्रचण्डले लेखे, "आजको अन्तर्राष्ट्रिय परि स्थितिमा विकास भइरहेको वर्गसङ्घर्षको स्थिति र मालेमाको आधारभूत शिक्षाबाट के कुरा स्पष्ट छ भने सशस्त्र सङ्घर्षमा केन्द्रित नभई न क्रान्तिकारी पार्टीको विकास सम्भव छ, न वास्तविक जनक्रान्ति नै । आजको साम्राज्यवादी युगमा मालेमावादी हुनु भनेको सशस्त्र जनयुद्धमा लाग्नु हो", (प्रचण्ड, नेपाली क्रान्तिका समस्याहरू, भाग २, पृ. ६२) । उनले क्रान्ति र सशस्त्र सङ्घर्षको सन्दर्भमा मालेमावादी र संशोधनवादबीचमा रहेको फरकबारे स्पष्ट गर्दै उल्लेख गरेका छन्, "सङ्घर्षका रूपहरूको सञ्चालन सम्बन्धमा पनि क्रान्तिकारी मार्क्सवादीहरू तथा संशोधनवादीहरूका बीचमा आधारभूत रूपमा दृष्टिकोणको भिन्नता रहेको हुन्छ । क्रान्तिको सार्वभौम नियमका रूपमा हिंसात्मक क्रान्तिको अनिवार्यतालाई निरन्तर जनतामा प्रचार गर्नुपर्ने आवश्यकतालाई कुनै पनि शर्तमा रोक्न नहुने कुरामा मार्क्सवाद-लेनिनवाद-माओवादको जोड रहेको छ । सच्चा क्रान्तिकारीहरूले जनतालाई क्रान्तिका निमित्त तयार पार्ने पूर्वशर्तका रूपमा विद्यमान कानुन र व्यवस्था तोड्ने प्रकारका सङघर्षमा जोड दिन्छन् । लेनिन भन्नुहुन्छ,

'यो र ठीक यही हिंसात्मक क्रान्तिका धारणाको जनतामा व्यवस्थित रूपले प्रचारको आवश्यकता नै मार्क्स र एङ्गेल्सका सम्पूर्ण शिक्षाको सार हो ।' … स्टालिनले 'यस्तो क्रान्ति शान्तिपूर्ण ढङ्गले बुर्जुवा प्रजातन्त्रको सीमाभित्र, बुर्जुवाशासनको अनुकूल पूरा गर्न सकिन्छ भन्ने सोच्नुको मतलब हुन्छ या त उसको दिमाग खुस्किएर सामान्य मानवीय चेतना नै गुमाएको छ या सर्वहाराक्रान्तिको नाङ्गो र पूर्ण परित्याग गरिएको छ' भन्नुभएको छ", (पूर्ववत्, मार्क्सवाद-लेनिनवाद-माओवाद वा संशोधनवाद, पृ. ७२) । प्रचण्डले जनयुद्धको समयमा लेखे, "माओवादी पार्टीले नयाँ जनवादी क्रान्तिका लागि सर्वहारावर्गको राजनीतिक पार्टीको सङ्घर्षको प्रधान रूप युद्ध र सङ्गठनको प्रधान रूप फौज बनाएर लैजान अनिवार्य छ भन्दछ", (पूर्ववत्, भाग २, जनयुद्धको एक वर्ष र संशोधनवादका विरुद्धको सङ्घर्षको अनुभव, पृ. १६४) । उनको तर्कमा सशस्त्र सङ्घर्षको कुरा गरेर मात्र हुँदैन, त्यसको पहल गर्नु नै सच्चा कम्युनिस्ट हुनु हो ।

त्यही समयमा एमालेले बहुदलीय जनवादी कार्यक्रमद्वारा शान्तिपूर्ण तरिकाले कम्युनिस्टहरूले सत्ता प्राप्त गर्न सक्ने र हुन सक्ने हल्ला मच्चाइरहेको थियो । उसले सशस्त्र सङ्घर्षको विचार बोक्नेहरूलाई उग्रवादी, जडसूत्रवादी, समयलाई बुझ्न नसक्ने भन्ने आरोप लगाइरहेको थियो । एमालेको उक्त विचारलाई प्रचण्डले चिरफार गर्दै भने, "तर संशोधनवादीहरू हमेसा सङ्घर्षका शान्तिपूर्ण एवम् वैधानिक रूपहरूमा नै जोड दिन्छन् । आधुनिक संशोधनवादीहरू जो मार्क्सवाद-लेनिनवाद-माओवादका सार्वभौम सत्यबाट परिचित छन्, माओले भविष्यका लागि वा रणनीतिक हिसाबले त हिंसात्मक क्रान्तिको आवश्यकतालाई स्वीकार गरेको देखाउँछन् तर तात्कालिक व्यवहार एवम् कार्यनीतिक हिसाबले त्यसको अस्वीकार गर्दछन् । 'आज नगद भोलि उधारो' भनेझैँ संशोधनवादी तत्काल त शान्तिपूर्ण र वैधानिक आन्दोलनभन्दा अलिकति पनि बाहिर जान तयार हुँदैनन् तर भविष्यमा भने त्यसको आवश्यकतालाई स्वीकार गरेको देखाउँछन् । नेपालमा एमालेलगायत संशोधनवादीहरूले ठीक यही तरिका अपनाइरहेका छन्", (पूर्ववत्, भाग १, मार्क्सवाद-लेनिनवाद-माओवाद वा संशोधनवाद, पृ. ७२) । बाबुरामले, "सशस्त्रबलको भरमा र राजनीतिक, आर्थिक, सांस्कृतिक हैकमको आडमा प्रतिक्रियावादीवर्गले स्थानीय तहसम्म जुन अधिनायकत्व वा सत्ता कायम गरेको छ, त्यसलाई जनताको सशस्त्रबलले ध्वस्त पारेर मात्र जनसत्ताको निर्माण गर्न सकिन्छ", (बाबुराम भट्टराई, राजनीतिक अर्थशास्त्रको आँखीझ्यालबाट, स्थानीय जनसत्ता र जनसहकारिताबारे, पृ. ९९) भनेका थिए । पछि प्रचण्डहरूले अगाडि सारेको सशस्त्र सङ्घर्षको सार्वभौमिकताभित्र दीर्घकालीन जनयुद्धको कार्यदिशाअनुसार नै नेकपा (माओवादी) ले दस बर्से जनयुद्ध लड्यो र ठूलो सफलता पनि प्राप्त गर्दै अघि बढ्यो ।

आश्चर्यको कुरा ! प्रचण्ड-बाबुराम संसद्वादी दलहरूसँग शान्तिपूर्ण प्रक्रियामा प्रवेश गरिसकेपछि आफूले जनयुद्धमा एक जना मान्छे पनि नमारेको (पत्रकारसँगको अन्तर्वार्तामा) प्रचार गर्न थाले । जनयुद्ध बाध्यताले लडेको भन्दै त्यसबाट फर्किन चाहेको तर्क अगाडि सारे । उनीहरूले यस्तो तर्क गर्नु भनेको जनयुद्ध लड्नु गल्ती थियो भन्ने भाव दिन खोजेको बुझ्न सकिन्छ । आजभोलि "सशस्त्र सङ्घर्षको सहज र सम्भव नभएको, चुनावबाटै जनताको मतद्वारा समृद्धि ल्याउन सक्ने भएकोले सशस्त्र सङ्घर्षको कुनै आवश्यकता नरहेको र सशस्त्र सङ्घर्ष गर्नु गल्ती हुने" भन्दै हिँडिरहेका छन् । प्रचण्डले दैनिकजस्तो आफ्नो भाषण र छलफलमा सशस्त्र सङ्घर्षका विरुद्धमा तर्कहरू गरिरहेका छन् । उनले अबको आवश्यकता 'शान्ति, स्थिरता, र समृद्धि' हो भन्दै जनतालाई क्रान्तिबाट पूर्णरूपले विमुख गर्न भ्रम प्रचार गरिरहेका छन् । जब कि जनयुद्धको समयमा सशस्त्र सङ्घर्षको विरोध गर्नेहरू प्रचण्डको दृष्टिकोणमा साम्राज्यवादीका पाले र प्रतिक्रियावादी तत्त्वहरू हुन्थे ।

हुन त प्रचण्डहरूका यी तर्कहरू कुनै नयाँ होइनन्, यी तर्क विश्वभरिका संशोधनवादी, सुधारवादी, विजर्सनवादी, संसद्वादीहरूले क्रान्तिकारीका विरुद्ध लेनिनकै समयदेखि गर्दै आएका तर्क हुन तैपनि केही खण्डन आवश्यक हुन्छ । पहिलो कुरा, नेपालमा सशस्त्र सङ्घर्ष सम्भव नहुने तर्क एकदमै गलत र निकम्मा छ किनकि वर्गसङ्घर्ष रहेसम्म र वर्गहरू आ-आफ्नो स्वार्थका लागि सत्ता-सङ्घर्षमा रहँदासम्म सशस्त्र सङ्घर्ष अनिवार्य हुन्छ । यो कम्युनिस्ट क्रान्तिकारी र सर्वहारावर्गका कारणले नभई सत्तासित लुटेरा शासकवर्गका कारणले गर्दा हुन्छ । किनकि लुटेरावर्गले आफ्नो लुटको स्वर्ग बचाउन श्रमिक जनता र वर्गमाथि जस्तोसुकै दमन गर्न पनि पछि पर्दैन । जब सर्वहारावर्गले दमनको अस्वीकार र प्रतिरोध गर्छ, तब सशस्त्र सङ्घर्ष एक असाध्य घटनामा बदलिन पुग्छ । यसबारेमा प्रचण्डहरूले सशस्त्र सङ्घर्ष सम्भव छ र असम्भव छ भनेर तर्क गर्नु सशस्त्र सङ्घर्षको सार्वभौमिक सच्चाइबाट भाग्नुसिवाय केही हुँदैन । अर्को कुरा, नेपालमा जब सत्ता जनताको हातबाट दलाल पुँजीवादीवर्गले लुटेको छ र क्रान्तिको आँधीबेहरी सिर्जना गर्ने श्रमिकवर्ग अधिकारविहीन अवस्थामा छ, किसान, मजदुरहरू उत्पीडनभित्रै छन् भने सशस्त्र सङ्घर्ष कसरी असम्भव हुन्छ ? दलाल पुँजीवादी सत्तालाई परास्त गरेर वैज्ञानिक समाजवादी सत्ता स्थापना गर्ने सङ्घर्ष अगाडि बढ्दा सशस्त्र सङ्घर्षको अनिवार्यतालाई कसले टार्न सक्छ ? यो केवल कल्पना मात्र हुँदैन ?

अर्को विषय, जनयुद्धको प्रतिबद्धताअनुरूप क्रान्तिको नेतृत्व गर्न तयार र सक्षम नेपाल कम्युनिस्ट पार्टी, त्यसको नेतृत्वमा जनमुक्ति सेना, जनताको सत्ता र आम जनता छन् भने दलाल संसदीय सत्ताविरुद्धको क्रान्ति, सशस्त्र सङ्घर्ष कसले रोक्न सक्छ ! छ केही उपाय प्रचण्ड महोदयसँग ! हाम्रो विचारमा सशस्त्र सङ्घर्षको विरोध गर्नु या रोक्न खोज्नु भनेको क्रान्तिको आँधीबेहरीमा पर्नु र अन्ततः आफैँलाई समाप्त पार्नु मात्र हो । जहाँसम्म जनताले शान्ति चाहन्छन् र सशस्त्र क्रान्तिको कुरा गर्नु जनताभन्दा अलग हिँड्नु हो भन्ने तर्क छ, यो व्यवहारतः खण्डन भइसकेको व्यर्थको तर्क हो । यदि जनताले सशस्त्र सङ्घर्षको सट्टा शान्ति चाहेका हुन्थे भने जनयुद्धको बेलाको जनसमर्थन प्रचण्डहरूलाई शान्तिको राग अलाप्न थालेपछि किन दिन मानेनन् ?

HGO'4 H: T]E LIF0F
KLQMOFNFQ{ ; DK"0F{¿KN]
; FY LBPSF] / XHF/ F]SF]
; ª VOFDF ALNBFG LBP/
KLG DFC]JFBLNF{ CK/ FLHT
KF6L{AGFPSFN] : JTM
: KI6 KF5{. KR08X¿N]
QMGTSF] ; DODF KFPSF]
DFOF, ; DY{G / ZFGTSF]
GF/ F E6\OFPG YFNKL5
HGTFN] BTSF/ ]SF] S'/ F
OXL XF]OG ÛCLG ZFGTS}
GF/ FN] LJ; H{G UG{YFNKL5
CL: TTJ ; ª\S6N] PDFNDF
LJNO X'G KU]SF] S'/ F
3FDH: T}5Nª\U 5}G / Û

किन क्रान्ति गर्न संविधानसभामा आएका छौँ भन्दा दशौँलाख जनताले भोट दिँदै पहिलो पार्टी बनाए ? किन लाखौँ नागरिक कटुवाल प्रकरणको समयमा काठमाडौं घेर्न पुगे ? अनि प्रचण्डले खुब शान्ति र समृद्धिको नारा दिँदै गर्दा एकै पटक ग्राफ झरेर जनताको समर्थन १२ लाखमा

आइपुग्यो !? यही हो जनताले शान्तिलाई साथ दिएको अनि क्रान्तिलाई समर्थन नगरेको

महाशय !? यो निर्विवाद कुरा हो कि जनताले शान्ति र समृद्धि चाहन्छन् तर त्योभन्दा ठूलो कुरा अधिकार, मुक्ति, स्वाधीनतासहितको शान्ति र समृद्धि चाहन्छन् । इतिहासदेखि मुक्ति र स्वाधीनताको प्रस्ताव लिएर सङ्घर्षमा हामफालेका कांग्रेस, एमाले, प्रचण्ड-बाबुराम सबैलाई दिएको अपार समर्थन यसैको प्रमाण हो । जनयुद्धजस्तो भीषण प्रक्रियालाई सम्पूर्ण रूपले साथ दिएको र हजारौँको सङ्ख्यामा बलिदान दिएर पनि माओवादीलाई अपराजित पार्टी बनाएकोले स्वतः स्पष्ट पार्छ । प्रचण्डहरूले क्रान्तिको समयमा पाएको माया, समर्थन र शान्तिको नारा भट्याउन थालेपछि जनताले दुत्कारेको कुरा यही होइन ! अनि शान्तिकै नाराले विसर्जन गर्न थालेपछि अस्तित्व सङ्कटले एमालेमा विलय हुन पुगेको कुरा घामजस्तै छलङ्ग छैन र !

तेस्रो कुरा, प्रचण्डहरूले जनयुद्धको नक्कल गरेर क्रान्ति हुँदैन भन्ने तर्क गर्नु हददर्जाको बेइमानी मात्र हो । प्रचण्डको दिमागमा 'नक्कल' भन्ने जुक्ति कसरी आयो 'भगवान्' ! क्रान्ति गर्नु नक्कल हुन्छ ! मार्क्सवादको सार्वभौमिक विशेषताको अनुशरण गर्नु नक्कल हुन्छ ! पुँजीवाद र दलाल पुँजीवादी सत्ताका विरुद्ध विद्रोह गर्ने, क्रान्ति छेड्ने र सर्वहारावर्गीय सत्ता निर्माण गर्ने विषय नक्कल हुन्छ ! के हो मार्क्सवाद ? के एमालेले जनयुद्धलाई यस्तै भन्दैनथ्यो र ! लामा र प्रकाशहरूले नक्कलकै आरोप लगाउँदैनथे र ! अनि प्रचण्डले यस्तो तर्क गर्नेलाई 'सिल्ली' र 'पागल', 'साम्राज्यवादका पाले' र 'प्रतिक्रियावादी नोकर' भनेको होइन ! अनि कसरी आयो आज उही–उस्तै तर्क क्रान्तिकारीका विरुद्ध !? यसमा स्पष्ट गर्ने विषय छ कि हामीले प्रचण्डको नक्कल पनि त गर्दैछैनौँ । हामीले त क्रान्ति गर्दैछौँ । त्यो पनि नेपाली वस्तुस्थितिअनुरूपको 'एकीकृत जनक्रान्ति' को कार्यदिशा निर्माण गरेर पुँजीवादी-साम्राज्यवादी-उत्तर साम्राज्यवादी, संसद्वादी सत्ताका विरुद्ध क्रान्ति गर्दैछौँ । हामी प्रचण्डको जस्तो नेपालमा युद्ध लडाएर भारतमा वार्ता गर्ने नक्कल त गरेका छैनौँ नि ! हामीले सत्ताको लागि कसम खाँदै जनयुद्ध गर्ने र कुर्सीका लागि संसद्वादी दलालहरूसँग साँठगाँठ र लेनदेनमा लाग्ने नक्कल त गरिरहेका छैनौँ नि ! हामीले कार्यकर्ता र जनताले बलिदान गर्दासम्म उर्फीउर्फी बलिदान र बहादुरीको भाषण गर्ने अनि आफूले क्रान्तिको मोर्चा सम्हाल्ने बेलामा राती पनि मार्ने सपना देख्ने दिउँसो पनि मार्ने र मर्ने चुनौती देख्दै जनयुद्ध र जनमुक्ति सेना विसर्जन गर्ने नक्कल गर्दैछैनौँ महोदय ! हामी लड्दैछौँ, तिमीहरूले दिएको धोका बेइमानी, साम्राज्यवाद र संसद्वादले दिएको धोका सबैलाई पचाएर सर्वहारावर्ग र कम्युनिस्टहरूलाई विजयी तुल्याउने गरी सशस्त्र क्रान्तिको तयारी गर्दैछौँ । भित्र कायरताले भरिपूर्ण बाहिर बहादुरीको छाला ओडेर बुर्जुवावर्ग र पुँजीवादसँग आत्मसमर्पण गर्ने नक्कल गर्दैछैनौँ हामी !

तिमीहरू बाँच्दाबाँच्दै देख्न सक्नेछौ कि हामीले कस्तो क्रान्ति गर्नेछौँ !

यसो त यहाँ प्रचण्डहरूले गर्ने तर्कमा कुनै नौलोपन किन पनि छैन भने लेनिनको समयमा संशोधनवादका पिता बर्नस्टिन र गद्दार कार्ल काउत्स्की, माओको समयमा गद्दार ख्रुश्चोभ र टिटो, पछिल्लो समयमा देङ, ज्योति बसु, मनमोहनहरूले गरेका तर्कभन्दा प्रचण्डका तर्कहरू एकरत्ति पनि नयाँ र प्रभावशाली छैनन् । ती सबैलाई एक समयमा लेनिनले, अर्को समयमा माओले र क्रमशः विश्वभरिका क्रान्तिकारीहरूले एक-एक गर्दै परास्त गरेर नै महान् क्रान्तिहरू सम्पन्न गर्नुभएको हो । यस्ता तर्कहरू पुँजीवादी दुनियाँ कायम हुँदासम्म र पुँजीवादी सत्तासँगको सङ्घर्षमा संशोधनवाद-अवसरवाद-सुधारवाद जीवित हुँदासम्म पलाइरहने निश्चित छ र यी तर्कहरूलाई हरेक समयका क्रान्तिकारीहरूले निमोठ्दै अगाडि बढिरहनुपर्नेछ । हिजो प्रचण्डहरूका विरुद्ध एमालेहरूले यस्तै तर्क गर्थे, आज भारतमा माओवादीविरुद्ध ज्योति बसुवालाहरूले यस्तै भनिरहेका छन्, नेपालमा प्रचण्डहरू संसद्वादमा पतन भइसकेपछि यस्तो तर्क गर्न आउनु कुनै आश्चर्यको विषय होइन, बरु क्रान्तिको नियमअनुसार अनिवार्य छ । तर यी तर्क पनि त्यसरी नै पराजित, विसर्जित र नष्ट हुनेछन् जसरी महान् अक्टोबर क्रान्तिदेखि चिनियाँ क्रान्तिसम्ममा संशोधनवादी-सुधारवादीहरूका तर्कहरू परास्त भएका थिए ।

जब सत्ता दलाल पुँजीपतिवर्गको हातमा नै केन्द्रित छ, जनता पुँजीवादी सत्ताको उत्पीडनभित्र लुटिँदैछन् र देश नव-उपनिवेशवादी चरित्रमा छ भने कसरी क्रान्ति र सशस्त्र सङ्घर्षको औचित्य सकियो ? कसरी सशस्त्र सङ्घर्ष गर्नु

'अतिवाद' हुन्छ ! कसरी क्रान्ति गर्नु कसैको नक्कल गर्नु हुन्छ !? बरु हामीले यति कुरा भन्नैपर्छ कि नेपाली क्रान्तिमा बल-प्रयोगको आवश्यकता सकिएको नभई प्रचण्डको क्रान्तिकारी विचार र सोच सकिएको हो । उनको दिमागमा संशोधनवादी खिया भरिन पुगेको हो । अब संशोधनवादलाई बुझ्न बर्नस्टिन, ख्रुश्चोभ, एमालेसम्म पुग्नुपर्ने कष्ट गर्नुपर्नेछैन, प्रचण्डको विचलित दृष्टिकोणलाई अध्ययन गरे पुग्छ ।

प्रचण्डको विचलनलाई छोप्न र सही सावित गर्न केही पतीत र विचलित मान्छेले के तर्क गर्छन् भने विश्व लेनिन-माओको समयभन्दा निकै फरक ठाउँमा पुगिसकेको, विज्ञान र प्रविधिले अभूतपूर्व विकास गरिसकेकोले पुरानै तरिकाले क्रान्ति सोचेर या बल-प्रयोगमा हिँडेर सफल हुन सकिँदैन । उनीहरूले केवल प्रविधिको विकास र नयाँ परिस्थितिको कुरा मात्र गर्छन् तर सत्ताको चरित्र के छ र त्यसले श्रमिकवर्गको जीवनमा कस्तो प्रभाव पारिरहेको छ भन्ने पक्षलाई वास्ता गर्दैनन् । उसो भए के लुटेरा-वर्ग सर्वशक्तिमान र अपराजित भइसकेको हो ? के जनताको तागतभन्दा सत्ताको मेसिन शक्तिशाली बनिसकेको हो ? के उत्पीडक र शासकहरू नहार्ने भइसके ! के विज्ञान र प्रविधि सत्तासीन दलाल पुँजीपति या पुँजीपतिवर्गको लागि मात्र हो ? के विज्ञानले पुँजीवादी सत्ता र शासकवर्गको लागि मात्र सहयोग पुऱ्याउँछ ? के विज्ञान र प्रविधिको विकासले क्रान्तिलाई असम्भव तुल्याइदिन सक्छ ? यो मार्क्सवाद-लेनिनवाद-माओवादको विरुद्ध छ, यो विज्ञानको पूरै विपरीत छ र पुँजीवादी सत्ता विनासको भौतिकवादी निष्कर्ष विपरीत हुन्छ । विज्ञानको विकास भएको र सत्ताले विज्ञान र प्रविधिको प्रयोग आफ्नो स्वार्थअनुरूप गरेको कुरा सही हो तर विज्ञान र प्रविधिको विषय उत्पादक शक्तिभन्दा अगाडि कहिल्यै हुन सक्दैन । उत्पादक शक्ति या मानवशक्तिले विज्ञान र प्रविधिको निर्माण गरेको हो र गर्छ न कि प्रविधिले मानवलाई निर्माण गर्छ । जब विज्ञान र प्रविधिको खोजकर्ता स्वयम् श्रमिकशक्ति छ भने त्यसलाई शासकवर्गको हतियार मात्र भनेर कसरी मान्न सकिन्छ ! यदि विज्ञान र प्रविधि भएकाहरू मात्र टिक्ने भइदिएको भए विगतका शक्तिशाली पुँजीवादी-साम्राज्यवादी सत्ताहरू नढल्नुपर्ने थियो नि

त ! किन ढले ?

सामान्यतः भौतिक साधन, स्रोत र वस्तुहरूको उपयोग र नियन्त्रणका दृष्टिले सत्तासीनवर्ग नै त जहिले पनि श्रमिकवर्गभन्दा अगाडि हुन्छ, के रुस, चीन, भियतनाम, कोरिया, क्युबामा सत्तासीनवर्गसँग त्यस बेलाको सापेक्षतामा श्रमिकवर्गसँग भन्दा सबै प्रविधि र साधनहरूको नियन्त्रण बढी थिएन र ? अरूको कुरै छोडौँ, पूर्व-सोभियत सङ्घ जो विश्व महाशक्ति थियो, कहिल्यै नढल्नुपर्दथ्यो नि त ! किन ढल्न पुग्यो त ? अमेरिकालाई माथ गर्ने प्रविधि र युद्ध प्रविधिले बचाउनुपर्दथ्यो नि त ? कुरा क्रान्ति हुने र नहुने विज्ञान र प्रविधिको विकासको कुरा होइन, विज्ञान र प्रविधि कसको नियन्त्रण छ भन्ने पनि होइन, विषय क्रान्तिसम्बन्धी दृष्टिकोण र विचारको हो । होला, विज्ञान-प्रविधिको विकासले केही ढिला या चाँडो, अगाडि-पछाडि हुन सक्ला तर विज्ञान प्रविधिका कारण पुँजीवाद नै टिकिरहने, सर्वहारा श्रमिकवर्ग मुक्त हुन नसक्ने या सत्ताको मालिक बन्न नसक्ने भन्ने हुन सक्दैन । यदि बाबुरामले जनयुद्धको समयमा विज्ञान र प्रविधिले क्रान्तिलाई नजिक ल्याउँछ भनेर गरेको विज्ञान र प्रविधिको विकासको तर्कलाई अर्कोतिरबाट हेर्ने हो भने त्यो सत्ता र पुँजीपतिवर्गको साधन मात्र होइन, जनताको साधनमा परिणत हुन सक्छ । पुरानो सत्ताको रक्षक मात्र होइन, उसको विनासको साधन पनि हुन सक्छ । विज्ञान र प्रविधि क्रान्तिको बाधक मात्र हुने हुँदैन कि साधक पनि हुन सक्छ । अझ अर्कोतिरबाट विज्ञान, प्रविधि, आधुनिकताको विषयलाई व्याख्या गर्ने हो भने आधुनिक पुँजीवादी उत्पादन सम्बन्ध, विज्ञान र प्रविधिले वैज्ञानिक समाजवादको आगमनलाई नजिक ल्याउँदैन र ? अनि कसरी भयो विज्ञान र प्रविधिका कारण क्रान्ति असम्भव !

यदि क्रान्तिबाट पछि फर्किनका लागि यस्तो तर्कको सहारा लिने हो भने मार्क्सवाद अर्थात् साम्यवादी सभ्यताको अनुसन्धान नै असम्भव हुने थियो किनकि पुँजीवाद आफैँमा आधुनिकताको जगमा पैदा भएको समाज हो जसको विरुद्ध मार्क्सले विजयको परिकल्पना गर्नु नै सही हुँदैनथ्यो । कुनै पनि समाजमा पैदा हुने नयाँ उत्पादनका वस्तु र साधनहरू उत्पादक शक्ति र श्रमिकवर्गलाई उत्पीडन गर्ने साधन बन्दैनन् कि उनीहरूलाई शिक्षित-दीक्षित गर्ने र वर्ग-दुश्मनलाई परास्त गर्ने सहयोगी साधन बन्छन् । त्यसै भएर त पुँजीवादको अन्त्य र वैज्ञानिक समाजवाद-साम्यवादको उदय अवश्यम्भावी रहेको छ । सामान्यतः इतिहाससिद्ध सत्य हो कि रूपमा जहिले पनि सत्ता पक्ष जनताभन्दा र क्रान्तिकारीभन्दा शक्तिशाली देखिने गर्छ, दासयुगमा दास-मालिकहरू नै बलिया र शक्तिशालीजस्ता लाग्थे, सामन्ती युगमा सामन्त र सम्राटहरू नै बलिया र शक्तिशाली लाग्थे, लेनिनको समयमा पुँजीपतिवर्ग नै मजदुरवर्गभन्दा शक्तिशाली लाग्थे, माओको समयमा सत्तासीन सामन्त तथा नोकरशाही दलाल पुँजीपतिवर्ग नै बलिया लाग्थे, आज पनि पुँजीवाद र पुँजीपतिवर्ग बलियोजस्तो लाग्छ तर त्यो भ्रम मात्र हो, सत्य होइन । न विगतमा दास मालिकहरू श्रमिक जनताभन्दा शक्तिशाली थिए, न त सामन्त र पुँजीपतिवर्ग नै शक्तिशाली थिए । त्यसैले गर्दा नै शक्तिशाली देखिएका सामन्त, पुरोहित, पुँजीपति, दलाल पुँजीपतिवर्गले पराजय व्यहोर्नुपऱ्यो, धुलोमा मिल्नुपऱ्यो । आज पनि देखावटी रूपमा मात्र मान्छेलाई त्यसो परेको हो । वास्तविकतामा जनता नै शक्तिशाली छन् ।

# कथित नयाँ युग सुरुआत घोषणा र आतङ्कित श्रमबजार !



सरोज न्यौपाने

**बिषय प्रवेश :**

नेपाली श्रमिक मजदुरहरूले शोषणविहीन रोजगारीको पूर्ण सुनिश्चितता पाइनसकेको, बेरोजगारीको असह्य मार बेहोर्नुपरेको र अमर्यादित तथा असुरक्षित वैदेशिक रोजगारीको भरमा दिनचर्या सोच्नुपरेको परिस्थितिका बीच नेपाली श्रमबजारको वरिपरि प्रथम सामाजिक सुरक्षा दिवस मनाइयो । हुँदा खाने र हुनेखाने, रोजगार र बेरोजगार सबैलाई समेट्ने लक्ष्यका साथ श्रमको सम्मान गर्ने, श्रममा अभिप्रेरित गर्ने र आधुनिक सभ्य समाजअनुरूप सबैको संरक्षण गर्ने प्रणालीमा प्रवेश गर्न चाहेको उद्घोष र यस्तो योजना लागू भएको घोषणा दिनयता जे होस् नेपाली श्रमबजार आतङ्कित छ। वस्तुस्थिति साक्षी छ, सरकारले बिल्कुलै नयाँ युग सुरुआतको घोषणा गरेसँगै मजदुर र रोजगारदाता दुवै पक्षमा यसको अनुभूति एकरूपताका साथ पाइएको भने कदापि देखिन्न । ०७५ को सामाजिक सुरक्षा दिवसको प्रस्तावना र प्रस्तावक पक्षको नियतिका विषयमा सरोकारवाला, विज्ञ र विश्लेषकहरू नै पिच्छे मतहरू फरक भेटिन्छन् । यसको प्रमुख कारण श्रमिकहरूमाथिको मैत्रीपूर्ण नीति र व्यवहारसँग जोडिन्छ जुन सोचेअनुरूप खासमा देखिन्न । यसका साथै हुँदा खाने र गरिखाने सबैलाई समेट्न श्रमिकको योगदानमा आधारित सामाजिक सुरक्षा योजना लिएर सरकार श्रमिक भावनासँग नजिकिन पुगेको छ भने यसका निम्ति अवश्यक ऐन र नियमावलीसमेतलाई कार्यान्वयन गराउन कार्यविधि एवम् निर्देशिका जारी गरिसकेको छ।

यता ०७५ कै श्रम नियमावली लागू गर्न लगानीकर्ता तथा व्यवसायीहरू लालायित बनिसकेका देखिन्नन् भने मङ्सिर १५ देखि विधिवत् कार्यान्वयनमा आएको सामाजिक सुरक्षा योजनाले ०७६/४/१ मै लक्षित योजनामार्फत सुविधा प्रदान गर्ने प्रतिबद्धता पहिले नै पेस गरिसकेको छ। स्थापित केही ट्रेड युनियनबाहेक प्रगतिशील र क्रान्तिकारी ट्रेड युनियनसँग मजदुरहरूले ढुक्क भै उक्त योजनामा सहभागिता जनाउन र रोजगारदातामार्फत सूचीकृत बन्न प्रेरित गर्नसक्ने सवाल प्रस्ट देखिन्न । करिब १५ को रकम कट्टी गरी बनेको गत ०६७ मा सञ्चालित सामाजिक सुरक्षा कोषले दिन नसकेको विश्वसनीयता एवम् तात्कालीन समयताका मजदुर, किसान, बेरोजगार र विभिन्न शीर्षकमा आएका राहत योजनाले हासिल नगरेका प्रगति हेर्दा मजदुर हरूको भरोसामा रङ उडिसकेपछि खाटा बसेको निसानाभन्दा बढी अरू देख्न सकिन्न । एक प्रकारले सरकार मात्रको उत्साहमा उदाएको सामाजिक योजना समाज, परिवेश र श्रमबजारमाथिको नयाँ आतङ्क बनेको यसै प्रस्टै देखिन्छ किनभने सक्रिय श्रम नियमावली ०७५ ले यससम्बन्धमा सबैलाई सूचीकरण गर्न र आधारभूत तहमा रोजगार सम्झौता गर्न हम्मेहम्मे परिरहेको लगभग देखिन्छ । मुलुकको पछिल्लो अवस्थासम्म मजदुरले ज्यान गुमाउने विषय सामान्य, श्रम र पसिनाको न्यायिक मूल्य सहायक तथा ऐच्छिक र व्यभिचार, व्यापक भ्रष्टाचार र दमन जायज, त्यसपछिको उन्नत भविष्यका निम्ति मजदुर हरूले हकहितको कस्तो नारा लगाउनुपर्ने हो जबाफ प्रश्नमै तिलमिलाएको देखिन्छ। सम्पूर्ण श्रमिकहरूको संरक्षणप्रति केन्द्रित उपर्युक्त योजनामा कम्तीमा पनि मजदुरलाई उत्साहित गर्ने सार्थकता होला वा प्रस्तावनामै सीमित रहला, घटनाक्रमहरूबाट पुष्टि हुने कुरा हो । हालसम्मको परिस्थिति त कस्तो देखिन्छ भने औपचारिक क्षेत्र मजदुरका निम्ति दिइएको जीवनसमृद्धिको उक्त योजनाले मजदुर रोजगारीमाथि नै प्रश्न उठाएको, अनौपचारिकको हकमा कुनै जरुरी महत्वको स्थान नै लिन नपाएको र विज्ञहरूका बीचमा केवल चर्चाको पक्ष बनेको तथ्यलाई त्यसै नकार्न सकिन्न । कतिसम्म भने रोजगादातामार्फत सूचीकृत बन्नसक्ने श्रमिकले बीचैमा रोजगारी अन्त्यको डरलाग्दो मार बेहोर्नुपर्ने, स्वरोजगारहरू उत्साहप्रद रूपमा आकर्षित नभैरहने र अपेक्षित अन्य श्रमिक तथा योगदानकर्ताहरूले यसप्रति विश्वस्त बन्न नसक्ने परिस्थिति क्रमशः बलियो बन्दै गैरहँदा सिङ्गो सामाजिक सुरक्षा योजना लक्षित समूहको मागबमोजिम हो वा आयोजक पक्षको बलपूर्वक अनुनयमा भन्ने प्रश्नले पुनः प्रश्रय पाएको छ।

हिजोआज देख्न सकिन्छ यातायात क्षेत्रको ट्याक्सी स्वरोजगार आफूमाथिको प्रशासनिक उत्पीडनबाट बिरक्तिएर पलायन बन्ने योजना बुनिरहन्छ । वित्तीय बजारको बौद्धिक श्रमिकले चरम श्रमशोषणका बीच 'हायर एन्ड फायर' प्रथाको मारमा श्रम अभ्यास गर्ने वा विदेश पलायन हुने भन्नेमा छट्पटाइरहेको छ । उल्लिखित श्रमशक्ति (रोजगारमा नरहेको नेपाली नागरिक) सर्वस्व बन्धकी राखी पलायन हुँदैछ। अन्य श्रमिकहरू उसै तनावग्रस्त छन् भने योगदानयोग्य पारिश्रमिकको निर्धारित मुद्दती योजनाप्रति लक्षित पक्ष आकर्षित होला वा राज्यको थप कसरतको अभ्यास चल्ला, यसै भन्न सकिने अवस्था छैन । तर पनि योगदानमा आधारित सामाजिक सुरक्षा योजनाका निम्ति आवश्यक कार्यविधि बनिसकेको विषय सबैमा सूचित छ।

**आतङ्कित श्रम बजार**

आमजनता लोकतान्त्रिक गणतन्त्रबाट अपेक्षाकृत रूपमा संरक्षित नरहँदा लोकतन्त्रमा जनताले आफ्नो अधिकारको खोजी गर्न सक्छन् । पेसागत तथा राजनीतिक सवालमा, श्रम, रोजगारी, ट्रेड युनियन र सामाजिक सुरक्षासँग सम्बन्धित मामलामा नेपाली मजदुरहरूको पनि चासो, चिन्ता र जागरुकता रहनु स्वाभाविक मानिन्छ। लगानीकर्ता तथा रोजगारदाताहरूमा उत्तेजित ध्यानाकर्षण पैदा गर्दै योगदानमा आधारित सामाजिक सुरक्षा योजना कार्यान्वयनमा ल्याइसक्दा सम्बन्धित पक्षहरूले आवश्यक तयारी र तत्परताबारे ध्यान नदिएको आरोप लगाएको देखिन्छ। स्वरोजगार, योगदानकर्ता श्रमशक्ति, सरकारी सेवा क्षेत्र योगदानकर्ता, विभिन्न बौद्धिक श्रमजीवी र मेहनतकश तप्कासँग पनि लगभग योजनाको अनुभूति यस्तैमा पाइन्छ । यसबाहेक औपचारिक र अनौपचारिक क्षेत्रका सम्पूर्ण श्रमिक र स्वरोजगारहरूको विगतको अनुभव र योजनामाथिको विश्वशनीयताको पक्ष दुवैलाई समग्रमा विश्लेषण गर्दा उनीहरूमा अत्मविश्वास कायम भैसकेको देखिन्न । सरकार श्रमिक मजदुर हरूको पेसागत र राजनीतिक दुवै जीवनलाई समृद्धि दिन प्रतिबद्ध अघि बढ्दै र दमन गर्दै समृद्ध समाज निर्माणका निम्ति अग्रसर देखिन्छ। रोजगार सम्झौता कायम गरी तोकिएबमोजिम सूचीकरणको प्रक्रियामा समावेश बन्ने सवालमै रोजगारदाताहरू सर्त लगाउन पछि पर्दैनन् । राष्ट्रघात, जनघात र उत्पीडनका शृत लाबाट सचेत तह र तप्का त्यसै आक्रान्त बनिसकेका देखिन्छन् भने व्यापारिक आयात-निर्यात र उत्पादन प्रक्रियाका बीच अशातीत परिणाम र अपेक्षाकृत नतिजा देखिन्न । जनताको विभिन्न मौलिक हकअधिकारमाथि राज्यआतङ्कको प्रभाव जारी छ। हिजोभन्दा निश्चय पनि आजको श्रमबजार चरम आतङ्कित बनिसकेको देखिन्छ। श्रमिक मजदुर हरूमाथि योगदानयोग्य श्रमजीवीहरूमाथि राज्यले राहत सुविधाहरू दिन खोजेको त देखिन्छ यद्यपि योगदानमा सहभागीहरूसँग सरकारको र सरकारप्रति उनीहरूको विश्वसनीयता कायम भैनसक्दा परिस्थिति त्यस्तो देखिएको लाग्दैन जसरी नयाँ युग सुरुआतको ऐतिहासिक घोषणा गरिएको थियो।

**ट्रेड युनियनमा अनेक दृष्टिकोण**

श्रम बजारसम्म क्रियाशील ट्रेड युनियनहरू श्रम, रोजगारी, ट्रेड युनियन हकका साथै पछिल्लो समययता सामाजिक सुरक्षामा जोडिन बाध्य छन् । सरकारले गत सामाजिक सुरक्षा दिवसयता श्रमिकहरूका निम्ति भनेर योगदानमा आधारित सामाजिक सुरक्षा योजनासँग सम्बन्धित नियमावली अभ्यासमा ल्याई कार्यान्वयनमा राखेपछि सत्तारूढ डबल नेकपा सम्बद्ध केही स्थापित ट्रेड युनियनहरू अन्धाधुन्ध सरकारी गतिविधिमाथि समर्थन दिन लालायित छन् भने थुप्रै प्रतिपक्षी ट्रेड युनियनहरूमा धारणा मिलेको पाइन्न । अखिल नेपाल क्रान्तिकारी ट्रेड युनियन महासङ्घले २०७५ साल पुस २१ मा सम्बन्धित निकायसमक्ष ध्यानाकर्षण पेस गरी योजनाभित्रको मजदुरघातविरुद्ध सशक्त प्रतिरोध गर्ने निर्णय लियो । मजदुर, सरोकारवाला तथा सम्बन्धित तहको बीचमा भण्डाफोर सभा भयो । सरकारी योजना भावनाको तहमा प्रगतिशील चरित्रको लागे पनि सारमा क्रान्तिकारी नभएको निष्कर्ष महासङ्घले लियो। श्रम र श्रमिकप्रति सम्मान प्राप्त गर्ने सामाजिक व्यवस्था वैज्ञानिक समाजवाद स्थापनाको योजनामा मजदुरहरू अघि बढ्न आवश्यक भएको अर्को संश्लेशित निष्कर्ष रह्यो।

**असन्तुष्टिको कारक अपरिपक्व तयारी**

ऐनअनुरूप नै दफा ५ को (१, २, ३, ४ र ५) बमोजिम हुने गरी सम्पूर्ण अनौपचारिक श्रमिक मजदुरहरूको योगदान व्यवस्थित गर्न तत्काल सहज देखिन्न । रोजगार तथा योगदानकर्ता समूहमा एक किसिमको असमान व्यवहार भएको र योजना कार्यान्वयनको गति असमान ढङ्गले अघि बढिरहेको सम्बन्धितहरूको गुनासो यथावतै छ । स्वरोजगार, स्वरोजगार मातहतमा रहने अन्य रोजगार र कुन स्तरको श्रमिकका निमित्त कुन योगदान सञ्चित गर्ने भन्ने अन्योल छ। बेरोजगार युवा समूह वार्षिक न्यूनतम रोजगारीमा योजनाको पछिल्लो सरकारी योजना युवाहरूको हितमा देखिए पनि सामाजिक सुरक्षा योजनामा सहभागी गराउने कसरतअनुरूप बिदेसिने क्रममा कम गर्न र युवाशक्ति दुरुपयोग रोक्न सम्मानजनक योजना निर्माण नभएकै देखिन्छ। सम्मानित जीवन निर्वाहमैत्री रोजगारी, पूर्ण रोजगारी र क्षमताको कदर गर्ने रोजगारीको योजनाबिना युवा आकाङ्क्षा सहजै पूरा होला भन्न सकिने देखिन्न। एकातिर मजदुरको आँकडा अध्ययन गर्दा भारी घनत्वमा मजदुरहरू अनौपचारिक क्षेत्रमा रहेका छन् । अर्कातिर समाजिक सुरक्षा योजनाले नछुटाई सूचीकरण गर्नुपर्ने एवम् सुविधा प्रदान गर्नुपर्ने महत्वको यस क्षेत्रमा तुलनात्मक रूपले सरकारले आवश्यक कसरतका साथ कार्यान्वयन अघि बढाएको देखिन्न।

**योगदान निलम्बनको सर्तले झस्काएको मनस्थिति**

नेपाल सरकारको सूचनाका आधारमा कुनै योगदानकर्ताको कोषमार्फतको सुविधा एकाएक निलम्बन हुनसक्ने तथा फुकुवा हुनसक्ने र नियमित हुनसक्ने भन्ने सर्तले अन्योल उत्पन्न गर्दै गरेको छ। एक त सरकार मुलुकको वर्तमान अवस्थामाथि उच्च समृद्धि भित्र्याउँदैछ, समाजवादउन्मुख अघि बढ्दैछ। अर्को फेरि चरम आर्थिक विशृङ्खलताको आशङ्का राख्दैछ । मानिलिऊँ, अवस्था त्यस्तो रूपमा विद्यमान रह्यो, श्रमिक मजदुरहरूको योगदान निलम्बन गर्नसक्ने पक्ष कति न्यायसम्मत हुने हो, समयमै मनन हुन आवश्यक छ। यसका साथै कोष विगठनपछिको व्यवस्थापन आँकलन दफा ६३ ले गरेबमोजिम हुने भन्नेमा उक्त परिस्थितिमाथि ध्यान दिई समितिले वैकल्पिक व्यवस्थाको अनुमान गर्न नसक्नु र सम्बन्धित ऐन प्रारम्भपूर्व सञ्चालनमा आएको सामाजिक सुरक्षासम्बन्धी कोषको परिणति पुनरावृत्त हुनसक्ने सम्भावना बलियो देखिनु आदिले योगदानकर्तामाथि अनपेक्षित अन्याय हुनसक्ने देखिन्छ। राष्ट्रिय पुँजीको पलायन, निगम तथा दलाल पुँजीमाथि जोड, नेपाली श्रमशक्ति विदेश पलायन, प्राप्त रेमिट्यान्समा संरक्षण अभाव, बढ्दो रोजगार कटौती, रुग्ण, धराशयी र बन्द उद्योग व्यवसाय सञ्चालनको योजनाविहीनता, अव्यावहारिक बेरोजगार युवा (श्रमशक्ति) व्यवस्थापन योजना र वित्तीय सङ्कटको सम्भावना आदिले सोचेअनुरूप जनताको वितृष्णा साम्य पार्न सक्ने देखिन्न।

> A]FHUF OJF; DX JHERS
> GOGTD / FHUF LDF OFHGISF]
> KL5NNF]; /SF LOFHGF
> OJFX¿ SF]LXTDF BIV P KLG
> ; FDFHS ; "I FF OFHGIDF
> ; XEFUL U/FPG]S; /TCG'¿K
> LABL]; G]QNDDFSD UG{
> / OJEZLQMB'?KOFU /FSG
> ; DFGHGS OFHGF LGDF0F
> GEPS}BIV G5 . ; DDEGT
> HLJG LGJFKDQL/FHUF L,
> K0F{/FHUF L/ IFDTFSF]SB/
> UG]/FHUF LSF]OFHGEAGF OJF
> CFSF I FF; XH}K"F XFNF EGG
> ; LSG]BIV GG .

**कोषको अस्तित्व र योगदान निलम्बनको सर्तले झस्काएको मनस्थिति**

क्रियाशील ऐनको दफा २७ को उल्लिखित प्रावधानबमोजिम कोष एक स्वशासित र सङ्गठित संस्थाका रूपमा रहेको मानिने भए पनि नियमावलीको नि नं १० को (२) लगायत बुँदामा योगदान निलम्बन र फुकुवाका सर्त देखिन्छन् । वर्तमान राजनीतिक वस्तुस्थितिसँग योगदानकर्ताहरू सुझबुझ रहन जरुरी छ किनभने परिस्थितिको प्रभाव श्रम र पसिनाको मूल्यमाथि कायम नरहला भन्न सकिने अवस्था छैन। सामान्य अध्ययनबाट पनि बुझ्न सकिन्छ- कोषको गतिविधि सम्बन्धमा समिति र सरकार स्वयम् नै जिम्मेवार मानिन्छन् र योगदानकर्ताहरूको सुझाव तथा प्रतिक्रियाले स्थान लिने क्रम छुट्टै कार्यविधि भएर मात्र सम्भव देखिन्छ । त्यसो त सरकारले बेलाबखत लिने नीति तथा निचोड श्रमिकका पक्षमै हुने सम्भावना देखिन्न। योगदानमा आधारित सामाजिक सुरक्षा योजनामा सहभागीहरूको योगदान र त्यसबापतको सुविधा रोकिन सक्ने प्रावधान कानुनबमोजिम भए पनि मजदुरको हितमा भएको मान्न सकिन्न। प्रतिष्ठानस्तरीय र राष्ट्रिय कल्याणकारी कोषको योजनापछि औपचारिक तथा अनौपचारिक दुवै क्षेत्रहरू नियमबमोजिम मजदुर हितविरुद्ध पेस भएको पाइन्छ।

**निजी क्षेत्र र सरकारी सेवा दुवैको साझा कोष**

आजसम्मको अभ्यासमा ऐन नीतिगत प्रावधानहरूमार्फत नेपालमा निजामती कर्मचारी, सेना-प्रहरीलगायत सरकारी सेवा र निजी क्षेत्रीय कामदार तथा कर्मचारीहरूबीच पारिश्रमिक, सेवासुविधा र अन्य पक्षमा न समानता छ, न त सामान्य मात्र असमानता । एकाएक नीतिगत द्वैधता र परिस्थितिका बीच सबैको साझा सामाजिक कोष स्थापनाको मनसाय लिई योगदानको निमित्त गरिएको आह्वान, दूरगामी महत्वको मानिए पनि यसको भविष्य सरकारको बदलिँदो चरित्रसँग अन्तर्सम्बन्धित देखिन्छ नै । वस्तुस्थितिअनुसार सरकारी सेवा क्षेत्रका सम्बन्धमा व्यवस्थित तथा सञ्चालित विभिन्न योजनाहरू अविलम्ब सामाजिक सुरक्षा कोषमार्फत व्यवस्थित गर्ने पनि देखिएको छ। योजना कार्यान्वयनसँगै निजी स्तरमा श्रमिक कटौतीको सम्भावना व्यापक देखिन्छ भने उचित समायोजन तथा व्यवस्थित सञ्चालनका लागि गृहकार्य अझै आवश्यक देखिन्छ । उता ऐनले योगदानकर्ताका विभिन्न प्रकृतिअनुरूप सामाजिक सुरक्षा योजना सञ्चालनको लिखित आश्वासन निर्माण गरिरहँदा विभिन्न श्रमशक्तिलाईसमेत योगदानमा सामेल गरी सुविधा दिन थप कसरत जुटाउन आवश्यक देखिन्छ। तर दमन र हस्तक्षेपको जगमा प्राप्त आश्वासन तथा योजनागत सुविधा सम्बन्धित पक्षले सहजै स्वीकार नगर्दाको बखत विषयलाई एउटा अपत्यारिलो तर सेलिब्रेटी शैलीमा प्रस्तुत गर्न खोजिएको मानेमा लिन सकिने हुन्छ । श्रमिक जनता तथा सम्पूर्ण श्रमजीवी योगदानकर्ताहरूको आवश्यकतामा भन्दा पनि सरकारी आवश्यकतामा परिलक्षित कार्यक्रमहरूप्रति सम्बन्धित सरोकारवाला पक्षको चासो त देखिन्छ तर चर्चामा आवश्यकता निकै कम रूपमा रहन्छ। रोजगार तथा सेवा सम्बन्ध रोजगारहरूको अपेक्षाअनुरूप दिगो, मैत्रीपूर्ण र उत्प्रेरक भएनभएको पक्षलाई त्यत्तिसारो महत्व दिइएको भने देखिन्न।

**के हो सामाजिक सुरक्षा योजना ?**

विश्वस्तरमा मजदुरको सम्मानजनक सामाजिक स्थायित्वको प्रसङ्ग उठेसँगै नेपाली समाजमा प्रगतिशील सरोकारवालाहरूबाट श्रमिक तथा उत्पीडित जनसमुदायहरूको सामाजिक न्याय र प्रतिष्ठा तथा सामाजिक सुरक्षामा जोड दिइएको देखिन्छ । सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान जारी हुनुपूर्व नै अन्तरिम संविधान ०६३ ले मौलिक हक खण्डमा मजदुरको सामाजिक सुरक्षालाई आत्मसात गरेको प्रस्ट देखिन्छ। विभिन्न राजनीतिक आरोहअवरोहका बीच ०६७ मा सामाजिक सुरक्षा कोष निर्माण भै श्रमिकको नौलो भविष्यको परिकल्पना सुरुआत भएको देखिन्छ । ०७२ पछि मजदुर श्रमिकको मौलिक हकअन्तर्गत श्रम, रोजगारी र सामाजिक सुरक्षाको नीतिगत प्रत्याभूतिको अभ्युदय भैसकेपछि श्रम ऐन र योगदानमा आधारित सामाजिक सुरक्षा ऐन निर्माण गरियो । पछिल्लो समय आवश्यक नियमावली, राष्ट्रिय निर्देशिका तथा सञ्चालन कार्यविधिसहित सामाजिक सुरक्षा कोष निर्माण भएको पाउन सकिन्छ भने ०७५ साल मङ्सिर १५ यता यसको कार्यान्वयनपक्ष अघि बढिसकेको पाइन्छ । सारमा श्रमिकको स्वास्थ्योपचार, दुर्घटना राहत, बिमालगायत प्रमुख आकर्षण पेन्सन रहेको उक्त योजनामा श्रमिकहरूको आआफ्नो किसिमको सहभागिताको आकलन गरिएको देखिन्छ।

**सुरक्षा योजना**

श्रम र श्रमप्रति कदर गर्ने सम्पूर्ण पक्षको सर्वोपरि हित समेट्ने सुरक्षा योजनामा विशेषगरी औषधिउपचार तथा स्वास्थ्य सुरक्षा, मातृत्व सुरक्षा, दुर्घटना सुरक्षा, अशक्तता सुरक्षा, वृद्ध अवस्था सुरक्षा, आश्रित परिवार सुरक्षा, बेरोजगार सहायता र कोषले तोकेका अन्य सुबिधा गरी विभिन्न योजनाहरू तर्जुमा गरिएका छन् । यसका साथै सरकारी सेवा क्षेत्र, अनौपचारिक निजी क्षेत्र र तोकिएबमोजिम हुने अन्य क्षेत्रको कार्यप्रकृतिअनुरूप थप सुविधाका निम्ति कोषको विनियमावलीमा थप तत्परता देखिन्छ । सुविधाका सर्तहरू नियमभित्र सीमाबद्ध छन् । योगदानकर्ताको अपेक्षा र आकाङ्क्षाले सीमाविहीनताको माग गर्छ । कैयौँ सर्त तथा प्रावधानहरू आकलनको भरमा निर्माण भएका कारण कानुनबमोजिम मात्र आक्रामक देखिने हुँदा श्रमिक हितविरुद्ध खडा नहुनुपर्नेमा जोड रहन्छ । पेन्सन तथा उपदानको सवालमा उमेरहदको प्रसङ्ग जोडिने गरेको छ जुन सर्वस्वीकार्य ठहर्न सकेको देखिन्न । १५ वर्ष वा १८० महिनाको कार्यावधिपछि पेन्सन पाउने र त्यो सुबिधा तोकेबमोजिम हुने भन्नेमा असन्तुष्टि पैदा भएको पाइन्छ । जीवन बिमा, दुर्घटना उपचार खर्च र अन्य योजनाबापत लिनसक्ने सुविधाहरूमा थप लचकताको माग हुने गर्दछ तर विषय फेरि पनि सीमाबद्ध टुङ्गिएको पाइन्छ। मृत्युसंस्कार, आश्रित परिवार राहत, शिक्षा राहतस्वरूप प्राप्त हुने, मातृत्व शीर्षकमा प्राप्त हुने राहतका पक्षमा भएको आंशिक व्यवस्थाले उदाहरण पेस गर्न २०७६ साउन १ को प्रतीक्षा गराएको देखिन्छ । योगदानयोग्य आयमा थप हुने बोनसबारे कोषले कस्तो व्यवस्था गर्ने हो, यसमाथि औपचारिक क्षेत्रको चासो विशेष रूपमा देखिन्छ। निचोडमा योजना तर्जुमा तहको सीमालाई कार्यान्वयन तहले न्यायोचित सम्बोधन गर्न सक्ने कि नसक्ने भन्ने सवाल गहन देखिन्छ।

**उत्पन्न अन्योलको उचित हल वैकल्पिक व्यवस्था**

नेपाल सरकारले समितिको सिफारिसमा कोष विघटन गर्न सक्ने र सरकारको मातहतमा दायित्व सर्ने भन्ने ऐनको दफा ६३, वैकल्पिक कोषको परिकल्पनाका साथ प्रस्तुत नभएकोमा, ऐन जारी हुनुपूर्व सञ्चालनमा आएको प्रारम्भिक कोषले बेहोर्नुपरेको परिघटनाको पुनरावृत्तिको आशङ्का यसमा नरहला भन्न सकिन्न । योगदानकर्ता र आम सरोकारवालासमेतको चासोको विषय श्रमिक तथा विभिन्न श्रमजीवी हितमाथि केन्द्रित बन्न उचित वैकल्पिक कोषको परिकल्पना जरुरी देखिन्छ र योजनामा त्यसको कमी भएको प्रस्ट देखिन्छ। ऐनले उल्लेख गरेअनुसार श्रमशक्ति जसलाइ श्रममा आबद्ध गर्ने र योजनामार्फत सुविधा प्रदान गर्ने विषय अझै ठोस नहुनुले आह्वानका निम्ति आह्वानमा सीमित नहोस् भन्ने देखिन्छ। नीतिगत रूपमा प्रस्ट कतिपय सर्त तथा नियमहरू, नियती स्तरबाट प्रस्ट नबनिसक्दा व्यावहारिक तहमा आशाप्रद रूपले व्यवस्थित बन्न नसकेको जस्तो अध्ययनले देखाउँछ । श्रमिकहरू सरकारको प्रस्ट नीतिका साथसाथै नियतिगत स्पष्टताका पक्षमा देखिन्छन्।

**वैज्ञानिक समाजवाद स्थापनाको अपरिहार्यता**

बलात्कार, बीभत्स हत्या, पीडितमाथिको अन्यायपूर्ण फैसलालगायत अनियमित उदाहरण पर्याप्त लाग्छन् पुँजीवादी संसदीय सत्ताको नक्कली अनुनयका निगाहमा मानवीयता र न्यायिक निष्पक्षता नहुने स्पष्ट देख्न सकिन्छ।। मजदुर श्रमजीवीहरूको युगगत चाहना न्याय, समानता, समृद्धिसँग सम्बन्धित रहेको देखिन्छ । यसका साथै दिगो शान्ति र स्वाधीनताको प्रश्नले अझ महत्व राख्ने गर्दछ। गरिखाने वर्गले मुक्तिको आवाजमा उठान गर्न खोजेको एजेन्डा वैज्ञानिक समाजवाद स्थापनापछि मात्र न्यायपूर्ण तरिकाले हल हुन सक्छ। अन्तर्राष्ट्रिय स्तरमा भएका ऐतिहासिक परिघटना लगभग यसरी नै स्थापित भएका पाइन्छन् । नेपालको पछिल्लो राजनीतिक घटनाक्रम सामाजिक दलाल पुँजीवाद फासिवादउन्मुख र समाजवादउन्मुख एकैसाथ अघि बढिरहेको देखिन्छ । समाजवाद स्थापनाका पक्षमा अभियानरत सरकार तथा सत्ताले फासिवादलाई आफ्नो आन्तरिक मोहरा बनाउन आवश्यक मानिन्छ वा फासिवादी राज्यले समाजवाद स्थापनाको सामर्थ्य राख्दैन। यसका साथै आयोजित योगदानमा आधारित सामाजिक सुरक्षा योजनाको सिलसिलेवार भावनाले यथास्थितिमाथि क्रान्तिकारी ढङ्गले वैज्ञानिक समाजवादी समाजको नेपाली समाज स्थापनाको लक्ष्यलाई आक्रामक रूपले आत्मसात गर्न खोजेको देखिन्छ । नेपाली मजदुरहरूका बीचमा प्रथम सामाजिक सुरक्षा दिवस मनाइरहँदा मुलुकले छिट्टै नै नयाँ युग सुरुआतको अनुभूति प्राप्त हुने ऐतिहासिक घोषणा पाएका थिए। राज्यका तर्फबाट एक विशिष्ट प्रतिबद्धता र आश्वासन पेस भएको थियो । घटनाक्रमहरू कसरी विकास हुन पुगेका देखिन्छन् भने कथित घोषणायता आतङ्कित श्रम बजार श्वेतआतङ्कबाट थप आतङ्कमय बन्दैछ।

# तेस्रो विश्वयुद्धको नयाँ रूप : युद्धको निरन्तरतामा भेनेजुएलामाथि अमेरिकी फौजी आक्रमणको सम्भावना



धर्मेन्द्र बास्तोला

२६ जनवरी २०१९ मा ल्याटिन अमेरिकी देश भेनेजुएलामा राजनीतिक सङ्कट चुलिँदै गएपछि त्यहाँका राष्ट्रपति निकोलस मडुरो (Nicolas Maduro) अवैधानिक भएको र नेसनल एसेम्बलीका नेता ज्वान ग्वाइदो (Juan Guaidó) वैधानिक राष्ट्रपति भएको भन्दै आफैँलाई अन्त्यरिम राष्ट्रपति घोषणा गरेपछि भएको राजनीतिक विकासप्रति हाम्रो पार्टीले एउटा वक्तव्य प्रकाशित गरी सामान्य प्रतिक्रिया र पार्टीको दृष्टिकोण स्पष्ट गऱ्यो । त्यो वक्तव्यमा भनिएको थियो, 'गत शुक्रबार, २३ जनवरी २०१९ मा भेनेजुएलाका राष्ट्रपति निकोलस मडुरोका विरुद्ध अमेरिकी जासुस संस्था सीआईए समर्थित जुवान गाइदोले आफैँलाई अन्त्यरिम राष्ट्रपति घोषणा गरे । वामपन्थी देखिने सरकार र समाजवादको सुषुप्त गन्ध आउने राजनीतिक व्यवस्था, बृहत् जनसमुदायको हितमा हुने कुनै पनि सरकारको पहल र एकाधिकारवादी निगम पुँजीका विरुद्ध हुने जनमतलाई किञ्चित सहन नसक्ने संयुक्त राज्य अमेरिकी निगम पुँजीका विश्वठेकेदारहरूको प्रतिनिधित्व गर्ने साम्राज्यवादी सरकारले भेनेजुएलाको वामपन्थी सुधारवादी सरकारलाई सही रहेको थिएन । विगत लामो समयदेखि सुधारवादी सरकारबाट हुन सक्ने भेनेजुएलाको अर्थतन्त्रमा सुधारको प्रयत्न, राष्ट्रिय पुँजीको विकास गर्ने सरकारी नीति, देशका खनिजहरू : तेलखानी र कृषि उत्पादनलाई बृहत् भेनेजुएली जनताको हितमा प्रयोग गर्ने भेनेजुएलाका पूर्वराष्ट्रपति ह्युगो चाभेज र उनको जीवनपर्यन्त राष्ट्रपति बनेका निकोलस मडुरोविरुद्ध अमेरिकी साम्राज्यवादले बारम्बार आक्रमण गर्दै आइरहेको थियो । भेनेजुएलामाथि अमेरिकी साम्राज्यवाद समर्थित एकाधिकारवादी पुँजीवादीहरूको प्रयोग गर्दै पछिल्लो चरणमा अमेरिकी साम्राज्यवादी कठपुतलीका रूपमा खडा गरिएका जुवान गाइदो अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको समर्थनमा स्वघोषित अन्त्यरिम राष्ट्रपतिको घोषणा गर्न पुगेका छन् । हाम्रो पार्टी कुनै पनि देशको सार्वभौमिकता, जनताको स्वाधीनता र आन्तरिक मामिलामाथि हस्तक्षेप गर्ने अमेरिकी साम्राज्यवादी नीतिको भर्त्सना गर्दछ र यसप्रकारको हस्तक्षेप कुनै पनि देशले कुनै पनि देशमाथि गर्ने नीतिको विरोध गर्दछ ।'

वक्तव्यमा अगाडि भनिएको छ, 'हामी यो पनि स्पष्ट गर्न चाहन्छौँ- देशको अर्थतन्त्रमा जरा गरेको एकाधिकारवादी निगम पुँजीवादका सम्पूर्ण जराहरू समाप्त पार्ने र उत्पादनका साधनहरू पूर्ण रूपले जनताको अधीनस्थ हुने उत्पादन सम्बन्धको स्थापना नगरीकन सुधारवादी प्रक्रियाले कुनै पनि वामपन्थी सरकार साम्राज्यवादी एकाधिकारवादी निगम पुँजीवादको सिकार हुनबाट बच्न सक्दैन र आमूल परिवर्तनबिनाको सुधारवादी अर्थव्यवस्थाबाट जनताको जीवनस्तरमा परिवर्तन आउन सक्दैन । यो तथ्य भेनेजुएलाको 'वामपन्थी' सरकारमाथि बारम्बार भएको अमेरिकी आक्रमण, जननिर्वाचित सरकार र भेनेजुएलाको बृहत् बहुमतले अनुमोदन गरेको 'समाजवादी व्यवस्था' का विरुद्ध भएको पुँजीवादी साम्राज्यवाद समर्थित विद्रोहबाट प्रस्ट भएको छ ।'

हाम्रो पार्टीको दृष्टिकोण स्पष्ट गर्ने गरी यो वक्तव्य प्रकाशित गरिएको थियो । भेनेजुएलामा जुन राजनीतिक घटनाक्रमहरू बढिरहेका छन् तिनले अहिलेको विश्वको राजनीतिक, प्रवृत्तिलाई कसरी प्रतिनिधित्व गरिरहेका छन् ? त्यहाँ भैरहेको के छ र त्यसको विश्वमा पर्नसक्ने प्रभाव के हो ? त्यसको प्रभाव नेपालमा के पर्न सक्छ र हामी कम्युनिस्टहरूले लिनुपर्ने पहलकदमी के हुनसक्छ ? यी विषयहरूमा हामी कम्युनिस्टहरूले छलफल गर्नु आवश्यक छ । यिनै तथ्यहरूलाई ध्यानमा राख्दै यो आलेख तयार गर्न खोजिएको छ ।

### भेनेजुएलामा भएको घटनाक्रम र विश्व–प्रतिक्रियाहरू

जनवरी २३ मा भेनेजुएलाको नेसनल एसेम्बलीका नेता ख्वन ग्वाइडोले आफू अन्त्यरिम राष्ट्रपति भएको घोषणा गर्दै राष्ट्रपति निकोलस मडुरो अपदस्थ भएको घोषणा गरे । यद्यपि यो घटना अकस्मात्को विषय थिएन । त्यहाँको लामो शक्तिसङ्घर्ष र अमेरिकी साम्राज्यवादले निरन्तर रूपमा ल्याटिन अमेरिकी जनतामाथि थोपरेको युद्ध, अपमान, तिरस्कार, म्यानुभरिङको परिणाम थियो । यसमा अमेरिकी साम्राज्यवादी शासकहरूको कुरा मात्र होइन, गार्डियन पत्रिकाका सहसम्पादक ज्याक्सनले भनेजस्तै 'संयुक्त राज्य अमेरिकाको नेतृत्वबिना ल्याटिन अमेरिकी देशहरूमा समस्या समाधान गर्न नसक्ने बानी परेका ल्याटिन अमेरिकी' शासकहरू पनि उत्तिकै जिम्मेवार रहेको देखापर्छ । यो घटनाले ल्याटिन अमेरिकी देशहरूमा मात्र होइन, त्यसले विश्वभर प्रतिक्रिया पैदा गऱ्यो । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले घन्टा पनि बित्न नपाउँदै ग्वाइडो नै वैधानिक राष्ट्रपति भएको घोषणा गरे । अमेरिकी साम्राज्यवादको पछि लाग्ने केही देशहरूले तुरुन्तै प्रतिक्रया दिँदै ग्वाइडोलाई समर्थन गर्ने घोषणा गरे । भेनेजुएलाका ल्याटिन अमेरिकी छिमेकी देशहरू अर्जेन्टिना, ब्राजिल, कोलम्बिया, कोस्टारिका, चिली, गुएना, गुवाटेमाला, होन्डुरस, पानामा, पारागुये, पेरू र उत्तरअमेरिकाको क्यानाडासमेतले ग्वाइडो वैधानिक राष्ट्रपति भएको घोषणा गरे । अमेरिकी साम्राज्यवादी नीति पछ्याउने केही साम्राज्यवादी देशहरूले राष्ट्रपति निकोलस मडुरोलाई तुरुन्त चुनाब घोषणा गर्न भने र साथै के पनि धम्की दिए भने चुनाव नगरेको खण्डमा ग्वाइडोलाई नै औपचारिक राष्ट्रपति भएको स्वीकार गरिनेछ । केही देशहरूले अमेरिकाको विरोध गरेनन् तर उनीहरूले निकोलस मडुरोलाई समर्थन जनाए । यसप्रकारका देशहरूमा दक्षिणअफ्रिका, इजिप्ट, टर्की, भारत, अजरबैजान, बेलरुस र कतार रहे । रुस, चीन र इरानले अमेरिकी कदमको खुलेर विरोध गरे र अमेरिकाको कारबाही भेनेजुएलाको सार्वभौम सत्तामाथिको हस्तक्षेप भएको बताए । त्यति मात्र होइन, यी देशहरूले अमेरिकाको आलोचना के कारणले पनि गरे भने विगतमा विभिन्न देशहरूमा जस्तो 'रेजिम चेन्ज' अथवा सरकार परिवर्तनको नारामा भेनेजुएलाको सरकार अपदस्थ गर्न खोजिरहेको छ र जो आफैँमा अप्रजातान्त्रिक हो ।

विश्वभरि कम्युनिस्ट पार्टीहरू, विभिन्न पार्टीहरूले पनि त्यसमा प्रतिक्रिया दिए र अमेरिकी साम्राज्यवादी नीतिको विरोध गरे । नेपालमा कतिपय पार्टीहरूले यो राजनीतिक घटनाप्रति आफ्नो प्रतिक्रिया दिए । विश्व राजनीतिक ध्रुवीकरणको यो जटिल राजनीतिप्रति हाम्रो पार्टीले पनि आफ्नो वैचारिक राजनीतिक दृष्टिकोण स्पष्ट गऱ्यो ।

### घटनाक्रमको विकास

ख्वान ग्वाइडो आफूलाई राष्ट्रपति घोषणा गर्दा ह्युगो चाभेजले घोषणा गरेको संविधानको प्रावधानमा उभिएको भनियो । भेनेजुएली संविधानको प्रावधानमा भनिएको छ, 'त्यतिबेला नेसनल एसेम्बलीको प्रमुख कार्यकारीको भूमिका निर्वाह गर्न सत्तारोहण हुनेछ जब परिस्थिति राष्ट्रपति पद खाली भएको अवस्थामा पुग्नेछ ।' भेनेजुएलामा यसपटक गत डिसेम्बरमा भएको चुनाव जितेको घोषणा गरी शपथ लिइसकेका मडुरोको राष्ट्रिपति पद कसरी खाली भयो ? गत मे महिनामा भएको चुनावको परिणामस्वरूप राष्ट्रपति मडुरो पुनः विजयी भएको भनिएको थियो । डिसेम्बरमा मडुरो राष्ट्रपतिमा निर्वाचित भएको घोषणा गरीएको थियो र २०१९ को जनवरी १० मा शपथग्रहण गर्ने कार्यक्रम तोकिएको थियो । तर अमेरिकाले क्यानाडाको नेतृत्वमा लिमा समूह गठन गरी भेनेजुएलामाथि ल्याटिन अमेरिकी देशहरूको दबाब बनाइरहेको थियो । यो समूह ११ अगस्त २०१७ मा ल्याटिन अमेरिकी देशहरू र क्यानाडासहित भएर गठन गरिएको थियो जसले भेनेजुएलामा प्रजातन्त्र बहाली गर्नका लागि भेनेजुएलामाथि दबाब दिँदै आएका थिए । पश्चिमा पत्रपत्रिकाहरूमा भनिएको छ, 'ट्रम्प प्रशासनले लिमा ग्रुपलाई प्रोत्साहित गऱ्यो तर आफैँ सहभागी भएन ।' गत वर्षको मे महिनामा मडुरोले चुनाव गराएपछि यो लिमा समूह उपायहरूको खोजी गर्न गत सेप्टेम्बरमा संयुक्त राष्ट्रसङ्घमा बसेको थियो । त्यसमा क्यानाडाको समर्थनमा पानामाले एउटा प्रस्ताव अगाडि साऱ्यो । त्यसमा जनवरी १० लाई नै सङ्घर्षको मोर्चा बनाउन सकिने निर्क्योल गरियो र मडुरोको शपथ कार्यक्रमलाई सङ्घर्षको उथलपुथलतिर तान्ने बिन्दु बनाउने योजना तयार गरियो ।

लिमा समूहले जनवरी ४ मा एउटा वक्तव्य जारी गर्दै भनेको थियो, त्यो समूहका सदस्यहरूले मडुरोको नयाँ अवधिलाई वैधानिक मान्दैन । देखवटी रूपमा ल्याटिन अमेरिका पछाडि हटेको नीति अख्तियार गरेको अमेरिकाले बाहिर तटस्थजस्तो देखाए पनि भित्री रूपमा लिमा समूहमार्फत भेनेजुएलामाथि उथलपुथल गर्ने र आफ्नो कठपुतली पैदा गर्ने षड्यन्त्र गरिरहेको थियो । अमेरिकाको योजना, भित्री पहलकदमी, सीआईएको परिचालनमार्फत पुनः ल्याटिन अमेरिकी देशहरूमा सैनिक हस्तक्षेप गर्ने योजना थियो । अमेरिकी साम्राज्यवादको भित्री पहलकदमी र बाहिर भेनेजुएलाका छिमेकी राष्ट्रहरूका दक्षिणपन्थी शासकहरूको क्रियाशीलताका कारण लामो समयदेखि असङ्गठित भेनेजुएलाका विपक्षी दलहरू एकजुट भैसकेका थिए । जब अमेरिका, लिमा समूह र विपक्षीहरूको संयोजनमा अब उथलपुथल गर्न सकिन्छ भन्ने आकलन गरियो । नेसनल एसेम्बलीका सदस्यहरू ख्वान ग्वाइदो विद्रोही नेताका रूपमा तयार गरिए । सबै नयाँ रणनीतिको वरिपरि जम्मा हुन पुगे र राष्ट्रपतिको पद खाली भएको घोषणा गर्दै ग्वाइदोलाई अन्त्यरिम राष्ट्रपतिको घोषणा गरे ।

### चाभेज–मडुरो सरकार अमेरिकालाई कबाफमा हड्डी

भेनेजुएला क्यारेबियन सागरको छेउमा छ जसको सिमाना कोलम्बिया, ब्राजिल, गुएनासँग रहेको छ । यो पानामाको नजिक र पूर्वमा डोमिनीकन रिपब्लिक र क्युबाको बीचमा रहेको छ । विश्वको अहिलेसम्म प्रमाणित ठूलो तेल भण्डार र विविध खानीहरूले भरिपूर्ण भेनेजुएलालाई अमेरिका आफ्नो लूटको स्रोत बनाउन चाहन्थ्यो । तर भेनेजुएलामा १९९० को दशकदेखि पुँजीवादको विकृत धार संशोधनवाद हाबी हुन पुग्यो र समाजवाद, जनसरकारका नाममा संशोधनवादी, ट्रेड युनियनवादी नेताहरू 'वामपन्थी' खोलबाट निर्वाचित हुन पुगे । ह्युगो चाभेजको विजय र त्यसपछि मडुरोको विजयसम्म आउँदा अमेरिकाका लागि भेनेजुएला कबाफमा हड्डी साबित भैसकेको थियो । किनभने वामपन्थीहरूले सरकारमा जित हासिल गरेको देश भेनेजुएला मात्र थिएन, ल्याटिन अमेरिकाका विभिन्न देशहरूमा पनि वामपन्थीहरूले विजय हासिल गरेका थिए । तर पछिल्ला चुनावहरूमा त्यहाँका वामपन्थीहरूलाई बढार्न अमेरिका सफल भयो र 'डेमोक्रेटिक तरिका' ले त्यहाँ धमाधम 'रेजिम चेन्ज' भए । तर भेनेजुएलामा सन् १९९८ देखि २०१८ सम्म भएका १५ चुनावहरूका १२ चुनाव चाभेज-मडुरोको समाजवादी पार्टीले जितेको थियो ।

चाभेज-मडुरोको समाजवादी पार्टीले चुनाव जित्ने मात्र काम गरेन, त्यो सरकारले ल्याटिन अमेरिकामा भैहरको अमेरिकी दबदबाका विरुद्ध वैकल्पिक बाटोहरू खोज्न थाल्यो । यो अमेरिकाका लागि सहिसक्ने कुरा थिएन । यसको परिणाम प्रजातन्त्रको मसिहा बताउने अमेरिकाले प्रजातन्त्रको स्थापना गर्न भन्दै भेनेजुएलाको आर्थिक, राजनीतिक र सामाजिक व्यवस्था खलबल्याउन षड्न्त्रपूर्ण कामहरू भित्रभित्रै गर्दै गयो । जुन कुरा पश्चिमा पत्रपत्रिकाहरू र सूचनाहरू एकत्रित गर्ने लेखकहरूले प्रस्ट गरेका छन् । राजनीतिक हिसाबले भेनेजुएलामा २०१८ को चुनावको परिणामलाई ल्याटिन अमेरिकी देशहरूबाट अस्वीकार गर्ने बनाइयो । भेनेजुएलामाथि विरोधीमाथिको दमन, मानवअधिकारको उल्लङ्घन, आर्थिक सङ्कट, देशभित्र अत्यधिक अभाव सिर्जना र व्यापक भ्रष्टाचारका मुद्दाहरू उठे । त्यसमा भेनेजुएलाका तमाम नागरिकहरू ल्याटिन अमेरिकी देशहरूमा आप्रवासन हुनु र शरणार्थी भएर प्रवेश गर्नुले त्यहाँको आर्थिक सन्तुलन र राजनीतिक तनाव पैदा गर्ने भनियो ।

अमेरिकी बुद्धिजीवीहरू, पत्रकार र विश्लेषकहरू मान्छन्, पश्चिम गोलार्द्धका शासकहरूसँग कूटनीतिक सम्बन्धमा अमिलोपन आएपछि मडुरोको सम्बन्ध पूर्वी गोलार्द्धका देशहरूसँग बढी विकसित हुन पुग्यो । यसको परिणाम राजनीतिक सङ्कटमा परेको भेनेजुएलालाई आर्थिक सहयोग गर्दै भेनेजुएलामा आफ्नो आर्थिक स्वार्थ पूरा गर्ने उद्देश्यमा लागेको देखापऱ्यो । कतिपय देशहरूले भेनेजुएलाको 'वामपन्थी' बाटो समातेको सरकार भएको कारण पनि वैचारिक निकटता पनि प्रदर्शन गरे जसको परिणाम त्यो मडुरोको सरकारलाई अन्तर्राष्ट्रिय वैधता दिने गरे । यद्यपि पूर्वी गोलार्द्धका देशहरू रुस, चीन र इरानसँग मडुरोको सम्बन्ध भए पनि विविधतालाई एक ठाउँमा ल्याउन सक्ने मडुरोको प्रखर क्षमताले व्यक्तिगत सम्बन्ध, आर्थिक प्रलोभन र वैचारिक आवरणको कूटनीतिमार्फत एक ठाउँमा ल्याएको पश्चिमाहरूले मान्ने गरेका छन् जसका कारण देशमा आवश्यक पर्ने नगद प्रवाह गर्न सकियो र देशभित्र र बाहिरको राजनीतिमा समेत परिचालन गर्न सकियोस् ।

### भेनेजुएलाको आर्थिक सम्बन्ध

भेनेजुएलामा 'वामपन्थी सरकार' बनेपछि अमेरिकी देशहरूमा अमेरिका एक्लिँदै गएको स्पष्ट थियो । उसले एकपछि अर्को गरी देशहरूलाई आर्थिक एवम् राजनीतिक क्षेत्रमा आफ्नो नियन्त्रणमा राख्ने गरेको अवस्थामा चाभेज-मडुरो सरकारले अमेरिकाभन्दा बहिर आफ्नो आर्थिक सम्बन्ध विस्तार गरे । विश्वकै सबैभन्दा ठूलो तेल खानी अमेरिकी बजारको एकलौटी हुन नदिने र विश्वका बजारमा पुऱ्याउन त्यो सरकारले पहल गऱ्यो जसको परिणाम विश्वका विभिन्न देशहरूसँग महत्वपूर्ण व्यापारिक सम्झौताहरू गरिए । भेनेजुएलामा अमेरिकी साम्राज्यवादबाट बारम्बार राजनीतिक अस्थिरता सिर्जना गर्ने, आर्थिक नाकाबन्दी लगाउँदै जाने र जनजीवन अस्तव्यस्त पार्ने सम्भावनाले लगानीमा रिस्क (चुनौती) भए पनि संसारमै प्रमाणित भएको सबैभन्दा ठूलो तेलखानी भएका कारण, संसारका व्यापारीहरूका लागि साझेदारी गर्ने आकर्षक देश बन्यो । तेल, ग्याँस र अन्य प्राकृतिक स्रोतहरू जस्तो सुन, कोइला र कम्साइट भएको कारण भेनेजुएलाले आर्थिक प्रयोजनका लागि धेरैलाई आमन्त्रित गऱ्यो । यो सम्पदाबाट बढी फाइदा लिने देश भनेको चीन र रुस बनेका छन् । जतिबेला साउदी अरबसहित तेल उत्पादक देशहरूले निर्यातका लागि उत्पादनलाई कटौती गरेका थिए, त्यो समयमा रुस र चीनलाई तेल निर्यात गर्ने देश भेनेजुएला बनेको थियो ।

अमेरिकी कम्पनीहरूले यहाँको प्राकृतिक स्रोतमा चासो दिएका थिएनन् किनभने उनीहरूले आफ्ना सहयोगी देशहरूले पहिले त्यहाँको शासन व्यवस्था परिवर्तन पर्खिरहेका थिए । यी देशहरूले परम्परागत साझेदारसँगको सम्बन्धलाई कम गर्ने र बजारलाई परिवर्तित गर्ने सम्भावना हेरिरहेका थिए । ती कम्पनीहरूले भेनेजुएलामाथि नाकाबन्दी पर्खिरहेका थिए र नाकाबन्दी हुने डरले लगानी नगर्ने बताउँथे तर आफ्ना उत्पादित सामानहरू खपत गर्ने भेनेजुएलाको आन्तरिक बजारमा लगानी गर्ने पक्षमा देखिन्थे ।

अमेरिका सम्बद्ध लगानीकर्ताहरूको पर्खाईका बाबजुद भेनेजुएलाले अरू देशहरूसँग महत्वपूर्ण व्यापार सम्झौता गर्दै गयो जसमा भारत एउटा देश हो जसले यी प्राकृतिक स्रोतहरूबाट फाइदा लिन चाहन्थ्यो । भारतका लागि कच्चा तेल निर्यात गर्ने दश प्रमुख देशहरूभित्र भेनेजुएला पर्छ । भारतले भेनेजुएलाबाट कच्च तेल सन् २०१७-१८ मा ५.८ अर्ब अमेरिकी डलरको आयात गरेको थियो र ४.६ अर्ब डलरबराबरको तेल २०१८ को अप्रिलदेखि अक्टोबरसम्ममा आयात गरेको थयो । भारतीय अधिकारीहरू भेनेजुएलाको बजारबाट तेल आयात गर्न र अफ्ना सामान बिक्री गर्नु निकै महत्वपूर्ण हुने मान्छन् । भारत सरकारले भेनेजुएलाको व्यापारमा हुने भुक्तानीको आधार डलरमा नभएर भारतीय रूपैयाँमा गर्न खोजिरहेको छ । सन् २०१८ को मार्च १५ मा प्रकाशित ग्लोबल रिसर्चका अनुसार भेनेजुएलाका विदेशमन्त्री ≈वर हेर्रे आथा (व्यचनभ ब्चचभबशब) ले आफ्नो ल्याटिन अमेरिकी देश भारतसँगको व्यापार तथा नगदी आदानप्रदानमा अमेरिकी डलरको सट्टा भारतीय राष्ट्रिय मुद्राको प्रयोग गर्न इच्छुक भएको बताएका थिए । भारतीय दैनिक पत्रिका टाइम्स अफ इन्डियाले भनेअनुसार हेर्रे आथाले भनेका थिए, 'हामी डलरको प्रयोग एकरत्ति पनि गर्न चाहँदैनौँ ।' उनले भनेका थिए, 'हामी प्रविधि, खाद्य उत्पादन, यन्त्रहरू भारतीय रूपैयाँमा भुक्तानी गर्न चाहन्छौँ । भारतले पनि हामीलाई अमेरिकी डलरमा होइन, भारतीय रूपैयाँमा नै भुक्तानी देओस् भन्ने चाहन्छौँ ।' पश्चिमा विज्ञहरू बताउँछन्- भेनेजुएला सङ्कटमा परेको कारण मोदी सरकार भेनेजुएलासँग तेलको मोलतोल गर्न सुविधाजनक अवस्थामा हुनेछन् र भारत यो अवस्थालाई गुमाउन चाहँदैन । अमेरिकी हस्तक्षेप र अपहेलनाको सिकार बनेको भारतका सत्ताप्रमुखहरूमा भारतका प्रधानमन्त्री नरेन्द्र मोदी पनि हुन् जसले भेनेजुएलासँग आर्थिकभन्दा बाहिर तमाम विषयमा साझेदारी गर्न चाहन्छन् । पश्चिमा देशसँग सम्बन्ध बनाउने प्रयत्न गर्नुका बाबजुद मोदी सरकार मडुरोसँग द्विपक्षीय राजनीतिक र आर्थिक सम्बन्ध विकास गर्न चाहन्छन् । ल्याटिन अमेरिकामा बलियो पाइला राख्ने अवसर खोजेको भारतले तेलको धनी भेनेजुएलासँग बलियो सम्बन्ध बनाउन चाहन्छ । भारत पश्चिमा देशहरू खासगरी अमेरिकी आह्वानको अस्वीकार गर्दै ग्वाइडोलाई राष्ट्रपति मान्न तयार भएन । उसले त्यहाँको राजनीतिक समस्या आपसी वार्ताका माध्यमबाट समाधान होस् भन्ने प्रतिक्रिया दियो । त्यस्तै कतारले पनि पश्चिमा आह्वानलाई स्वीकार गरेन र घटनाक्रमहरूलाई गम्भीर तरिकाले हेरिरहेका छन् र अहिले मडुरोलाई नै समर्थन गरिरहेका छन् ।

त्यस्तै इजिप्ट सरकारले पनि भेनेजुएलासँग व्यापारका अन्य क्षेत्रहरूको अतिरिक्त ऊर्जा क्षेत्रमा सम्बन्ध बनायो । त्यसमा भेनेजुएलासँग बृहत् आर्थिक साझेदारी गर्ने, दुई देशबीच लगानी गर्ने सहमति इजिप्ट र भेनेजुएलाले गरे ।

भेनेजुएलासँग व्यापक आर्थिक साझेदारी गर्ने देश टर्की हो । टर्कीले सन् २०१८ मा भेनेजुएलाबाट ९० करोड अमेरिकी डलरको सुन खरिद गरेको थियो जसको तौल २३.६ टन थियो । त्यस्तै भेनेजुएलाले टर्कीमा आफ्ना अधिकारीहरू पठाएको थियो जसले त्यस्ता लगानीकर्ताहरूलाई आकर्षित गरून् जसलाई सुन प्रशोधनका लागि अनुमतिपत्र दिन सकियोस् ।

टर्कीको व्यापार भेनेजुएलासँग धेरै ठूलो भएको देखिन्छ । एउटा तथ्याङ्कअनुसार २०१३ देखि २०१७ सम्म ५ वर्षको अवधिमा भेनेजुएला र टर्कीका बीचको व्यापार ८० करोड ३६ लाख अमेरिकी डलरबराबर थियो, त्यो २०१८ को पहिलो ५ महिनामा मात्र ८९ करोड २४ लाख डलरबराबर पुग्यो । भेनेजुएलामा टर्कीको निर्यात सन् २०१६ को तुलनामा २०१७ मा १०८ प्रतिशतले बढेर ३ करोड ७५ लाख अमेरिकी डलर पुग्यो । यो सङ्ख्या २०१८ मा अझ बढेर निर्यात ५ करोड ४२ लाख पुग्यो भने आयात ८३ करोड ४२ लाख पुग्यो । टर्कीका राष्ट्रपति रेसप ताई एर्दगानले २०१८ को डिसेम्बरमा काराकस पुगेको समयमा भनेका थिए, 'भेनेजुएलालाई आवश्यक पर्ने बहुसङ्ख्यक सामानहरू टर्कीले पूरा गरिदिनेछ ।' एउटा तथ्याङ्कअनुसार भेनेजुएलाका लागि आवश्यक पर्ने खाद्य कार्यक्रमको ६९ प्रतिशत सामानहरू टर्कीले निर्यात गरेको थियो । अरू देशका हवाईउडानहरू काराकासको आकाशमा बन्द गरिँदा टर्कीका राष्ट्रिय ध्वजावाहक विमान तुर्किस एयरलाइन्सले उडान भरेको छ ।

आर्थिक लगानीका क्षेत्रमा भारत, टर्की इजिप्टलगायत अरू देशहरूले पनि हात बढाएका छन् । भेनेजुएलासँग यसप्रकारको हात बढाउने मध्यपूर्वको देश कतार पनि हो । आर्थिक क्षेत्रमा परस्पर सहयोग र ऊर्जाको विषयमा छलफल गर्न मडुरोले २०१५ र १६ मा दोहाको भ्रमण गरेका थिए । भेनेजुएलाको सरकारी पेट्रोलिएम कम्पनी पीडीभीडीएसएले ऊर्जाका विषयमा कतारको ऊर्जा कम्पनीसँग धेरैपटक वार्ता गरेको छ जसमा कतारले भेनेजुएलामा ७ अर्ब डलर लगानी गर्ने सहमति जनाएको थियो । यसैगरी बेलारुसले पनि भेनेजुएलामा लगानी गर्ने र भेनेजुएलाले बेलारुससँग विभिन्न आर्थिक सम्झौता गर्ने सहमति गरेका छन् ।

........ (क्रमशः अरर्को अङ्कमा)

# एक अथक योद्धाप्रति

उदयबहादुर चलाउने 'दिपक'



इतिहासले समयका निश्चित खण्डहरू पूरा गर्न क्रान्तिको आँधीमय झोंक्का सामना गर्नुपर्ने एक सर्वव्यापी नियम हो। क्रान्तिको त्यस प्रक्रियामा नयाँ र पुरानो वर्गबीच भीषण लडाइँ हुन्छ। सामान्यतः नयाँ वर्गले विजय प्राप्त गर्छ र पुरानो वर्ग पराजित हुन्छ। नयाँ वर्ग यसर्थ विजयी हुन्छ किनकि ऊ पुरानोको तुलनामा जहिले पनि क्रान्तिकारी हुन्छ। वर्गयुद्धको त्यो भीषण प्रक्रियामा वर्गहरूले आआफ्नो तर्फबाट केही असाधारण व्यक्तिहरूलाई युद्धको नायकत्व सुम्पिन्छन् र ती व्यक्तिहरू सदा अविस्मरणीय हुन्छन्। त्यो नै इतिहासको अनिवार्य सर्त हुन जान्छ। हो, तिनै केही निश्चित व्यक्तिहरूमार्फत इतिहासले आफूलाई निरूपित गर्दछ र समयको कार्यभार पूरा गर्दछ।

विगत दसबर्से जनयुद्ध नेपाली इतिहासको एक निकै महत्वपूर्ण खण्ड थियो। पक्ष र विपक्षको सीमारेखाभन्दा माथि उठेर हेर्ने हो भने नेपाली समाजको अग्रगामी रूपान्तरणलाई जनयुद्धले अग्रगति प्रदान गरेको तथ्य इतिहासप्रति इमानदार हरकोही मान्छेका लागि अब इन्कारीको विषय हुन सक्दैन। भलै जनयुद्धको लक्ष्य भने पूरा हुन सकेन, त्यो अर्को तीतो यथार्थ हो। लक्ष्यमा अपूर्णता हुँदाहुँदै पनि जनयुद्धको स्थान नेपाली इतिहासमा सदा उँचो रहनेछ किनकि जनयुद्धको उचाइ वर्गप्रतिद्वन्द्विताले पैदा गरेको र सर्वहारा वर्गले आफ्नातर्फबाट चुक्ता गरेको त्याग, समर्पण र वीरताको हालसम्मकै सर्वोच्च उचाइ हो। सर्वहारा वर्ग र उत्पीडित समुदायका तर्फबाट व्यक्त त्यो उचाइ कुनै व्यक्ति वा समूहको उचाइ नभएर सिङ्गो वर्गको उचाइ हो।

जनयुद्धको महान् यात्रामा हजारौं नायकनायिकाहरूको जन्म भयो। उनीहरूको त्याग, समर्पण र वीरताका गाथाहरूले भरिपूर्ण जनयुद्धको इतिहास अमिट भएर लेखिएको छ जसमध्यकै एक नायकको सम्झनामा, उनको सम्मानमा र उनीप्रति श्रद्धाञ्जलीस्वरूप यो आलेख सपर्मण गर्न चाहन्छु।

२०६१ सालको जनयुद्ध दिवस भर्खरै पूरा भएको थियो। सामान्यतः फागुनको महिना हाम्रा लागि उत्सवको महिना हो। तर लडाइँको मैदानमै यसपटकको जनयुद्ध दिवस मनाइयो। फागुन महिनाको १६ गते, रातभरिको यात्राले लखतरान भएर जनमुक्ति सेना घोराही-सतबरिया दोस्रो ब्रिगेडको एउटा टुकडी बर्दिया उत्तरपूर्वको एउटा गाउँमा हामी बिहानको करिब ४ बजेतिर पुग्यौं। दिनभर त्यही गाउँमा बस्ने हाम्रो पूर्वयोजना नै थियो। जनताको न्यानो मायासहित स्थानीय पार्टी समितिका कमरेडहरूको सक्रियतामा बिहानको खाना खाइसकेपछि प्रायः कमरेडहरू अघिल्लो रातको अनिद्रालाई पूरा गरिरहनुभएको थियो। सूर्य मध्याह्नको ढल्काइसँगै ओरालो झर्दै थियो। आकाशमा हेलिकोप्टरको गडगडाहट सुनियो। हेलिकोप्टरको आगमन प्रायः लडाइँको सूचना हुन्थ्यो। बिनालडाइँ हेलिकोप्टर नेपाली आकाशमा सायदै उड्थ्यो। हामी सतर्क भयौं। जनता पनि चनाखो भएर हाम्रो वरपर कान थापिरहेका थिए। कतै हाम्रै लागि त होइन ? सबैतिरका सूचनाहरूको निष्कर्षमा हेलिकोप्टरको उडान जब हाम्रा लागि होइन भन्ने पक्का भयो तब अन्य कमरेडहरू भएतिर हाम्रो ध्यान मोडियो। हामी बसेको गाउँका जनतालाई ढुक्क हुन भन्यौं।

गएको मङ्सिर एक गते धादिङको कृष्णभीर, बाँकेको मुगुवा-खैरीखोलाबाट सुरु भएको प्रत्याक्रमण देशभर दर्जनौं ठूला भिडन्तहरूसम्म पुग्दा शाही नेपाली सेनातर्फ उल्लेख्य क्षति भइसकेको थियो। पश्चिमनेपालको पण्डौन भिडन्त यसबीचको एउटा महत्वपूर्ण मोर्चा बनेको थियो। शाही नेपाली सेनाको रेन्जर फोर्ससँग त्यहाँ लडाइँ भएको थियो। हुनत नेपाल वान टेलिभिजनका कारण कृष्णभीरको लडाइँ निकै चर्चामा रह्यो तर पनि पण्डौन सामरिक दृष्टिले निकै मर्मभेदी थियो। त्यो कुराको मर्मबोध जनमुक्ति सेनाको उच्च कमान्डलाई त थियो नै। शाही नेपाली सेनाको उच्च कमान्डलाई पनि थियो भन्ने कुराको प्रमाण पण्डौनबारे सम्प्रेषित सरकारी समाचारले प्रमाणित गरिदिएको थियो। पाण्डौनका बारेमा सम्प्रेषित सरकारी समाचारमा 'जनमुक्ति सेनातर्फ सयौं व्यक्तिहरू मारिएको र त्यसअन्तर्गत पश्चिम कमान्डमा कार्यरत लडाकु कमान्डर जितको समेत मृत्यु भएको' भन्ने थियो। जनयुद्ध कालमा सरकारी समाचारप्रति माओवादी पङ्क्तिमा एकप्रकारको ठट्टा नै चल्ने गर्थ्यो। कसैलाई 'कति ढाँटेर कुरा गरेको' भन्नुपर्‍यो भने 'के रेडियो नेपालको जस्तो हावा कुरा गरेको' भन्ने गरिन्थ्यो। पण्डौनको लडाइँमा कमरेड जितको प्रसङ्ग जोड्नु शाही नेपाली सेनाका लागि सामान्य कुरा थिएन। जित जनमुक्ति सेनामा एक अविजित नाम थियो। एक आदर्श नाम थियो जसको कम्पन शाही नेपाली सेनाको पङ्क्तिमा समेत पुगिसकेको त्यसले प्रमाणित गर्थ्यो।

शाही नेपाली सेनाको हेलिकोप्टरबारे जब हाम्रा सञ्चारसाधनहरूमार्फत पश्चिम डिभिजन कार्यालयमा सम्पर्क भयो, हामीलाई सूचित गरियो- 'बर्दियाको गणेशपुरमा विशेष कार्यदलसँग भिडन्त भएको खबर छ।' मैले सोधेँ- 'हाम्रो योजनामा हो कि, दुस्मनको योजनामा ?' उताबाट खबर थियो- 'हाम्रै योजनामा हो रे।'

आकाशमा हेलिकोप्टरको ओहोरदोहोर बाक्लिँदै थियो। हामी पनि डिभिजन कार्यालयको निरन्तर सूचना सम्पर्कमा थियौं। समय बित्दै थियो र हामीलाई प्राप्त सूचनामा केही तनाव र हडबडाहटको आभास बढिरहेको थियो। हामीले सपोर्टका लागि आदेश माग्यौं तर त्यो सम्भव थिएन। केवल प्रतीक्षाबाहेक हाम्रो अगाडि तत्काल अन्य कुनै विकल्प थिएन। पछिल्ला खबरहरूले केही राहत मिल्यो- 'डिभिजन सहकमान्डर विविध सम्पर्कमा पुग्नुभयो रे। आठौं ब्रिगेडको सहकमान्डर विकल्प पनि सम्पर्कमा पुग्नुभयो रे। केही कमरेडहरू क्रमशः सम्पर्कमा पुग्दै हुनुहुन्छ।' खबरको अर्को अंश थियो- '... तर जितको टोली दुस्मनको घेरा भित्रै छ रे।' पछिल्लो वाक्यले मुटुको धड्कन तीव्र बनाइरहेको थियो- जितको टोली दुस्मनको घेराभित्रै छ रे।

जित जसले लडाइँको मैदानमा हरप्रतिकूलतालाई अनुकूलतामा फेर्ने साहस राख्थ्यो। ऊ सहभागी भएको लडाइँ सामान्यतः हारिँदैनथ्यो पनि। लडाइँको खबरले हामीलाई सुरुमा उत्साहित बनायो। जनयुद्धका पछिल्ला लडाइँहरूमा, त्यो पनि बाहिरी पङ्क्तिका लडाइँहरूमा हामीले हार्नुपरेको खासै थिएन। योजनाबद्ध लडाइँ भएको भए पक्कै पनि जितिन्छ भन्नेमा हामी ढुक्क थियौं तर पनि युद्धको अनिश्चिततालाई नकार्न भने सकिँदैनथ्यो।

लडाइँको परिणाम के भयो होला ? उद्वेलित मनलाई शान्त पार्न डिभिजन कार्यालयको सेटमा निरन्तर सम्पर्क गरिरहेका थियौं। तर प्रत्येकपटकको जबाफ हाम्रा लागि केही अनपेक्षित बन्दै गइरहेको थियो। बर्खामासको रातमा कालो बादलको पर्दाले चन्द्ररोशनी सुलुत्त निलेझैं हाम्रो आशाको जून प्रत्येकपटकको सेटका जबाफले मलिन बन्दै गइरहेको थियो। समय साँझ पर्दै गइरहेको थियो, हाम्रो टिममा आशङ्का र चिन्ताको घुम्टोले छोप्दै गइरहेको थियो।

२०६१ सालको मध्यतिर हो सायद, नवगठित पश्चिम डिभिजनको डिभिजनल स्टाफको बैठक बस्यो। पार्टी केन्द्रीय समितिले प्रत्याक्रमणको रणनीति पास गरेको थियो। त्यसको फौजी कार्यान्वयन गर्न जनमुक्ति सेनालाई तीन डिभिजनमा 'अप' गरिएको थियो जसमध्येकै हाम्रो पश्चिम डिभिजनअन्तर्गत घोराही सतबरिया दोस्रो ब्रिगेड, लिस्ने-गाम तेस्रो ब्रिगेड र बहुवीर योद्धा आठौं ब्रिगेड रहेका थिए। प्रत्याक्रमणको पहिलो योजना लागू गर्न स्टाफले डिभिजन सहकमान्डर विविधको नेतृत्वमा एउटा विशेष कार्यदल गठन गर्‍यो। त्यसको सहकमान्डरमा जितलाई नियुक्त गरिएको थियो। तीनवटै ब्रिगेडहरूबाट बाँकी नेतृत्व र जनशक्ति तोकिएबमोजिम केन्द्रित गरियो। बाँकी जनशक्ति लिएर सबै ब्रिगेडहरूले आआफ्नो कार्यक्षेत्रमा 'एक्सन' हरू गर्ने नीति बन्यो।

प्रेमबहादुर रोका अर्थात् कमरेड जित तत्कालीन घोराही सतबरिया दोस्रो ब्रिगेडको कमान्डर हुनुहुन्थ्यो। उहाँलाई कार्यदलमा पठाएपछि मेरो राजनीतिक नेतृत्व र ब्रिगेडको सहकमान्डर सन्तोष (दुर्गाप्रसाद चौधरी) कमरेडको फौजी कमान्डमा हाम्रो कार्यक्षेत्रअन्तर्गतको अर्को एक्सन टिम गठन गर्‍यौं। ब्रिगेड कमिसार कमरेड उद्धवको नेतृत्वमा तालिम र प्रशिक्षणका कामहरू निश्चित गरिए।

केही दिनअघि मात्र बर्दियाको कुनै गाउँमा डिभिजन स्टाफको अनौपचारिक वैठकमा जितलगायत स्टाफका धेरैजसो कमरेडहरूसँग भेट भएको थियो। यसपटक डिभिजनका तर्फबाट पहिलो फायर ओपन हाम्रो र तेस्रो ब्रिगेडले एकसाथ गरेको थियो। मङ्सिरको १ र २ गते लगातार बाँकेको मुगुवा र खैरी खोलामा हाम्रो टिमले सत्ताको संयुक्त (सेना र प्रहरी सम्मिलित) फोर्ससँगको लडाइँबाट ८ थान एसएलआर, एक थान टु इन्च मोर्टार र एक थान एसएमजी बिनाकुनै क्षति खोस्न सफल भएको थियो। मङ्सिर १ गते नै कैलालीको आमखैयामा भएको लडाइँमा कार्यदल र तेस्रो ब्रिगेड सम्मिलित टोलीले ६ थान हतियार कब्जा गरेको थियो। त्यसको लगत्तै मङ्सिर ५ गते विशेष कार्यदलको मुख्य नेतृत्वमा पण्डौन लडिएको थियो। पण्डौनबाट ६ थान एम सोह्र राइफल कब्जा भएको थियो। त्यसको लगत्तै धनगढी कारागार कब्जा भयो। अरू केही दिनपछि आठौं ब्रिगेडले पनि कैलालीको चिसापानीमा (२०६१ पुस ७) शाही नेपाली सेनाको एउटा गस्ती युनिटमाथि आक्रमण गरेर आफ्नो कोटा पूरा गरेको थियो। त्यो लडाइँ पनि शानदार सफल भएको थियो।

बर्दियाको सदरमुकाम गुलरिया कब्जाको योजना खुल्न गएपछि समीक्षाका लागि डिभिजन स्टाफलाई बोलाइएको रहेछ। समीक्षासहित नयाँ योजना बनाएर सबै ब्रिगेडहरू आआफ्नो कार्य क्षेत्रमा जाने निर्णय भयो। ब्रिगेडहरूले फेरि पनि आआफ्नो कार्यक्षेत्रमा कारबाहीहरू गर्ने भन्ने थियो। जितलगायत विशेष कार्यदल यसपटक आठौं ब्रिगेडको कार्यक्षेत्र बर्दियामै रहने भयो। उक्त भेटमा जित कमरेडले अघिल्लो खैरीखोला एम्बुसको प्रसङ्ग जोड्दै यसपटक पनि बिनाक्षति कारबाही सफल भएकोमा निकै खुसी प्रकट गर्नुभयो। २०६१ जेठ ३२ गते खैरीखोलामै सशस्त्र प्रहरीकै दुई गाडी एम्बुसमा पारेर बिनाक्षति ३१ थान हतियार कब्जा भएको थियो। त्यो योजनाको मुख्य फौजी कमान्ड जितजीकै थियो। दुई दिनसम्मको बसाइ र छलफलपछि एकआपसमा बधाई साटासाट गरेर हामी बिदा भयौं।

'जितलगायत ठूलो टिम दुस्मनको घेरामा परिसकेको बुझिन्छ', डिभिजन कार्यालयको यो खबरले हामी स्तब्ध भयौं। खबरको निचोडमा जितलगायत धेरै कमरेडहरूको सहादत भएको हुनसक्ने अनुमान थियो। साँझ अबेरसम्मको खबर आदानप्रदानपछि आजको रात त्यही ठाउँमा बस्ने निर्णय गरियो। भोलिपल्ट, छुटेका केही कमरेडहरू सम्पर्कमा आउनुभएको थप खबर आयो। कताकति मनको एउटा कुनामा जित कमरेड पनि त्यसैगरी टुप्लुक्क आइदिए हुन्थ्यो भन्ने झिनो आशा जागेर आउँथ्यो। तर त्यो आशा केवल आशामा मात्र सीमित भइदियो। कमरेड जितसँगै दर्जनौं कमरेडहरूको सहादत भएको पुष्टि भयो।

एउटा अकल्पित खबर ! मुटु चिरा पार्ने खबर ! अन्तिममा त्यही भयो जो हामी बिल्कुल चाहँदैनथ्यौं। एउटा होनहार कमान्डरलगायत दर्जनौं कमरेडहरूको सहादतले सिङ्गो डिभिजन शोकमा डुब्यो। जनयुद्धको इतिहासमा गणेशपुर मोर्चा सबैभन्दा उच्च स्तरको कमान्ड र धेरै हतियार गुमेको घटनामा दर्ता भयो।

केही दिनपछि हाम्रो ब्रिगेडबाट विशेष कार्यदलमा गएका कमरेडहरूसँग भेट भयो। विशेषतः जितको अङ्गरक्षक अमर भाइसँग भेट भएपछि उहाँका बारेमा सम्पूर्ण घटना जानकारी भयो। अमरलाई भेटेर सोधेपछि उहाँले भन्नुभयो, 'लडाइँको सुरुमा हाम्रो टिमले दुस्मनलाई लखेट्दै लग्यो। जब जनताका घरहरूमा उसले मोर्चा लियो हाम्रो लडाइँ केही लम्बियो। त्यही मौकामा उसको थप टोलीले हामीलाई घेरामा पार्‍यो। उसको ठूलो फोर्स नजिकै रहेछ। त्यो हामीलाई थाहा भएन। हामी घेरामा परिहाल्यौं। जित दाइलाई दुस्मनले घेरा हालिसकेको पहिलो जानकारी दिँदा उहाँले पत्याउनुभएन। उल्टै काँतर... भनेर हप्काउनुभयो। पछि जब उहाँ आफैँले थाहा पाउनुभयो, दुस्मनको घेरा निकै कसिलो भैसकेको थियो। दाइले जीपीएमजी टिमलाई ब्याक गराउनुभयो। खै कसरी हो जीपीएमजी टोली निस्कन सकेछ। त्यसको लगत्तै उहाँलाई गोली लाग्यो। उहाँले मलाई छिटो घेरा तोड्न भन्नुभयो। म निस्कन सक्दिनँ होला, तपाईं छिटो निस्कनुस् भन्नुभयो। मैले नमानेपछि उहाँले हकार्नुभयो। खै कतिबेला हो, म निस्केछु।' बोल्दाबोल्दै उहाँका आँखाबाट बलिन्द्रधारा आँसु बग्न थाले। उहाँ बर्बराउन थाल्नुभयो- 'ठोक ठोक ! जित दाइ ! जित दाइ !' गणेशपुर लडाइँपछि अमर भाइ कहिलेकहीं यसैगरी निसास्सिने र बर्बराउने गर्नुहुन्छ। जब उहाँ बर्बराउन थाल्नुहुन्छ उहाँले भन्ने वाक्यहरू हुन्छन्- 'ठोक ! ठोक ! जित दाइ ! उताबाट दुस्मन आइसक्यो, घेरा तोडौं ! ब्याक होऔं !' यस्तैयस्तै।

महान् जनयुद्धको आँधीमय यात्रामा सयौं वीर योद्धाहरूको सहादत भएको छ। हजारौं आमाबाबा, दाजुभाइ र दिदीबहिनीहरूको बलिदान भएको छ। उहाँकै एकजना सहोदर भाइ पनि सहिदको पङ्क्तिमै खडा हुनुहुन्छ। सहिदहरू सबै समान छन्। तिनका बलिदानको मूल्य समान छ। तर पनि कमरेड जितको चरित्र भने अवश्य फरक छ। उहाँले आफूलाई आमजनता र आमयोद्धाभन्दा माथि उठाउनुभएको थियो। उहाँको पहिचान केही विशिष्ट थियो। उहाँको आलोचना हुन्थ्यो लडाइँपछि- 'जितले कभर नलिएरै लड्छ।' कैयौं मोर्चामा उहाँ घाइते हुनुभएको थियो तर त्यसको पत्तो प्रायः लडाइँ सकिएपछि मात्र हुन्थ्यो।

अछाम मङ्गलसेन (२०५८ चैत) को लडाइँमा उहाँले समातेको एके ४७ राइफलको म्यागेजिनमा दुस्मनले प्रहार गरेको गोली लाग्यो। उहाँ संयोगले बच्न सफल हुनुभएको थियो। म्याग्दीको सदरमुकाम बेनी (२०६० चैत) आक्रमणमा उहाँको खुट्टामा गोली लागेको थियो। त्यहाँ पनि ऊहाँ बच्नुभयो। पश्चिमनेपालमा उहाँ सहभागी नभएको लडाइँ नै छैन भन्दा पनि हुन्छ। जनयुद्धको उद्घोष गर्न २०५२ साल फागुन १ गते उहाँ रुकुमको राडी प्रहरीचौकी कब्जाको कारबाहीमा जानुभएको थियो। २०५३ साल पुसको डोल्पा त्रिवेणी प्रहरीचौकी कारबाही, २०५५ जाजरकोट गल्लु एम्बुस, २०५५ दाङको चिराघाट प्रहरीचौकी हुँदै जाजरकोट पाँचकटिया (०५७), डोल्पा दुनै (०५७), दैलेख नौमुले (०५७), रोल्पा होलेरी (२०५८), दाङ घोराही आक्रमण (२०५८), लिस्ने-गाम (२०५९), अर्घाखाँची (०५९), जुम्ला सदरमुकाम (०५९) यी केही प्रतिनिधिमूलक कारबाही हुन्। दर्जनौं लडाइँहरू, कहीं आफ्नै नेतृत्व त कहीं अरू कमरेडहरूको नेतृत्वमा उहाँ सहभागी बन्नुभएको छ।

२०६१ को चैत २५ मा भएको खारा आक्रमण जब जनमुक्ति सेना हार्न पुग्यो। त्यसको समीक्षा बैठकमा अत्यन्त भावुक मुद्रामा कमान्डर पासाङको अभिव्यक्ति थियो- 'आज म यो हारमा जित र अरुणहरूको अभाव देखिरहेको छु।' जितको अभाव उहाँको सहादतपछिका मोर्चाहरूमा मात्र होइन, जब जनयुद्धकै विघटन गरियो जितहरूको अभाव झन् बढेर गयो।

'बरु मर्नू, नहार्नू' जितको एक विशेष परिचय थियो, त्यो अन्तिमसम्म कायमै रह्यो। गणेशपुरको मोर्चा जनमुक्ति सेनाले हार्‍यो तर जित पराजित भएर फर्किएन। कहिलेकहीं युद्धको रथमा कमान्डरको अतिआकाङ्क्षाका पताकाहरू पनि फर्फराउने गर्छन् तर त्यति मात्रै निष्कर्ष निकाल्नु जितको वीरताप्रति अपमान हुन्छ किनकि ऊ स्वयम् पनि एक कमान्डर थियो। हो, जुन युद्ध क्षेत्र पश्चिम डिभिजनले त्यतिबेला उहाँहरूका लागि चयन गरेको थियो, त्यो निकै चुनौतीपूर्ण र महत्वाकाङ्क्षी अवश्य थियो। त्यसका लागि आवश्यक सूचनाको समन्वय गर्न नसक्नु गणेशपुर मोर्चा पराजयको प्रमुख कारण देखिन्छ। त्यो इतिहासको कटु शिक्षा हो।

कमरेड जित जसको विशेषता भनौं वा प्रतिज्ञा 'पछि हट्न नजान्ने' थियो, त्यो नै उसका लागि ' व्याधाको वाण' बनिदियो। फेरि पनि उसले लडाइँको मैदानमा आफू घायल भइसकेपछि जसरी आफ्नो अङ्गरक्षकलाई समेत सुरक्षित गर्न सक्यो, एक कुशल कमान्डर र एक कुशल जनमुक्ति सेनाको आदर्श स्थापित गरेर छोडेको छ।

जनमुक्ति सेना, जसको लक्ष्य अझैं पूरा भइसकेको छैन। माओवादी जनमुक्ति सेनाले २०५२ फागुन एक गते जन्म लियो। तर नेपाली इतिहासमा जनमुक्ति सेना कैयौंपटक पुनर्गठित हुँदै आएको छ। कमरेड जित र जितहरू इतिहासको चिहानबाट एक दिन फेरि पुनर्जीवित हुनेछन् किनकि समयका प्रत्येक नयाँ अध्यायहरूमा नयाँ जितहरूको जन्म इतिहासको सार्वभौम नियम हो। नयाँ इतिहासको रचना गर्नु प्रत्येक नयाँ पिँढीको अहम् दायित्व हो। जित र जितहरूका सपना ढाल बनाएर फगत आत्मतुष्टिका लागि बलिदान कुल्चने गद्दारहरू र अग्रगमनको रथलाई पछिल्तिर धकेल्न खोज्ने मूर्खहरूलाई इतिहासले कहिल्यै पनि माफी गरेको छैन। आफूबिना हावाको एउटा सानो झोक्का पनि बहन सक्दैन भन्ने भ्रममा बाँचेका 'ट्वाँट' हरूले वेगवान् गड्गडाहटका साथ अघि बढिरहेको समयको रथका पैयाँबाट उडेको धुलो किनारामा बसेर टकटक्याउनुमै इतिहासले उनीहरूको भूमिका सीमित गरिदिन्छ। विजयध्वजा फहराउँदै जितहरू शिखरमा उक्लिएर इतिहासका प्रत्येक नौलौ अध्यायको नेतृत्व समाल्न आइपुग्छन्। एकीकृत जनक्रान्ति नेपाली इतिहासको नौलो अध्याय हो। यो स्वर्णिम अध्यायको स्वागत अभिवादन गर्दै तेईसौं जनयुद्ध दिवस र चौधौं जित स्मृति तथा गणेशपुर मोर्चाको सम्झनामा कमरेड जित र जितहरूप्रति हार्दिक श्रद्धाञ्जली ! उच्च सम्मान ! लालसलाम !

## कविता

सन्दर्भ : अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस

# आमा



अशोक सुवेदी

मध्यरातमा, अगुल्टाको उजेलोमा
तीन कोस टाढा सार्कीपँधेरामा
पानी खेप्दाखेप्दै तिनले
दासविद्रोह सिकिन् र
जन्माइन् स्पार्टाकस।
दुई कोस टाढा चुकाहामा
मेलो गर्दागर्दै
लडिन् तिनले मजदुरयुद्ध र
जन्माइन् पेरिस कम्युन।
तिनले उछित्तो काढिन् धामीझाँक्रीको
र धाइन् खाली पेट, नाङ्गै आङ
चिसापानी र रामेछापडाँडोका औषधालय
पुर्‍याइन् बोकेर चिचिभुन्टा
गुहुमूतले भिज्दै
र ती आफैँ बनिन् मदर टेरेसा।
नाम्लो, डोको र पटुकाको मकैभटमाससँगै
गर्दै खरकान्लो र पल्लाकालापानी
चराइन् बाखाबस्तु
लडिन् बाघ र चितुवासँग
अभाव र सङ्घर्षले
बनायो उनलाई जेनी र क्रुप्सकाया
बोक्सी भनिँदाभनिँदै नाचिन्-गाइन् दोबाटामा
बनिन् चियाङ चिङ र क्लारा जेट्किन
लड्दालड्दै पुरुषप्रथाका विरुद्ध।
हेर्दाहेर्दै धँगेरीघारी, देवीथान र सल्ट्यारमा बाखाबस्तु
खेद्दाखेद्दै घट्टेपानीमा गाईगोरु
जन्माइन् तिनले पुष्पलाल, गङ्गालाल, कृष्णलाल र
दिलमाया
जोतिँदाजोतिँदै नयाँघरको ढिकीजाँतोमा
भिड्दाभिड्दै खाँदबारीमा जिम्मलका लाठेसँग
चुनु बनिन्, कमला, लली र जाङ्मु बनिन्।
कहिले करेली कसेको डोकोमा,
कहिले भुन्टाभुन्टीसहित दाउराको भारीमा
सिला खोजेका मकैका पुड्का र कट्टा अम्बासँगै
कहिले कमेरोमा, कहिले रातोमाटोमा
कहिले ठूलीभीरमा, कहिले सल्ट्यार तारेभीरमा
लडिन् असत्ती पेटहरू भर्ने लडाइँ र
लड्दालड्दै बनिन् छापामार, गुरिल्ला
जुध्दाजुध्दै बनिन् सम्झना र शारदा।
राणाशासनमा बसिन् निर्वासन
कनक बिल्डिङ चौरङ्गीरोडमा सुसारे र भान्छे बनिन्
भूमिगत बन्ने कला सिकिन् र
लड्दालड्दै कमान्डर बनिन्, इस्पातिली मान्छे
बनिन्।
तराईका रापिला फाँट र चुरेका भाबरहरूमा
हालिन् बाँध कुट्दै गिट्टी र ओसार्दै ढुङ्गाहरू
ललकारिन् जब्दी-सिसुवाका ठगहरूलाई
दच्काइन् भोर्लेनी र रानीगन्जका चाइँहरूलाई
तर्साइन् पक्काबाँधमा घुसखोर र सूदखोरहरूलाई
कहिले हिमाल, कहिले पहाड, कहिले दून
कहिले सहर, कहिले नगर, कहिले गाउँ
सुनाउँदै सङ्घर्षका कथा, गुनगुनाउँदै उत्पीडनका
व्यथा
हिँडिन् ती जुटाउँदै उत्पीडितहरूलाई र
बनिन् ती दुगुर्दादुगुर्दै धावक आन्दोलनकी
बनिन् ती कुद्दाकुद्दै विजेता विद्रोहकी।
लडाइँका मोर्चाहरूमै
कहिले जन्मिए अभावका सगरमाथाहरू
कहिले देखिए वेदनाका केचनाकलनहरू
पीडा र लाञ्छनाहरूसँग भिड्दाभिड्दै
आँसुका पाताले छाँगाहरू खसाल्दाखसाल्दै
उर्लिए चिन्ता र ग्लानिका सप्तकोसी छालहरू
काट्ताकाट्दै शोषण र अन्यायका जालहरू
तछ्दाताछ्दै घृणा र व्यभिचारका ढिस्काढिस्की
भिज्यो जीवन, गल्यो जीवन
मासिए जालझेलका केही जिम्मल र मुखियाहरू
नासिए पाखण्ड र व्यभिचारका केही राणा-शाहहरू
तर अझै नासिएन नारीमाथिको नाङ्गो विभेद !
नसानसामा, धमनीधमनीमा
घोलिएर बगिरहेको सामन्ती-पुँजीवादी पाखण्ड
कुसंस्कारका कीटाणुबाट फैलने
रहेछ यो प्रतिक्रान्तिको विषाक्त क्यान्सर
जस्तो भूमिबाट पनि जन्मने
जस्तो परिवेशमा पनि झाङ्गिने
रहेछ यो कुसंस्कार र कुलतको एचआईभी/इबोला !
म स्पार्टाकसकी आमा
म पेरिस कम्युनकी कम्युनार्ड
म जेनी, म क्रुप्सकाया, म क्लारा
म चियाङचिङ, म दिलमाया, म चुनु
लड्दालड्दै जीवनभर, युगयुगभर
अझै लडिरहेछु आज आफ्नै कोखको सन्तान, आफ्नै
रक्तबीजसँग
लडिरहेछु नयाँ पुरुषवाद र साम्राज्यवादसँग
भिडिरहेछु आफ्नै छिमेकी विस्तारवादसँग
आफ्नै घरको सामन्तवादसँग
खेलिरहेछु निरन्तर सिँगौरी
जीवन सङ्घर्ष हो
जन्माएर नयाँ पुष्पलाल र दिलमायाहरू
लडिरहेछु आफ्नै कोखको कुलङ्घारसँग
र लडिरहनेछु नभएसम्म अन्तिम विजय।

## भ्रष्ट दलालहरु ...

अतिथि पार्टीका केन्द्रीय सदस्य अटल, अतिथिहरू जिल्ला सेक्रेटरी चन्द्र बुढामगर, जनपरिषद्का प्रमुख मोहन केसी, महिला सङ्गठनका जिल्ला संयोजक अनिता रहेका थिए ।

कार्यक्रमको अध्यक्षता सहिद परिवारका सदस्य तेजबहादुर पुन, सञ्चालक, छविलाल घर्ती, स्वागत मन्तव्य सहिद भीम रावलका छोरा दिनेश रावलले गरेका थिए । कार्यक्रममा जलजला जनसांस्कृतिक परिवारले जनवादी गीतसङ्गीत प्रस्तुत गरेको थियो ।

रुकुमको सानोभेरी गापा ९ स्थित बाहिबाङ्मा मोतीराम वली सेक्रेटरी रहेको ७ सदस्यीय सेल समिति, थानबहादुर केसी संयोजक रहेको ७ सदस्यीय युवा सङ्गठन, सानोभेरी गापा ८ स्थित अमुडाँडामा टीकाराम वली सेक्रेटरी रहेको ९ सदस्यीय वडा समिति, विजय विक संयोजक रहेको ७ सदस्यीय युवा सङ्गठन निर्माण भएको जनाइएको छ । त्यसैगरी पञ्चराम बीसी संयोजक रहेको ५ सदस्यीय किसान सङ्गठन, भीम विक संयोजक रहेको ५ सदस्यीय दलित मोर्चा, त्रिवेणी गापा १ मा रमेश मल्ल अध्यक्ष रहेको ७ सदस्यीय युवा सङ्गठन, आठबीस नपा ९ स्थित लराधीबजारमा अमृता चन्दको अध्यक्षतामा १५ सदस्यीय महिला सङ्गठन, लक्षुमण संयोजक रहेको ५ सदस्यीय युवा सङ्गठन, हर्क वली संयोजक रहेको ७ सदस्यीय किसान महासङ्घ, अमृत श्रीपाली अध्यक्ष रहेको ११ सदस्यीय युवा सङ्गठनको एकाइ समिति, रजनी अध्यक्ष रहेको ७ सदस्यीय महिला सङ्गठन र आठबीसकोट नपा १० काफलचौरमा दलबहादुर वली संयोजक रहेको १५ सदस्यीय किसान महासङ्घ गठन गरिएको जानकारी नेता पुनले रातो खबरलाई दिएका छन् ।

अभियानमा युवा सङ्गठनका अध्यक्ष पाटन जङ्गली, दैलेख जिल्ला इन्चार्ज विवेकलगायत नेताहरूले सम्बोधन गरेका थिए ।

## नागरिकको मौलिक ...

बारेमा जानकारी लिने काम भयो । भेटका क्रममा हिरासतमा रहेकी १६ वर्षीया हीरा खत्री, १७ वर्षीया रमिता अधिकारी र ३१ वर्षीया कल्पना रुम्बाले आफूहरूलाई एक महिला प्रहरीले क्रूरतापूर्वक बाँसको लट्ठीले पैताला, पिँडौला र शरीरका विभिन्न भागमा कुटपिट गरी चरम यातना दिएको बताएको र आफ्नै पहलमा औषधीउपचार गराएको बताए भने प्रहरी हिरासतमा रहेका अजय श्रेष्ठ, देवराम लोहारसमेतले आफूहरूलाई प्रहरीले हिरासतमा पुऱ्याउनासाथ चरम शारीरिक र मानसिक यातना दिएको बताएका छन् । हिरासतमा रहेका बन्दीहरूले आफूहरूले कुनै कसुर नगरेको, शान्तिपूर्ण रूपमा सहिद सप्ताहको कार्यक्रमकै क्रममा बास बसेको ठाउँबाट आतङ्कित बनाई प्रहरीले पक्राउ गरेको बताए ।'

त्यसैगरी विज्ञप्तिमा भनिएको छ, 'केही दिनअघि मात्रै सरकारद्वारा अखिल नेपाल महिला सङ्घ (क्रान्तिकारी) की केन्द्रीय अध्यक्ष बन्धु चन्दलाई अछामबाट पक्राउ गरी हालसम्म पनि अछाम जिल्ला प्रहरीको हिरासतमा राखिएको, उच्च अदालत विराटनगरले रिहा गर्ने आदेश दिएलगत्तै अदालत हाताबाट नै ५ जना, रोल्पाबाट २ जना राजनीतिक कार्यकर्तालाई पक्राउ गरिएको, केही दिनअघि काठमाडौँबाट सूर्य भुजेल, अखिल नेपाल किसान सङ्घ क्रान्तिकारीका केन्द्रीय संयोजक राजु कार्की, केदार खतिवडा, मिति २०७५।११।२२ मा कपिलवस्तु जिल्लाको शिवगढीमा मुठभेड भनी नेकपा समर्थक भनिएका दुर्गाबहादुर रोकालाई गोली प्रहार गरिएको, अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसका अवसरमा काठमाडौँको शान्तिबाटिकामा आयोजित कार्यक्रमबाट ६ जना नेताकार्यकर्तालाई पक्राउ गरिएको जानकारी प्राप्त भएको छ ।'

अध्यक्ष भण्डारीको विज्ञप्तिको अन्त्यमा भनिएको छ, 'यसरी राजनीतिक आस्थाका आधारमा नेता-कार्यकर्ता र सर्वसाधारणसमेतलाई देशैभरबाट सरकारद्वारा पक्राउ गर्ने, झूट्टा मुद्दा लगाई बन्दी बनाउने र यातना दिने क्रम बढ्दै गएको छ । सरकारको यसप्रकारका कामकारबाहीका कारण जुनसुकै राजनीतिक आस्था र विचार राख्न पाउने र सम्मानपूर्वक बाँच्न पाउने नागरिकको मौलिक हकको गम्भीर रूपमा उल्लङ्घन भएको छ । यस किसिमका मानवअधिकारविरोधी क्रियालकलापहरू अविलम्ब रोकियोस् । मानवअधिकारको रक्षाका लागि राष्ट्रिय मानवअधिकार आयोग, मानवअधिकारका क्षेत्रमा क्रियाशील सङ्घसंस्था, नागरिक अधिकारकर्मीहरू सबैको ध्यानाकर्षण गराउँछौँ । राजनीतिक विषयलाई वार्ता, संवाद र छलफलको माध्यमबाट समाधानका लागि पहल गर्दै मानवअधिकारको बहालीका लागि जनअधिकार अभियान नेपाल सम्बन्धित पक्षको ध्यानाकर्षण गराउँछ । साथै कुनै पनि पक्षबाट मानवअधिकारको उल्लङ्घन नगर्न सम्बन्धित पक्षलाई आग्रहसमेत गर्दछ ।'

## फागुन ३० गते ...

गरिएको आमहडतालमा सहयोग गर्न आह्वान गर्दै विप्लवले भनेका छन्, 'सबैलाई थाहा छ- हाम्रो पार्टीले दलाल पुँजीवादी सत्ताका राष्ट्रघात, भ्रष्टाचार, तस्करी, बलात्कार, कमिसनखोरी, दलालीका विरुद्ध सङ्घर्ष गरिरहेको छ । ती विषय हाम्रा नभएर नेपाली जनताका विषय हुन् र जनताकै हितका लागि पार्टीले प्रतिरोध सङ्घर्षको बाटो पकडिरहेको छ । विडम्बना ! कथित वामपन्थी, कम्युनिस्टको सरकार भनिने सामाजिक दलाल पुँजीवादी सरकारले ती राष्ट्रघाती, जनघाती, भ्रष्ट तत्वहरूको रक्षार्थ हाम्रो पार्टीविरुद्ध दमन गरिरहेको छ । हामी जनता र देशको हित, न्यायपूर्ण आवाज र सङ्घषविरुद्ध हुने कुनै पनि प्रकारको दमनको सशक्त प्रतिरोध गर्ने विषयलाई आफ्नो कर्तव्य ठान्दछौँ । हाल चलिरहेको फासिस्ट दमनलाई पनि कुनै हालतमा सहन गर्न सकिँदैन । जसरी शिवगढीका जनताले न्यायपूर्ण प्रतिरोध गरे त्यसरी नै देशव्यापी यसको उचित प्रतिरोध आवश्यक छ । यसैका लागि हाम्रो पार्टीले कपिलवस्तुको गोलीकाण्ड, देशभरी भइरहेको सेना-प्रहरी परिचालन र दमनका विरुद्ध यही फागुन ३० गते आमहडतालसहित नेपाल बन्द आयोजना गरेको छ । यो बन्दलाई यातायात, शिक्षा, स्वास्थ्य, कलकारखानालगायत सम्पूर्ण क्षेत्रहरू बन्द गरेर सहयोग पुऱ्याइदिन हुन विशेष आग्रह गर्दछौँ ।'

अहिले सरकारले देशव्यापी रूपमा चलाएको दमन, गोलीकाण्ड र अप्रेसन नियोजित र योजनाबद्ध भएको भन्दै नेकपाका महासचिव विप्लवले भनेका छन्, 'केही दिनअगाडि प्रचण्ड र केपीले दमनको धम्की दिनु र देशैभरी गोली चलाउने, सेना-प्रहरी परिचालनदेखि चरम दमन हुनुले उनीहरूको फासिवादी चरित्र उदाङ्गो भएको छ । हामी स्पष्ट गर्न चाहन्छौँ- उनीहरूले जस्तोसुकै दमन गरे पनि हाम्रो पार्टीको वैज्ञानिक समाजवादप्रतिको निष्ठा, श्रमिक जनताको मुक्ति, देशको स्वाधीनताका लागि गरिने सङ्घर्षमा केही फरक पर्नेवाला छैन, न त उनीहरूको दमन नै सफल हुनेछ बरु क्रान्तिकारीहरूलाई अरु दृढ र समर्पित हुन प्रेरित गर्नेछ । अन्ततः दमन र विद्रोहको इतिहासमा केपी–प्रचण्ड होइन, नेपाली श्रमिक जनता नै विजयी हुनेछन् । आउनुहोस् सामाजिक दलाल पुँजीवादी सरकारको फासिवादी दमनको चौतर्फी सशक्त प्रतिरोध गरौँ ! फागुन ३० गते नेपाल वन्द गरौँ ।'

विज्ञप्तिमा नेपाल बन्द सफल पार्न फागुन २५–२६ प्रचारप्रसार, फागुन २७ कोणसभा, फगुन २८ ऱ्याली, फागुन २९ मशालजुलुस र फागुन ३० नेपाल बन्द जस्ताकार्यक्रमतय गरिएको छ । स्मरण रहोस् पछिल्लो दिनमा प्रधानमन्त्री केपी ओली र गृहमन्त्री रामबहादुर थापाले नेकपाको गतिविधि राजनीतिक नभएको भन्दै दमन गर्ने धम्की दिइराखेका छन् । उनीहरूले प्रयोग गर्ने गरेको भाषा र सरकारी तहबाट नेकपामाथि गरिएको धरपकड, गिरफ्तारी, गोलीकाण्ड र अप्रेशनले जनयुद्ध शुरु गर्नु अघि रोल्पा, रुकुममा तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवा सरकारले चलाएको नरसंहारकारी रोमियो अप्रेसनलाई सम्झाएको सर्वधारणले भन्ने गरेका छन् ।

## कपिलवस्तु घटनाबारे ...

उपचार र क्षतिपूर्तिसहित गोली हान्ने प्रहरीमाथि तत्काल कारबाही गर्न माग गर्दै बेवास्ता गरिए कडा सङ्घर्ष गर्ने र त्यसबाट उत्पन्न परिणामको जिम्मेवार स्वयम् सरकार हुने विज्ञप्तिमा उल्लेख छ ।

नेता वीरजङ्गद्वारा हस्ताक्षरित विज्ञप्तिमा प्रहरीले जबर्जस्ती गरेको खानतलासीविरुद्ध प्रतिरोध गर्ने शिवगढी निवासी क्रान्तिकारी जनता र भगवानपुर निमाविका विद्यार्थीलाई धन्यवाद दिइएको छ । विज्ञप्तिमा राज्यको यस्तो गैरन्यायिक हर्कतविरुद्ध आवाज उठाउन सम्पूर्ण नागरिक समाज, मानवअधिकारकर्मी, बुद्धिजीवी, पत्रकार एवम् कानुन व्यवसायीलाई अपिल गर्दै गृह प्रशासनले यस्ता क्रियाकलाप जारी राखे सशक्त प्रतिरोध गर्ने चेतावनीसमेत दिइएको छ । उनले नवलपरासी जिल्ला पार्टी सदस्य गणेश ढकाल, रूपन्देही जिल्ला सदस्य प्रदेशी यादव र योगेन्द्र यादवलाई अविलम्ब रिहा गर्न माग गरेका छन् ।

नेकपा कपिलवस्तुले पनि विज्ञप्ति जारी गरी घटनाप्रति घोर भर्त्सना गरेको छ । जिल्ला इन्चार्ज सङ्गम पुनद्वारा हस्ताक्षरित विज्ञप्तिमा घटनालाई प्रहरीले अतिरञ्जित गरेको भन्दै आपत्ति प्रकट गरिएको छ ।

नेपाल कम्युनिस्ट पार्टीका महासचिव विप्लवको कपिलवस्तुस्थित गाउँमा छापामार्ने उद्देश्यले प्रहरी कपिलवस्तुको शिवगढी पुगेको समाचारमा जनाइएको छ । रातभर घेरा हालेर बिहान छापामार्ने क्रममा प्रहरी र स्थानीयबीच झडप भएको र जिल्लाको शिवराज नगरपालिका ९ शिवगढीमा बिहीबार प्रहरीले सर्च अपरेसन चलाउन खोजेपछि स्थानीयले प्रतिकार गर्दा तनाव उत्पन्न भएको कपिलवस्तुबाट रातो खबरलाई प्राप्त समाचारमा उल्लेख छ ।

## मानव तस्करी रोक्न ...

अध्यक्ष रोहन गुरुङको घरमा शुक्रबार गराइएको विस्फोटको जिम्मा लिँदै नेकपा निकट युवा सङ्गठनले यस्तो कुरा बताएको हो । उक्त सङ्गठनका मध्यकमान्ड केन्द्रीय सचिव शिशिरले आइतबार विज्ञप्तिमार्फत उक्त घटनाको जिम्मा लिँदै यस्तो बताएका हुन् । विज्ञप्तिमा गुरुङलाई मानवतस्करी रोक्न चेतावनी दिँदै आगामी दिनमा मानवतस्करी जारी राखे थप कारबाही गर्ने चेतावनीसमेत दिइएको छ । बम विस्फोटबाट गुरुङको गाडी र घरमा क्षति भएको थियो ।

# जनसेवामा खटियो नेकपाको अभियान टोली

■ रातो खबर संवाददाता/उदयपुर

सङ्गठन सुदृढीकरण तथा विस्तार अभियानमा रहेका नेकपाका नेतादेखि कार्यकर्तासम्म सबैजना जनताको सेवामा तल्लीन भएको खटेको समाचार प्राप्त भएको छ । उदयपुरमा क्रियाशील अभियानटोली जनताको घर, खेत, करेसादेखि कुलो मर्मत गर्ने काममा समेत लागेको प्राप्त समाचारमा जनाइएको छ ।

पार्टी केन्द्रीय सदस्य सञ्जीव आफैँ कुलो मर्मतका लागि बालुवा बोक्न व्यस्त छन् । जनताको खेतसम्म पानी लग्नका लागि कुलो निर्माण, मर्मत र नयाँ ट्र्याक खोल्ने काम गरिरहेका छन् ।

यसैबीच नेकपाको अभियानटोलीले उदयपुरको गढी गाउँपालिका वडा नं ३ डुम्रीटारमा जनश्रम गरी कुलो मर्मत गरेको छ । अभियन्ताहरुले गढीगाउँपालिकाको बरेमा जनताका लागि दाउरा पनि काटिदिएका छन् । त्यस्तै उनीहरुले असहाय र विपन्न जनताको घर पनि निर्माण गरेका छन् ।

**दमनका चिर्दै अभियान व्यापक**

नेकपाको सगरमाथा ब्युरोअन्तर्गत सञ्चालित अभियान सरकारले दमन र धरपकड गर्दागर्दै जनतामा लोकप्रिय बनेको छ । उदयपुरबाट प्राप्त समाचारअनुसार अभियानको सुरुआतमै अभियन्तालाई गिरफ्तार गरी सरकारले दमन सुरु गरेको थियो । अभियान मध्य समय आइपुग्दा छजना अभियानकर्मीलाई गिरफ्तार गरेको र दस दिन हिरासतमा राखेर रिहा गरेको समाचारमा उल्लेख छ ।

यसरी धरकपडका बीचबाट पनि अभियान उल्लासमय ढङ्गले सञ्चालन भइरहेको पछिल्लो समयमा त्रिनपाका श्रीपुर, दमौती, बलवाई, मोहनपुर, चुवाडे कालीखोला, तोरीबारीलगायत दर्जनौँ ठाउँमा कोणसभा, पिँढीसभा आयोजना गरी दर्जनौँ सङ्गठन निर्माण गरिएको उदयपुरबाट प्राप्त समाचारमा जनाइउको छ ।

समाचारमा जनाइएअनुसार उदयपुरगढी गाउँपालिकाअन्तर्गत नाङ्गे, बतासे, तिल्केनी, हाडेबाँस, ढिकीबास, भुमरे, भसुवा, मडायन, बकपति, आँपटार, डुम्रीटार, बाहुनीटार, धमिले, कटारी नगरपालिकाका सुड्डे, गाल्टर, भान्टाबाही, बबला ताप्ली गाउँपालिकाका ओख्ले, ताप्लीलगायत दर्जनौँ ठाउँमा पिँढीसभा, कोणसभा गर्नुका साथै दर्जनौँको सङ्ख्यामा सङ्गठन निर्माण भएको जनाइएको छ ।

त्यसैगरी अभियान टोलीले प्रत्येक दसदस दिनमा जनताको घरमा जनश्रम गर्ने गरेको बताइएको छ । अभियान टोलीका प्रमुख पार्टी केन्द्रीय सदस्य सञ्जीवको नेतृत्वमा कुलो मर्मत गर्ने, घर बनाउने, घर निर्माण र जनताको खेतमा मल बोक्ने, खेत जोत्ने काम भएको प्राप्त समाचारमा जनाइएको छ । टोलीका प्रमुख सञ्जीवले नेपाल कम्युनिस्ट पार्टीले सञ्चालन गरेको एकीकृत जनक्रान्ति सम्पन्न भएपछि श्रमिक जनताको मुक्ति हुने बताएका छन् । त्यसका लागि जनताले दलाल सत्ताका विरुद्ध लड्न साथ दिनुपर्ने धारणा पनि रखेका छन् ।

# नेकपाको राप्ती बन्द सफल, सल्यानमा वैज्ञानिक गिरफ्तार

■ रातो खबर संवाददाता/दाङ

नेपाल कम्युनिस्ट पार्टी राप्ती ब्युरोले सरकारी दमन र प्रहरी हस्तक्षेपको विरोध गर्दै बिहीबार राप्ती बन्द गरेको छ । बन्दका कारण राप्तीका पाँचवटै जिल्ला ठप्प भएका थिए ।

प्रहरीले गिरफ्तार गरेका नेकपा दाङ जिल्ला सचिवालय सदस्य प्रदीप ओली, ईश्वरी पाण्डे र जिल्ला सदस्य रुद्र ओली, रोल्पा जिल्लाबाट दलित मुक्ति मोर्चाका केन्द्रीय सदस्य टीकाराम परियार, पूर्वअध्यक्ष लालबहादुर सुनार र अर्का कार्यकर्ता नृपेन्द्र सेनलाई बिनासर्त रिहाइको माग गर्दै नेकपाले राप्तीका ५ जिल्ला बन्द गरेको हो । बन्द पूर्ण रूपमा सफल भएको नेकपाले जनाएको छ । यसैबीच बन्दको दिन सल्यानका जिल्ला सदस्य मदन केसी 'वैज्ञानीक' पक्राउ परेका छन् । नेकपाले बिहीबार आह्वान गरेको राप्ती बन्दका क्रममा उनी गिरफ्तार परेको नेकपा सल्यानले जनाएको छ ।

अखिल क्रान्तिकारी सल्यानका अध्यक्ष टङ्कप्रकाश केसीले सडकमा यात्रा गरिरहेको अवस्थामा वैज्ञानिकलाई पक्राउ गरिएको जनाएका छन् । उनले जिल्लाका पूर्वविद्यार्थी नेतासमेत रहेका वैज्ञानिकलाई यथाशीघ्र रिहाइको माग गरेका छन् ।

यसैबीच बन्दको अवज्ञा गरेको भन्दै सल्यानमा ट्रक र बोलेरो जिप तोडफोड गरिएको छ । नेपाल कम्युनिस्ट पार्टी राप्ती ब्युरोले बिहीबार आह्वान गरेको बन्दका क्रममा सवारी चलाएको भन्दै सल्यखोलामा गाडी तोडफोड गरिएको समाचारमा जनाइएको छ । श्रीनगरबाट दाङ जाँदै गरेको ना ४ ख ६३६८ ट्रक र लु २ ख २७२५ नम्बरको बलेरो जिपमा तोडफोड गरेको प्रहरीले जनाएको छ ।




**नेपाल आयल निगम लिमिटेडको खाना पकाउने ग्यास (एलपी ग्यास) प्रयोगकर्ताहरुलाई सुरक्षा सम्बन्धी अति आवश्यक जानकारी**

एल.पी. ग्यास अत्यन्तै प्रज्वलनशील पेट्रोलियम पदार्थ भएकोले यसको पर्याप्त सतर्कता र सावधानी अपनाउनु जरुरी हुन्छ । यसैले खाना पकाउने ग्यासको चुहावटले दुर्घटनाबाट बच्न देहायका कुरामा विशेष ध्यान पुऱ्याउन सम्पूर्ण उपभोक्ता वर्गमा नेपाल आयल निगम अनुरोध गर्दछ ।

**दुर्घटनाबाट बच्न ध्यान दिनुपर्ने कुराहरू**

१. सिलिण्डर ल्याउँदा लैजाँदा नगुडाऔं । भान्सामा सिलिण्डर सँधै ठाडो राखी प्रयोग गरौं । सुताएर, घोप्ट्याएर प्रयोग नगरौं ।
२. रेगुलेटर, रबर पाइप, चुलोजस्ता उपकरणहरू गुणस्तर भएको मात्र प्रयोग गरौं । साथै हरेक दुई वर्षमा ग्यासको पाइप फेरौं । खाना पकाउँदा सँधै झ्यालढोका खुला राखौं र सुतीको कपडा लाएर मात्र खाना पकाउने गरौं ।
३. काम सकेपछि सँधै रेगुलेटर बन्द गर्न नबिर्सौं ।

**ग्यास चुहावट भएमा ध्यान दिनुपर्ने कुराहरू**

१. खाना पकाउने स्थानमा एल.पी.ग्यासको तिखो गन्त्र आइरहेको छ भने ग्यास चुहिएको छ भन्ने बुझ्नुपर्दछ । ग्यास लिग भएमा पहिले रेगुलेटरको र पछि चुलोको नव बन्द गरौं ।
२. ग्यास हावाभन्दा गह्रौं हुने भएकोले तल भुईंमा बस्छ त्यस्तो अवस्थामा झ्यालढोका सबै खुला गरौं र आगोको झिल्का निस्कने वस्तुहरू जस्तै ग्यास चुलो, सलाई, लाइटर, धुप आदि नबालौं । साथै बिजुलीबत्तीलगायत कुनैपनि वस्तु नचलाऔं ।
३. ग्यास लिग भइरहेमा सिलिण्डरबाट रेगुलेटर छुटाई भल्वमा सेफ्टी क्याप लगाएर घरबाहिर खुला ठाउँमा राखौं । र छिटो भन्दा छिटो नजिकको ग्यास विक्रेता वा सम्बन्धित ग्यास उद्योगलाई खबर गरौं ।

**सचेत र सावधान हुनु नै सुरक्षित हुनु हो ।**
**उपभोक्ताको हितमा**
**नेपाल आयल निगम लिमिटेड**

नेपाल आयल निगम लिमिटेड,
केन्द्रीय कार्यालय, बबरमहल
फोन : ४२६२९७०, ४२६३४८५

# अदालतपरिसरबाटै नेकपाका नेताहरू बेपत्ता

■ रातो खबर संवाददाता/काठमाडौँ

प्रहरीले इलामको फाकफोक थुम गाउँपालिका लुङ्सुम्डाङबाट फागुन १४ गते बिनाकारण गिरफ्तार गरेका नेकपाका कार्यकर्ता अमृत, बाबा, मिलन, केबी र विक्रमलाई बिहीबार उच्च अदालत विराटनगरको हाताबाटै गिरफ्तार गरेर बेपत्ता बनाएको छ। उच्च अदालतले उनीहरूलाई हिरासतमा राख्नुपर्ने कुनै आधार र कारण नभएको भन्दै रिहा गरे पनि प्रहरीले अदालतको ढोकाबाटै अपहरण शैलीमा गिरफ्तार गरी बेपत्ता बनाएको समाचार प्राप्त भएको छ सरकारले दमन तीव्र पार्दै सङ्कटकालको झल्को दिने गरी अदालतकै मानहानि गरेर आफ्ना नेता-कार्यकर्तालाई बेपत्ता पारेकोमा आपत्ति जनाउँदै नेपाल कम्युनिस्ट पार्टी मेची ब्युरो कार्यालयले तत्काल रिहा गर्न माग गरेको छ।

उच्च अदालत विराटनगरमा नेपाल कम्युनिस्ट पार्टीका पाँच कार्यकर्तालाई सार्वजनिक गर्नुपर्ने मागसहित परेको रिटमाथि बहस हुँदा अदालतले निर्दोष साबित गर्दै रिहाइको आदेश दिएको थियो। तर उनीहरूलाई पुनः अदालत हाताभित्रैबाट प्रहरीले गिरफ्तार गरी बेपत्ता बनाएको जानकारी मेची ब्युरोका एक जिम्मेवार नेताले दिएका छन्।

उनीहरू पाँचैजनालाई प्रहरीले इलामबाट १४ गते गिरफ्तार गरेको थियो। उनीहरूलाई सार्वजनिक मुद्दा लगाइएको थियो।

# प्रहरी दमन चिर्दै मनाइयो श्रमिक महिला दिवस

सरकारी दमन र हस्तक्षेप चिर्दै १०९ औं अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस मनाइएको छ। संसारभरि नै यो दिवसलाई महिलाहरूले गौरवमय दिनका रूपमा मनाउने गर्छन्। नेपालमा पनि विभिन्न कार्यक्रम गरी यो दिवस मनाइएको छ।

काठमाडौँमा संयुक्त महिला सङ्घर्ष समितिको आयोजनामा गरिएको शान्तिपूर्ण कार्यक्रम प्रहरी दमन चिर्दै सम्पन्न भएको छ। विप्लव निकट नेकपा र ऋषि कट्टेल नेतृत्वको नेकपा निकट महिला सङ्गठनले गठन गरेको 'संयुक्त महिला सङ्घर्ष समिति' ले कार्यक्रम आयोजना गरेको हो। सभा हुनुभन्दा पहिले सहरका विभिन्न भागबाट जुलुस निकालिएको थियो।

कार्यक्रमका सहभागीहरूलाई सादा पोसाकमा रहेका प्रहरीले धरपकड गर्दै गिरफ्तार गरेका थिए। कार्यक्रमबाट प्रहरीले नेकपा निकट जनगणतान्त्रिक सम्पर्क मञ्चका केन्द्रीय उपाध्यक्ष रामकुमार अधिकारी 'सुरेश', विमला भण्डारी, गौरा धामी 'पूर्णिमा', रुक्मिणी पुडासैनी र नवीन बिष्टलाई गिरफ्तार गरेको छ।

र्‍यालीको नेतृत्व अखिल नेपाल महिला युनियनकी केन्द्रीय अध्यक्ष सीता सुवेदी, सोही नेकपाका केन्द्रीय सहसंयोजक लोकनारायण सुवेदीलगायतले गरेका थिए। सहरका विभिन्न भागबाट निस्किएको र्‍याली शान्तिबाटिका पुगेर सभामा परिणत भएको थियो।

सीता सुवेदीको अध्यक्षतामा सम्पन्न कार्यक्रममा लोकनारायण सुवेदी, सिसम शाही र प्रतिमा गहतराजले सम्बोधन गरेका थिए। कार्यक्रमका वक्ताले श्रमिक महिलाहरूले अधिकारको लडाइँ जितेको दिनको अवसरमा आयोजना गरिएको कार्यक्रममा सरकारले फासिवादी शैलीमा दमन गर्नु आपत्तिजनक भएको बताए।

साथै वक्ताहरूले बिनाकारण गिरफ्तार गरिएकाहरूलाई बिनासर्त रिहा गर्न जोडदार माग गरेका छन्। रिहा नगरिए कडा सङ्घर्ष गर्न बाध्य हुने चेतावनी पनि वक्ताहरूले दिए। महिलालाई दोस्रो दर्जाका नागरिकका रूपमा व्यवहार गर्ने पुरुषवादी सामन्ती सत्ता र महिलालाई विज्ञापन र मनोरञ्जनको साधनका रूपमा उपभोग गर्ने पुँजीवादी सत्ता दुवैखाले सत्ताको शोषणका विरुद्ध महिलाहरूले सङ्घर्ष छेडेको दिनका रूपमा श्रमिक महिला दिवस मनाउने गरिन्छ। श्रमिक महिला आन्दोलनकी अगुवा क्लारा जेट्किनले सन् १९१० मा महिला अधिकारका लागि सङ्घर्षको नेतृत्व गर्दै आन्दोलनको शंख घोष गरेको दिनलाई संसारभरका श्रमिक महिलाले दिवसका रूपमा मनाउँदै आएका छन्। कार्यक्रमको लोकप्रियता र महिलाहरूको उत्साहजनक सहभागिताका कारण पुँजीवाद र अझ दलाल पुँजीवाद पक्षधर महिलाहरूले पनि फेसनका रूपमा यो दिवस मनाउने गर्छन् तर यो पुँजीवादको रक्षाका लागि होइन, श्रमिक महिलाहरूको मुक्तिका लागि सङ्घर्ष आरम्भ गरिएको दिन हो। त्यसैले श्रमिक महिलाहरूका लागि यो उत्सव पनि हो।

# कालीकोटका अग्निपीडितलाई राहत वितरण

■ रातो खबर संवाददाता/काठमाडौँ

काठमाडौँ : अखिल (क्रान्तिकारी) ले कालीकोटका अग्निपीडित तथा विपन्न परिवारलाई राहत वितरण गरेको छ। कालीकोटको पलाता गाउँपालिका-१ खाडा गाउँका अग्निपिडित र विपन्न परिवारलाई क्रान्तिकारीले कपडालगायत राहत सामग्री वितरण गरेको हो।

शनिबार अखिल (क्रान्तिकारी) का केन्द्रीय कोषाध्यक्ष नरेन्द्र विकले देशैभरिबाट सङ्कलित लत्ताकपडा तथा राहत सामग्री कालीकोटबासीलाई वितरण गरेका थिए। नानीकोट गाविसमा आयोजित अखिल नेपाल किसान महासङ्घ (क्रान्तिकारी) को प्रथम जिल्ला सम्मेलनको अवसर पारेर गरिएको राहत वितरण कार्यक्रममा कोषाध्यक्ष विकसहित ने.क.पा. का केन्द्रीय सदस्य नवीनको पनि सहभागिता थियो।

त्यस अवसरमा कोषाध्यक्ष विकले आफूहरू सधैँ गरिब, विपन्न तथा पीडित जनताको साथमा रहेको भन्दै भविष्यमा पनि यस्तो सहयोग जारी राख्ने प्रतिबद्धता जनाए।

यस्तै नेकपा केन्द्रीय सदस्य नवीनले आफ्नो पार्टी पीडित र विपन्न परिवारको साथमा रहेको भन्दै जनतालाई निरन्तर सहयोग गर्ने बताए। यसअघि पनि आफ्नो पार्टीले न्यौपाने बस्तीका पीडित परिवारको घर निर्माणदेखि विभिन्न सहयोग गर्दै आएको स्मरण गराउँदै उनले सधैँ कर्णालीबासीको साथमा रहेको बताए। नवीनले जनताको व्यवस्था वैज्ञानिक समाजवाद नआएसम्म कर्णालीका जनताको जीवनस्तर माथि उठ्न नसक्ने ठोकुवा गर्दै सबैलाई एकीकृत जनक्रान्तिमा साथ दिन अपिल गरे।

गत पुस ८ गते आइतबार मध्यराति पलाता गाउँपालिका-१ खाडा गाउँमा भएको आगलागीबाट ८० भन्दा बढी घर जलेर खरानी भएका थिए। जिल्ला सदरमुकामबाट ३२ कोस टाढा पर्ने उक्त बस्ती सुख्खा क्षेत्र भएको र फुसको छाना भएकाले आगो नियन्त्रणबाहिर जाँदा ठूलो क्षति भएको हो।

# पक्राउ गरिएकाहरूलाई रिहा गर : अनेमसङ्घ

**काठमाडौँ।** अखिल नेपाल महिला सङ्घ क्रान्तिकारीले संयुक्त महिला सङ्घर्ष समितिको आयोजनामा काठमाडौँको शान्तिवाटिकामा गरिएको १०९ औं अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस कार्यक्रममा गरिएको प्रहरी हस्तक्षेप र दमनको विरोध गरेको छ। साथै अखिल नेपाल महिला सङ्घ क्रान्तिकारीले कार्यक्रमस्थलबाट पक्राउ गरिएका महिला नेता-कार्यकर्ता र नेकपा सम्बद्ध व्यक्तिहरूलाई बिनासर्त र तत्काल रिहाइको माग गरेको छ।

सङ्गठनकी केन्द्रीय उपाध्यक्ष सम्झना घर्तीले प्रेसविज्ञप्ति जारी गरी श्रमिक महिला दिवसमा सहभागी पूर्णिमा धामी, विमला शेर्पा, रुक्मनी गौतम, उषा भुजेल, नवीन बिष्टलगायत ६ जनालाई गिरफ्तार गरेको जानकारी दिँदै उक्त दमन भर्त्सनायोग्य भएको बताएकी छिन्। साथै विज्ञप्तिमा गिरफ्तार गरिएकाहरूलाई तत्काल रिहा नगरिए उत्पन्न हुने परिस्थितिको जिम्मेवार सरकार आफैं हुनुपर्ने चेतावनी पनि दिइएको छ।

विश्वभरिका महिलाहरूले मान्दै आएको ८ मार्च अर्थात् अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको कार्यक्रममा सरकारले हस्तक्षेप गरी गिरफ्तार र दमन गर्नु सामाजिक दलाल सरकारको हरुवा मानसिकताको उपज हो भन्दै विज्ञप्तिमा संविधान र अन्तर्राष्ट्रिय मान्यता पाएको कार्यक्रममा दमन गरी गृहमन्त्री रामबहादुर थापाले खुमबहादुरलाई पनि पछि पार्न लागेको कुरा उल्लेख छ।

समाजवादी महिलाहरूले चलाएको सङ्घर्ष र विजयको यो अभियानलाई १९७५ मा संयुक्त राष्ट्रसङ्घले मान्यता दिएको थियो।

# मूल्यवृद्धि फिर्ता नलिए जनकारबाही गर्ने चेतावनी

■ रातो खबर संवाददाता/सिन्धुली

क्रान्तिकारी जनपरिषद् नेपाल सिन्धुलीले स्थानीय सरकारद्वारा गरिएको करवृद्धिले जनता मर्कामा परेको भन्दै वृद्धि गरिएको कर र उपभोग्य सामानको मूल्यवृद्धि तत्काल रोक्न माग गरेको छ।

जनपरिषद् नेपालका गोपाल तामाङले प्रेसविज्ञप्ति जारी गर्दै कम्युनिस्ट नामधारी सरकार गठन भएपछि देश र जनताको हित होला, दैनिक जीवनयापनको समस्यामा राहत होला भन्ने आमनागरिकको अपेक्षामा कुठाराघात भएको बताएका छन्। उनले जनजीवन झन्झन् कष्टकर बनिरहेको अवस्थामा आगामी चैत १ गतेदेखि लागू हुने गरी सिन्धुली जिल्ला अस्पतालमा बिरामी उपचार सेवा शुल्कमा एक सय ५० प्रतिशतले शुल्क वृद्धि गर्ने तर सरकारी दरबन्दी ४८ प्रतिशतभन्दा कम भइरहने भन्ने समाचारले आफ्नो पार्टीलाई स्तब्ध बनाएको उल्लेख गरेका छन्।

उनको विज्ञप्तिमा भनिएको छ, 'स्वास्थ्य नागरिकको मौलिक अधिकार भन्ने कुरा संविधान, देशको मूल कानुनमा उल्लेख भएकै छ। संसदीय व्यवस्थामा कानुन, संविधान, विधिको शासन, समृद्धि, प्रतिबद्धता भन्ने हात्तीको देखाउने दाँत र चपाउने दाँत अर्कै हुन्छ भन्ने कुरा पुष्टि भएको छ। राज्यले सम्पूर्ण व्यवस्था गर्नुपर्ने स्वास्थ्य क्षेत्रमा जनशक्ति आधा पनि उपलब्ध नहुनु तथा १५० प्रतिशतसम्म शुल्क वृद्धिको निर्णयमा सर्वदलीय सहमति भएको खबर हाम्रा लागि खेदजनक र अस्वीकार्य छ। हामी त्यसप्रकारको निर्णयको भर्त्सना गर्दछौं।'

तामाङको विज्ञप्तिको अन्तिममा भनिएको छ, 'लज्जाजनक निर्णय फिर्ता लिन माग गर्दछौं। अन्यथा जनविरोधी तत्वहरू जनताको निशानामा पर्ने चेतावनीसमेत दिन चाहन्छौं।'









निर्देशक : गुणराज लोहनी, प्रबन्ध निर्देशक : भिमप्रसाद चापागाई, सम्पादक : अशोकप्रसाद सुवेदी, प्रकाशक : रातोखबर प्रकाशन गृह प्रा.लि., कार्यालय : बागबजार, काठमाडौँ, email: ratokhabar@gmail.com, website : www.eratokhabar.com, मुद्रण : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौँ